
# लेखापरीक्षण प्रतिवेदन

# मकवानपुर

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. पुनरावेदन अदालत हेटौडा | ३ |
| | ३.२. मकवानपुर जिल्ला अदालत | ४ |
| | ३.३. पुनरावेदन सरकारी वकिल कार्यालय | ४ |
| | ३.४. जिल्ला सरकारी वकिल कार्यालय | ५ |
| | ३.५. जिल्ला निर्वाचन कार्यालय | ५ |
| | ३.६. अजयदल गुल्म, सुपारेटार व्यारेक | ६ |
| | ३.७. आन्तरिक राजश्व कार्यालय | ६ |
| | ३.८. कालीशक्ति गण (ई) | १० |
| | ३.९. किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द | १० |
| | ३.१०. कृषि तथा वन विश्वविद्यालय, बन संकाय, डीनको कार्यालय | ११ |
| | ३.११. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १२ |
| | ३.१२. घरेलु तथा साना उद्योग कार्यालय | १६ |
| | ३.१३. जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं. ९ | १७ |
| | ३.१४. जिल्ला प्रशासन कार्यालय | २० |
| | ३.१५. जिल्ला प्रहरी कार्यालय | २० |
| | ३.१६. जिल्ला कृषि विकास कार्यालय | २१ |
| | ३.१७. जिल्ला वन कार्यालय | २५ |
| | ३.१८. जिल्ला जनस्वास्थ्य कार्यालय | ३१ |
| | ३.१९. जिल्ला विकास समितिको कार्यालय | ३१ |
| | ३.२०. जिल्ला शिक्षा कार्यालय | ४१ |
| | ३.२१. तथ्याङ्क कार्यालय | ४२ |
| | ३.२२. डिभिजन सडक कार्यालय | ४२ |
| | ३.२३. धरान–चतरा–गाईघाट–कटारी–सिन्धुली–हेटौंडा सडक योजना | ५२ |
| | ३.२४. नयां सबुज गण | ५९ |
| | ३.२५. नं.७ बाहिनी अड्डा | ५९ |
| | ३.२६. वन विज्ञान अध्ययन संस्थान | ६० |
| | ३.२७. भवन प्रविधि अनुसन्धान तथा तालीम केन्द्र | ६० |
| | ३.२८. मध्यमाञ्चन क्षेत्रिय वन निर्देशनालय | ६३ |
| | ३.२९. मध्यपृतना स्थपति सेवा | ६३ |
| | ३.३०. मध्यपृतना हेडक्वाटर | ६३ |
| | ३.३१. मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय | ६४ |
| | ३.३२. मध्यमान्चल क्षेत्रीय मेडिकल स्टोर | ६४ |
| | ३.३३. महिला तथा बालबालिका कार्यालय | ६५ |
| | ३.३४. मालपोत कार्यालय | ६५ |
| | ३.३५. सञ्चार केन्द | ६५ |
| | ३.३६. सिचाई विकास डिभिजन | ६६ |

३.३७. ,हेभी इक्वीपमेन्ट डिभिजन ६९
३.३८. हेटौडा अस्पताल ७०
३.३९. क्षेत्रिय कारागार कार्यालय ७१
३.४०. क्षेत्रीय शिक्षा निर्देशनालय ७२
४. आन्तरिक लेखापरीक्षण ७३
अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क ७४
अनुसूची २ : बेरुजूको स्थिति ७६
अनुसूची ३ : जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण ७८
अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली ७९

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्थाः** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्यः** सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्रः** यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धतिः** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ५६ कार्यालयको विस्तृत र ३० कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

## लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षणः** यस जिल्ला स्थित ८६ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.११ अर्ब ९९ करोड ५७ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू:** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष ४५ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ७२६ र रु ५५ करोड ९२ लाख ९६ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ४० कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका ३२१ दफा र रु.३० लाख ९३ हजार मिलान गरी ४३ कार्यालयको दफा ४०५ र रु.५५ करोड ६५ लाख ८२ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी कार्यालयगत व्यहोरा र बाँकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.३९ लाख ९० हजार असुल भएको छ।

३. **सुझावः** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा
## पुनरावेदन अदालत

१. **शीर्षक फरक**: आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३५(३) अनुसार विनियोजित एक समुहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त भएमा सोही उपशिर्षकको अर्को समुहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी नियम ३८ बमोजिम नियमित गराउनु पर्ने उल्लेख छ। यस अदालतले ४ विभिन्न खर्चको शिर्षक फरक पारीरु.३१६३८४।-खर्च लेखेकोले नियमानुसार नियमित गराएको प्रमाण कागजात पेश गर्नु पर्दछ।

२. **अग्रिम कर:** आयकर ऐन, २०५८ को दफा ८८ मा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने उल्लेख छ। कार्यालयका विभिन्न कम्प्युटर, प्रिन्टर, फोटोकपि मेशिन फ्याक्स लगायतका सामानहरुको चाहिएको बेलामा मर्मतको लागि प्रति महिना रु.१६०००।- पारिश्रमिक पाउने गरी ११ महिनाको लागि हेटौडा उ.न.पा. बस्ने एक व्यक्तिसंग ०७२।५।१ मा संझौता गरी निजलाई एकमुष्ट रु.१६५०००।- मा १ प्रतिशत कर रु.१६५०।- कट्टा गरी भुक्तानी गरेको छ। आयकर ऐन, २०५८ अनुसार १५ प्रतिशत कर कट्टा नगरेकोले नपुग रु.२३१००।- निजबाट असुल गर्नु पर्दछ।

३. **बैठक भत्ता:** अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा कार्य संचालन निर्देशिका, २०७० खर्चको मापदण्ड सम्वन्धि निर्णय तथा कार्यविधिको दफा ७.१.१ अनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने भनि उल्लेख भएको छ। ०७३।०३।१३ बसेको खरिद इकाइ समितिको बैठकमा नि. रजिष्ट्रार समेत ५जनाको रु.४२५०।- २०७३।०३।१३ मा प्रोत्साहन भत्ता मुल्याङन समितिको बैठकमा नि. रजिष्ट्रार समेत ६जनाको रु.१९५५०।- र ०७२।१०।१८मा योजना कार्यान्वयन समितिको बैठकमा मा.न्यायाधिस समेत ५ जनाको रु.६३७५।- गरी जम्मा रु.३०१७५।- बैठक बसेको भनि अदालत भित्रकै कर्मचारीहरुले मात्र बैठक भत्ता बुझेको भरपाइ अनुसार खर्च लेखेकोले कार्यविधि अनुसार नपाउने बैठक भत्ता भुक्तानी गरेको छ।

४. **विल भरपाई:** एक कर्मचारीले सवारी साधनको नविकरण तथा वीमा गर्न भनि लिएको पेश्की रु.१०००००।- बाट ४ वटा सवारी साधन नविकरण गरेको रु.३०३९०।- र वीमा र मर्मत गरेको १२ थान विलको रु.५९९६७।- गरी रु.९०३५७।- मात्रको विल राखी मिति ०७३।३।२८ मा निजले रु.१०००००।-नै पेश्की फछ्र्योटको लागि निवेदन दिएको आधारमा निजको पुरै पेश्की फछ्र्योट गरेको छ। निजले पेश गरेको सवारी साधन नविकरण तथा विमा गरेको खर्चको विल भरपाई भन्दा रु.९६४३।- नपुग भएता पनि कार्यालयले निजको पुरै पेश्की फछ्र्योट गरेकोले नपुग विल भरपाई पेश गर्नुपर्ने अन्यथा रु.९६४३।- असुल गर्नुपर्दछ।

**५** **जिन्सी:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा सार्वजनिक निकायले लगत खडा गरी राखिएको जिन्सी मालसामानको निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिई राख्ने व्यवस्था गर्नुपर्ने, मूल्य र विवरण खुलाई आम्दानी बाध्न लगाउनु पर्ने, मर्मत गराउनु पर्ने तथा मर्मत गर्न नसक्ने सामान भएमा लिलाम विक्री गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सो अनुसारको प्रकृया पुरा गरी कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तयार भएको पाइएन। पुराना कतिपय मालसामानहरुको मूल्य खुलाई राखेको नपाइएकोले नियमानुसार जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी राख्नु पर्दछ।

६. **कानुनको परिपालना:** कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ नियम ८(१) बमोजिम बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो गरेको नदेखिएको, सवारी साधान मर्मत गर्दा म.ले.प.फा.नं २ मा अभिलेख नराखेकोले सुधार गर्न प्रचलित नियम मा भएका ब्यवस्थाको पालना गर्नु पर्ने देखिन्छ।

७. **धरौटी खाता:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) मा धरौटी कारोवारको लेखा गोश्वरा धरौटी खातामा र व्यक्तिगत धरौटी खातामा समेत प्रविष्ट गरी अध्यावधिक राख्नु पर्ने

व्यवस्था छ । अदालतले व्यक्तिगत धरौटी खाता नराखी धरौटी फिर्ता गरेको रु.१७,७०,४६९।- धरौटी रकम सम्बन्धित व्यक्तिगत खातासंग भिडान गर्ने आधार भएन । व्यक्तिगत धरौटी खाता अद्यावधिक रुपमा राख्नुपर्दछ ।

आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद ८ को नियम ६६ (२) बमोजिम धरौटी फिर्ता लिन नआएमा नियम ६६ को उपनियम (९) मा भएको व्यवस्था अनुसार नियम ६७ को कार्यविधि अपनाई कार्यालय प्रमुखले राजस्व आम्दानी बाँध्नु पर्ने व्यवस्था गरेको छ। यस कार्यालयले धरौटीको प्रयोजन समाप्त भएको र प्रयोजन समाप्त नभएको छुट्याई श्रेस्ता खडागरी राख्ने गरेको पाइएन । धरौटी खाता अध्यावधिक गर्ने तर्फ अदालतको ध्यान जानु पर्दछ ।

## मकवानपुर जिल्ला अदालत

१. **भवन निर्माण:** कार्यालयको व्यारेक भवन निर्माण कार्य एक निर्माण व्यवसायीसंग रु.६७,२२,७१२।- मा ठेक्का संझौता भएको र निर्माण व्यावसायीले कार्य सम्पन्न गरी पेश गरेको अन्तिम विल सम्म रु.६७,२१,७३५।- भुक्तानी भएकोमा अन्तिम विलको भुक्तानी दिदां आल्मोनियमको ढोका लगाउने कार्य वापत ३०.४५ वर्गफिटको प्रति रु.९०००।- ले मु.अ.कर समेत रु.३०९६७६।- भुक्तानी गरेको छ। संझौता अनुसार उक्त कार्य प्रति रु.७०००।- मा गरिने उल्लेख गरेकोले प्रति वर्गफिट संझौता भन्दा रु.२०००।- बढी भुक्तानीको आधारले मु.अ.कर समेत रु.६८८१७।- बढी भुक्तानी भएको निर्माण व्यावसायीबाट रु.६८८१७।- असुल गर्नु पर्दछ ।

२. **धरौटी:** आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद ८ को नियम ६६ (२) बमोजिम धरौटी फिर्ता लिन नआएमा नियम ६६ को उपनियम (९) मा भएको व्यवस्था अनुसार नियम ६७ को कार्यविधि अपनाई राजस्व आम्दानी बाँध्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले धरौटीको प्रयोजन समाप्त भएको र प्रयोजन समाप्त नभएको छुट्याई श्रेस्ता खडागरी राख्ने गरेको पाइएन। धरौटीको परीक्षण गर्दा श्रेस्ता अनुसार विगत ३ वर्षको रु.२७८३०८३६।- धरौटी बाँकी रहेको पाइयो । वि.स. २०६५ सालसम्मको आधार लिई व्यक्तिगत धरौटी खाता परीक्षण गर्दा प्रयोजन समाप्त भएका तर सदरस्याहा हुन बाँकी रहेका ६० व्यक्तिहरुको नाममा रहेको धरौटी रु.४,५३,९३५।-उल्लेखित प्रकृया पुरा गरी सदरस्याहा गरी राजस्व आम्दानी बाँध्नुपर्ने देखिन्छ ।यसैगरी २०६६ साल देखि आ.व.२०७२।७३ सम्मको प्रयोजन समाप्त भएका धरौटी रकम छुट्याई सदरस्याहा गर्ने तर्फ कार्यालयको ध्यान दिनु पर्दछ ।

## पुनरावेदन सरकारी वकील कार्यालय

१. **म्याद थप:** एक निर्माण व्यवसायीसँग मिति २०७१।३।२५ गते मू.अ.कर बाहेक रु.२,२०,३१,५४०।– कबोल अंकमा यस कार्यालयको भवन निर्माण गर्न ठेक्का सम्झौता भएको छ। उक्त ठेक्का सम्झौता अनुसार मिति २०७३।३।२५ मा भवन निर्माण कार्य गरिसक्नुपर्ने उल्लेख गरेको छ। उक्त अवधिभित्र भवन निर्माण कार्य सम्पन्न नभएकोले निर्माण व्यवसायीले सम्झौता अवधि थप गर्नका लागि मिति २०७३।२।३२ मा निवेदन दिएको छ । कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम ३ बमोजिम मिति २०७३।३।२६ देखि २०७३।९।२९ सम्म ६ महिना सम्झौता अवधि थप गरिदिएको छ । उक्त थप अवधिमा पनि निर्माण कार्य सम्पन्न भएको देखिँदैन । चालु आ.व.२०७२।७३ को मिति २०७३।३।२५ गतेसम्म उक्त भवन निर्माण कार्यको ७५ प्रतिशत भौतिक प्रगति भएको व्यहोरा भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्रको ०७३।३।२५ को पत्रमा उल्लेख गरेको छ। सो भवनको स्थलगत निरीक्षण गर्दा झ्याल ढोकामा खापा राख्ने, प्लाष्टर गर्ने लगायतका काम बाँकी रहेको हुँदा पटक पटक म्याद थप गरिनु उचित देखिएन । यस सम्बन्धमा सम्बन्धित निकायले ध्यान दिनु पर्दछ ।

२. **बैंक जमानत:** सार्वजनिक खरिद नियमावलीको नियम ११३ को उपनियम ३(१) अनुसार बैक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम ४ अनुसार बैंक जनमातको मान्य अवधि खरिद सम्झौतामा उल्लेख

भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना बढि हुनुपर्ने व्यवस्था गरेको छ। कार्यालयले भवन निर्माण सम्बन्धी ठेक्का नं.१।०७०।७१ मिति २०७१।३।२५ मा निर्माण व्यवसायीसंग रु.२,२०,३१,५४०।- मा ठेक्का सम्झौता गरी निर्माण व्यवसायीलाई रु.४४,००,०००।- पेश्की दिएको छ । कार्य सम्पन्न गर्नुपर्ने म्याद मिति २०७३।३।२५ सम्म चौथो रनिङ्ग बिलको भुक्तानी दिँदा रु.१९,२०,०००।- पेश्की फछ्र्यौट गरी रु.२४,८०,०००।- फछ्र्यौट हुन बाँकी देखिन्छ। उक्त निर्माण व्यवसायीले बैंक ग्यारेन्टी वापत नेपाल बंगलादेश बैंक लि.कमलादी शाखा काठमाडौंको मिति अप्रिल २०,२०१६ देखि जुलाई २०, २०१६(२०७३।४।५) सम्म मान्य अवधि भएको रु.३२,०००००।- बैंक ग्यारेन्टी राखेकोमा बैंक ग्यारेन्टीको म्याद सकिएको देखियो। निर्माण कार्य सम्पन्न भई नसकेकोले मिति २०७३।९।२६ सम्म ठेक्काको म्याद थप भएको सोही थप अवधिको आधारमा पेश्की बैंक ग्यारेन्टीको म्याद समेत थप भएको हुनु पर्नेमा सो नभएकोले पेश्की रकम रु.२४,८०,०००।- जोखिममा पर्ने देखिन्छ। अत कार्यालयले निर्माण व्यवसायीसँग पेश्की रकम खाम्ने गरी बैंक ग्यारेन्टी लिनुपर्ने देखिन्छ।

## जिल्ला सरकारी वकील कार्यालय

१. **प्रोत्साहन भत्ताः** निजामती कर्मचारीको आधिकारिक ट्रेड यूनियनको निर्वाचन गराउन यस कार्यालयबाट कर्मचारीहरु निर्वाचन अधिकृतको कार्यालयमा काज खटिएकोमा काज अबधि भर निजहरुलाई निर्वाचनको कार्यालयबाट खाइपाइ आएको तलबको ५० प्रतिशत प्रोत्साहन भत्ता भुक्तानी गरेको छ। निजहरुलाई यस कार्यालयबाट समेत प्रोत्साहन भत्ता भुक्तानी दिएको छ। यसरी एउटै अवधिको दुई निकायबाट ५ कर्मचारीहरुलाई रु.१,६३,९४९।- प्रोत्साहन भत्ता भुक्तानी दिएको देखिएको हुदाँ दुई निकायबाट प्रोत्साहन भत्ता पाउने आधार नभएकोले असुल गर्नुपर्दछ।

## जिल्ला निर्वाचन कार्यालय

१. **भवन निर्माणः** कार्यालय भवन निर्माण गर्न रु.२,८४,९८,१९३।- को लागत अनुमान तयार गरी मिति ०६९।२।१३ मा गोरखापत्रमा सिलबन्दी वोलपत्र आव्हान गरेको छ। १० वटा वोलपत्र पेश भएको मध्ये सवैभन्दा कम कवोल गर्ने एक निर्माण व्यवसायीको रु.१,७२,४०,८९०।-को बोलपत्र स्विकृत गरी मिति ०६९।३।२८ मा संझौता भएको छ। संझौता अनुसार २ वर्ष भित्र अर्थात ०७१।३।२७ सम्ममा कार्यसम्पन्न गर्नु पर्ने उल्लेख छ। सो अवधि भित्र कार्य सम्पन्न हुन नसकी प्रथम पटक मिति ०७१।३।२६ को निर्णयले ०७१आस्विन मसान्त सम्म म्याद थप गरिएको छ। सचिवस्तरको मिति ०७१।६।५ को निर्णयले दोस्रो पटक ०७१ पौष मसान्त तक र मिति ०७१।१०।५ सचिवस्तरबाट तेस्रो पटक ०७१ चैत्र मसान्त तक म्याद थप गरिएको छ। त्यस्तै गरी सचिवस्तरबाट ०७२।४।१९ को निर्णयले चौथो पटक ०७२ असोज मसान्त तक र ०७२।१०।३ को निर्णयले पांचौ पटक ०७२ फागुण मसान्त सम्म म्याद थप गरी कार्य सम्पन्न गरेको छ। म्याद थप गर्दा बांकी कामलाई लाग्ने अवधि, हालसम्म भए गरेको कामको प्रगति म्याद थप गर्नु पर्ने स्पष्ट कारण खुलाउनु पर्नेमा खुलाएको छैन। उक्त निर्माण सेवालाई जम्मा रु.१,६०,८६,५९१।- भुक्तानी भएको छ। म्याद थप गर्दा हर्जाना लगाएको छैन। भवन निर्माणको लागि लागत अनुमान तयार गर्दा ४७७.४६ घ.मी वोल्डर मिसिएको माटो खन्ने काम देखाइएकोमा स्थलगत निरीक्षण गर्दा नरम माटो देखिएको छ। सम्पन्न भएको भवनको ढोकाहरुमा काचो सखुवाको काठ प्रयोग भएको छ। कार्यालय भवन सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदनमा भवन प्राविधि तथा अनुसन्धान तालिम केन्द्रले कमसल काठ प्रयोग गरेको भनि रु.१,०७,३४७।- कट्टा गरेको छ। भवनको चारै तिर पेटी बनाएको पनि छैन। भवन बनाएको स्थानमा माटो फिलिङ गर्न रु.९,६६,३६८।-को लागत अनुमान तयार गरी स्थानीय दैनिक पत्रिकामा सिलबन्दी दरभाउपत्र माग गरेकोमा ३ वटा दरभाउ पत्र पेश भएको मध्ये सवैभन्दा कम कबोल गर्ने एक निर्माण व्यवसायीको रु.८,५२,२८८।- को दरभाउ पत्र स्विकृत गरी ०७२।११।२७ मा संझौता भएको र संझौता अनुसार ०७३।२।१५मा कार्य सम्पन्न

गर्नुपर्ने उल्लेख छ । भवन निर्माण भएको कम्पाउण्ड जमिनको सतह धेरै नै होचो देखिएको छ । भवनको पछाडी पट्टी विम भन्दा बाहिरबाट वाल लगाएको छ । थप माटो फिलिङ गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

## अजयदल गुल्म

१. **बायो ग्याँस:** यो वर्ष वायोग्यास प्लान्ट निर्माण कार्यको लागि रु.४०,०००।- बजेट व्यवस्था भएकोमा विभिन्न सप्लार्यहरुसंग प्लान्ट निर्माणको लागि आवश्यक निर्माण सामान खरिद गरेको भनि रु.४०,०००।- खर्च गरकोमा वायोग्यास प्लान्टको संरचना नै निर्माण नगरी निर्माण सामानहरु मात्र संकलन गरी राखेकोले निर्माण कार्य सम्पन्न भएको छैन ।

## आन्तरिक राजस्व कार्यालय

१. **अनुगमन:** कार्यालय अन्तरगत दर्ता भएका करदाताहरुले आर्थिक वर्ष २०७२।७३ को अषाढमा ५१४ डेबिट कर विवरण पेश गरी रु.६,१९,२७,१००।- डेबिट रकम देखाएकोमा सो सबै डेबिट रकम दाखिला गरे नगरेको सम्बन्धमा नियमित रुपमा अनुगमन हुनु पर्दछ । साथै आयकर तर्फ आय विवरण पेश नगर्ने ६०८७ करदाताहरुले आर्थिक कारोबार गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन हुनु पर्दछ ।

२. **लागत कट्टा:** यो वर्ष लागत कट्टा भएको मध्ये कर फछ्र्योट आयोगको निर्णय अनुसार १८ वटा करदाताले लागत कट्टा गरेको रकम भिडान गरी कर फछ्र्योट आयोगको निर्णयानुसार विगत देखि आयकर तथा मुल्य अभिबृद्धि कर बक्यौता रहेका करदाताको निर्धारण भएको आयकर तथा मुल्य अभिबृद्धि करको तिर्नुपर्ने बक्यौता रकममा आयोगले देहायमा उल्लेख भए अनुसार कर बक्यौता फछ्र्योटको सम्झौता गरेको र सो आधारमा कार्यालयले करदाताको बक्यौता रु.८४,८६,९११।- लगत रकम हटाएको छ ।

३. **वक्यौता:** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७३ आषाढ मसान्त सम्म ७०१ करदाता कर वापत रु.४०७६०१२८।- दाखिला गर्न बांकी रहेको छ । जसमध्ये रु.१ लाखभन्दा बढि बांकी राख्ने ८५ करदातासंग मात्र रु.३३२६२४६२।- बांकी रहेको छ । मूल्य अभिवृद्धि कर बांकी राख्ने मुख्य १० करदाताको वक्यौता रु.१,६०,४७,७५१।- रहेको छ ।

४. **मूल्य अभिबृद्धि कर बक्यौता:** मूल्य अभिबृद्धि कर विवरण बुझाउन बांकी राख्ने ७०१ करदाताहरुमध्ये रु.१ लाख भन्दा बढि बांकी भएका करदाताहरुको विश्लेषण गर्दा सबैभन्दा बढि अवधिको कर विवरण बुझाउन ८ करदाताहरुको रु.१८६९३८५।-रहेको छ । सो बक्यौता आ.व. २०५५।५६ देखि २०६२।६३ सम्मका छन् ।

५. **कर असुल बांकी:** कार्यालय अन्तरगत रहेका करदाताहरुमध्ये विभिन्न करदाताहरुसंग मिति २०७३ आषाढ मसान्तसम्म आयकर रु.२३६३२५७५।- अन्त:शुल्क रु.१८००७४२।- स्रोतमा कट्टीकर रु. १८१९४१३।- बिक्री कर रु.१,१७,१५,१४८।- शिक्षा कर रु.१०७६१।– विशेष कर रु.५२४१७।- गरी रु.३९०३१०५७।- कर रकम असुल गर्न बांकी रहेको छ ।रकम बक्यौता राख्ने करदाताहरुमध्ये पुनरावेदनका लागि राजश्व न्यायाधिकरण एवं प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजश्व विभागमा गएका बाहेक सबैभन्दा बढि कर रकम बक्यौता हुने १२ करदाताको रु.१८९०९७३७/- रहेको छ ।

६. **आयकर तथा अन्त:शुल्क:** आर्थिक वर्षको अन्तमा असुल गर्न बांकी आयकर तथा अन्त:शुल्क (मूल्य अभिबृद्धि कर बाहेक) वक्यौता राजस्व रु.४६८७११७२/- मध्ये ६ करदाताको कर निर्धारणका सम्बन्धमा राजश्व न्यायाधिकरणमा पुनरावेदन परेको कारणबाट कर रकम विवादित रहेको कार्यालयको अभिलेखबाट देखिन्छ ।

७. **शिक्षा सेवा शुल्क:** नेपाल सरकारले निजी शिक्षण संस्थाले उठाउने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा शिक्षा सेवा शुल्क असुल गर्ने व्यवस्था गरेको छ तर यस्ता संस्थाहरुले भर्ना शुल्क तथा मासिक शिक्षण शुल्कका अलवा मासिक रुपमा अन्य शुल्कहरु समेत उठाउने गरेको देखिन्छ । ७ शिक्षण संस्थाहरुले शिक्षा सेवा शुल्क लाग्ने भर्ना शुल्क तथा मासिक शिक्षण शुल्क कम लिई अन्य शुल्कहरु मासिक रुपमा बढि लिने गरेको पाइयो । शिक्षण संस्थाले विद्यार्थीबाट लिने कुल शुल्कमध्ये ५३ प्रतिशतसम्म कर नलाग्ने गरी अन्य शुल्क उठाएको पाइयो । यसबाट राज्यले प्राप्त गर्ने राजश्व गुमेको अवस्था छ । तसर्थ भर्ना तथा अन्य शुल्क सम्बन्धि मापदण्ड निर्धारण हुनु पर्दछ ।

८. **व्याज खर्च** : एक ग्साँस कारोबार गर्ने करदाताले २०७१।०७२ को कर परीक्षणको क्रममा आयकर ऐन, २०५८ को दफा १४ बमोजिम व्याज खर्च कट्टि रु.३४,५०,२१६।- लिएकोमा सो प्रमाणित हुने कुनै पनि बैंक वा वित्तीय संस्थाबाट व्याज खर्च भुक्तानी सम्बन्धमा कागज तथा प्रमाण पेश नगरेकोले उद्योगको व्याज खर्च गरेको एकिन हुन नसकेकोले सो व्याज खर्च रु.३४५०,२१६।- सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम २५% ले हुन आउने आयकर रु.८,६२,५५४।- सोही ऐनको दफा १२० (क) बमोजिम ५०% जरीवाना रु.४,३१,२७७।- र व्याज सहित रु.१२९३८३१/- असुल गर्नुपर्दछ ।

सोही करदाताले प्रशासनिक खर्च अन्तर्गत भूकम्प राहत शीर्षकमा रु.२,०३,५२०।- खर्च कट्टि दावी गरेकोमा सो खर्च प्रधानमन्त्री राहत कोष वा दैवी प्रकोप उद्धारसमिति मार्फत वा करदाताकै खाता रकम खर्च नभएको पाइएकोले करदाताले खर्च कट्टि पाउने नदेखिएकोले आयकर ऐन २०५८ बमोजिम रु.२०३५२०।- को २५% ले हुने आयकर रु.५०८८०।- सोही ऐन दफा १२०क बमोजिम लाग्ने ५०% जरिवाना रु.२५४४०।- र व्याज सहित रु.७६३२०/- असुल गर्नुपर्दछ ।

९. **अन्तिम मौज्दात** :एक करदाताको पूर्ण करपरीक्षणको क्रममा स्थलगत निरीक्षण भई मौज्दात खाता बमोजिम करदातासँग भएको मौज्दात भिडान भएपनि करदाताले २०७१।७२ को अन्तिम मौज्दातको परिमाण, मूल्य र दर सहितको विवरण पेश नगरेको देखिएको अन्तिम मौज्दात रु.१,१२,३२,२२४।- नभिडेको हुँदा सोमा करदाताले दावी गरेको मू.अ.कर.क्रेडिट रु.१४६०१८९।- अमान्य गरी मू.अ.कर ऐन, २०५८ को दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना रु.१४६०१८९।- एवं सोही ऐनको दफा १९ र २६ बमोजिम लाग्ने थप दस्तुर व्याज समेत रु.२९२०३७८/-असुल गर्नुपर्दछ ।

सोही करदाताले प्रशासनिक खर्च अन्तर्गत प्रशासनिक कर्मचारी तलब /खर्च शीर्षकमा रु.७,९९,५००।- कट्टि दावी गरेकोमा करदाताले सो तलब खर्चको तलब विवरण पेश नगरेको तथा सो खर्च बमोजिम लाग्ने पारीश्रमिकमा आधारित सा.सु.कर तथा पारिश्रमिक करको भौचर समेत पेश नभएको पाइएकोले सो खर्च कट्टि गर्ने आधार नरहेकोमा आयकर ऐन, २०५८ बमोजिम २५% आयकर रु.१,९९,८७५।-, सोही ऐनको दफा १२०क बमोजिम ५०% जरिवाना रु९९९३६।- तथा पारिश्रमिक कर समेत रु.२९९८१२/- असुल गर्नुपर्दछ ।

१०. **वित्तीय विवरण:** एक करदाताले पेश गरेको २०७१।७२ का वित्तीय विवरणमा बैंक ऋण देखाई सो वापत रु.४३०२८३।- ब्याज खर्च दाबी गरेकोमा सो को विवरण समेत संलग्न नराखेकोले रु.४३०२८३/- असुल गर्नुपर्दछ ।

११. **व्याज, शुल्क तथा जरिवाना:** करदाताहरुले देखाएको खरिद तथा विक्री रकम एक आपसमा भिडान हुनु पर्दछ । एक करदाताले देखाएको खरिदलाई अर्को करदाताले विक्री नदेखाएको मिसम्याच रिर्पोटबाट देखिएको विक्री रु.२,६५,४१,१२९।-मा आर्थिक ऐन, २०७२ अनुसार आयकर दाखिला गरेको प्रमाण पेश गर्ने अन्यथा आयकर ऐन, २०५८ को दफा ७ बमोजिम व्यवसायको आयमा समावेश गरी सोही ऐनको अनुसूचि १ अनुसार २५ प्रतिशतले लाग्ने आयकर रु.६६३५२८२।- व्याज, शुल्क तथा जरिवाना सहित रु.६६३५२८२/- असुल गर्नु पर्दछ । उपरोक्त अनुसार Reported PAN ले बिक्री नदेखाएको रकम रु.२,६५,४१,१२९।- मा मू.अ.कर ऐन, २०५२ अनुसार मूल्य अभिबृद्धि कर दाखिला गरेको प्रमाण पेश गर्ने अन्यथा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशतका दरले हुने मूल्य अभिबृद्धि कर रु.३४,५०,३४७।- व्याज, जरिवाना, शुल्क सहित रु.३४,५०,३४७/- असुल गर्नु पर्दछ ।

१२. **मूल्य अभिबृद्धि कर:** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ मा नेपालभित्र आपूर्ति भएका वस्तु वा सेवामा, नेपालभित्र आयात गरिएको वस्तु वा सेवामा तथा नेपालबाहिर निर्यात गरिएको वस्तु वा सेवामा तेह्र प्रतिशतको एकल दरले तथा सोही ऐनको अनुसूची २ मा उल्लिखित वस्तु वा सेवाको कारोबारमा शून्य दरमा कर लाग्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष रु.३८,३०,१४,०००।- मूल्य अभिबृद्धि कर असुल गर्ने लक्ष्य राखेकोमा रु.३४,८५,१९,०००।-असुल गरेको छ ।

१३. **मूल्य अभिवृद्धि करमा दर्ता** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा सरकारी निकाय, सार्वजनिक संघ, संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक वीस लाख रुपैयाँभन्दा बढीको ठेक्कापट्टा दिंदा वा वार्षिक एक लाख रुपैयाँभन्दा बढीको परामर्श सेवा लिंदा दर्ता भएको व्यक्तिसँग मात्र दिनु लिनु पर्ने व्यवस्था रहेको छ । यस कार्यालयको कार्यक्षेत्रमा रहेका करदाताले पूंजीगत समान खरिद गरेकोमा मूल्य अभिबृद्धि करमा दर्ता भएका करदाताबाट गराएको कागजात आयकर ऐन, २०५८ को दफा ८३(१) बमोजिम माग गरेको देखिएन ।

१४. **अन्तःशुल्क:** अन्तःशुल्क ऐन, २०५८ को दफा ३ मा अन्तःशुल्क लाग्ने वस्तु वा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्काशन गर्दा, पैठारी गर्दा र सेवा विक्री गर्दा अन्तःशुल्क लाग्ने व्यवस्था रहेको छ भने दफा ४ बमोजिम अन्तःशुल्क असुली गर्नु पर्ने व्यवस्था रहेको छ । यस प्रयोजनका लागि दफा ९ अनुसार इजाजत लिनु पर्ने व्यवस्था गरिएको छ । यस वर्ष कार्यालयले रु.६१ करोड ७६ लाख ७२ हजार अन्तःशुल्क असुल गर्ने लक्ष्य राखेकोमा रु.४८ करोड २५ लाख ३४ हजार अर्थात लक्ष्यको ७८.१२ प्रतिशत मात्र असुल भएको देखाएको छ ।

१५. **संरचना निर्माणमा मूल्य अभिवृद्धि कर:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु.५० लाख भन्दा वढीको भवन, अमार्टमेन्ट वा सपिङ कम्प्लेक्स र विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता भएको व्यक्तिवाट गराएको छ भने पनि दर्ता भएको व्यक्तिवाट गरे सरह मानी यस्तो संरचनाको स्वामित्व रहेको व्यक्तिवाट कर निर्धारण गरी असुल गरिने व्यवस्था छ । एक करदाताको २०७२।०७३ मा रु.६,४४,४६,७४७।- संरचना थप गरी पूँजीकरण गरेको स्थितिमा मू.अ.कर दर्ता भएका व्यक्तिबाट गराएको नदेखिएकाले यसबाट मूल्य अभिवृद्धि कर संकलन हुन नसकेको अवस्था देखिएकाले करपरीक्षण गरी छुट भएको मूल्य अभिवृद्धि कर रु.८३,७८,०७७।- तथा शुल्क समेत रु.८३७८०७७।- असुल गर्नुपर्दछ ।

**१६.** **मू.अ.कर निर्धारण** : एक करदाताको २०६९।७० देखि २०७१।७२ सम्बन्धमा करदाताले पेश गरेको वित्तिय विवरण अध्ययन गर्दा ट्रक तथा बस संचालन तर्फको रु.८१,०८,१५०।- देखाएको पाईयो ।

सो आम्दानी संघले ट्रकमा लोड गरेको सामानको तौल लिनको लागि तौल (कट्टा) मेशिन राखी सो तौल मेशिनमा ट्रकवाट तौल लिए वापत शुल्क लिने गरेको । करदाता सामाजिक सेवाको उद्देश्यले दर्ता भएको भएता पनि यसले व्यापार व्यवसाय पनि गरेको पाईयो । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (१)(क) वमोजिम मू.अ.कर असूल गरेको पाईएन । मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम (छ) वमोजिम विगत वाह्र महिना वस्तुको हकमा पचास लाख रुपैयांसम्म र वस्तु तथा सेवा मिश्रित कारोवार र सेवाको हकमा दश लाख रुपैयांसम्मको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार मू.अ.करमा दर्ता गराउनु पर्ने छैन भन्ने व्यवस्था रहेको छ । करदाताले सेवा सम्वन्धी कारोवार गरेको पाईयो र उक्त आम्दानी दश लाख भन्दा माथि देखिएको हुंदा मू.अ.कर असुल गर्नु पर्ने देखिनुका साथै करदाताले विगत वर्षहरुमा समेत तौल मेशिनवाट आम्दानी देखाएको हुंदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिमको १३% मू.अ.कर सोही ऐनको दफा २९(२) बमोजिम जरिवाना तथा दफा १९(२) बमोजिम थप दस्तुर र दफा २६ बमोजिमको व्याज समेत गणना गरी ऐनको दफा २०(४) वमोजिम विगत वर्षहरुको समेत मू.अ.कर निर्धारण गरी रु.७५७८७७८/- असुल गर्नुपर्दछ ।

- प्रस्तुत करदाताले पेश गरेको २०७२।७३ को वित्तीय विवरण अध्ययन गर्दा उपदान कोष खर्च व्यवस्था भनी रु.२,५७,७९,५०४।- खर्च Provision गरेको देखिन्छ । उक्त उपदान व्यवस्था आयकर ऐन २०५८ अनुसार नमिलेकोले सो खर्च अमान्य गरी आयकर ऐन २०५८ को अनुसूची १ अनुसार २५ प्रतिशतले हुने आयकर रु.६४,४४,८७६।- तथा शुल्क र व्याज समेत छानबिन गरी रु.६४४४८७६।- असुल गर्नुपर्दछ ।
- प्रस्तुत करदाताले पेश गरेको आ.व. २०७२।७३ को वित्तीय विवरण अध्ययन गर्दा सवारी धनी हितकोष खर्च व्यवस्था भनी रु.९०,००,०००।- खर्च Provision गरेको देखिन्छ । उक्त उपदान व्यवस्था आयकर ऐन २०५८ अनुसार नमिलेकोले सो खर्च अमान्य गरी आयकर ऐन २०५८ को अनुसूची १ अनुसार २५ प्रतिशतले हुने आयकर रु.२२,५०,०००।- तथा शुल्क र व्याज समेत छानबिन गरी रु.२२५००००।- असुल गर्नुपर्दछ ।
- प्रस्तुत करदाताले पेश गरेको २०७२।७३ को वित्तीय विवरण अध्ययन गर्दा प्रशासनिक खर्च अन्तर्गत साधारण सभा खर्च रू.१८५७२४६।- र अतिथि सत्कार तथा जनसम्पर्क खर्च रू.४०८२२४।- गरी जम्मा रू.२२६५४७०।- दाबी गरेको खर्च अस्वभाविक रुपमा बढि देखिएको ले रु.२२६५४७०/- को प्रमाण छानबिन गर्नुपर्दछ ।

१७. **मूल्य अभिबृद्धि कर फिर्ता:** एक करदाताले आन्तरिक राजस्व कार्यालय हेटौडाको मिति २०७३।०३।१७ को स्वीकृत कर फिर्ता प्रतिवेदन अनुसार रु.६४,२१,४९८।- मू.अ.कर फिर्ता पाएकोमा करदाताले आ.व. २०७२।७३ को आय विवरण पेश गर्दा सो रकम आयमा समावेश गरेको नपाईएकोले आयकर ऐन २०५८ को अनुसूची १ बमोजिम २० प्रतिशतले हुने रु. १२८४३००।- तथा शुल्क र व्याज समेत छानबिन गरी रु.१२८४३००।- असुल गर्नुपर्दछ ।

१८. **कारोबार फरक पारेको:** एक करदाताले विभिन्न करदातासंग २०७१।०७२ मा रु.३२,२१,९३७।- खरिद गरेको मिसम्याच रिपोर्टबाट देखिन्छ । करदाताले मिति २०७२।०४।२५ मा स्वयम घोषणा गरी पेश गरेको आय विवरणमा रु.८५,८७७।- को बिक्री देखाएकोले कारोबार नदेखाएको फरक बिक्री रु.३१,३६,०६०।– मा आयकर ऐन २०५८ को अनुसूची १ बमोजिम २५ प्रतिशतले हुने आयकर रु. ७८४०१५।- तथा दफा १२० बमोजिमको शुल्क र व्याज समेत छानबिन गरी रु.७,८४,०१५।- असुल गर्नुपर्दछ ।

१९. **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ अनुसार आय वर्ष समाप्त भएको ३ महिनाभित्र स्वयमकर निर्धारण गरी आय विवरण पेश गर्नुपर्दछ । यस कार्यालयको क्षेत्रभित्र दर्ता भई स्थायी

लेखा नम्बर लिएका देहायका करदाताले मू.अ.कर विवरणमा तपसिल बमोजिम कारोबार गरेको देखिन्छ । आय विवरण पेश नगरी मू.अ.कर विवरण मात्र पेश गर्ने करदाताको अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ । आय विवरण पेश नगरेका ५ करदाताहरुको मू.अ.कर विवरणबाट विक्री एकिन गरी विगतको आयको कुल नाफा अनुपात तथा त्यस्तै कारोबार गर्ने करदाताको कुल नाफा अनुपातको आधारमा कार्यालयले ऐन दफा ९९(२) बमोजिम विवरण पेश गर सरह मानी ऐनको दफा १०१ बमोजिम कर निर्धारण नभएकोले संशोधित कर निर्धारण गरी कर रु. ९,३२,६३३।– ऐनको दफा १२० ख बमोजिम लाग्ने शल्क रु.९,३२,६३३।– र शुल्क र व्याज गणना गरी रु.१८६५२६६।– असुल गर्नुपर्दछ ।

## कालीशक्ति गण(ईन्जीनियरिङ)

१. **बायोग्यास प्लान्टः** यो वर्ष वायोग्यास प्लान्ट निर्माण कार्यको लागि ८०,०००।– बजेट व्यवस्था भएकोमा एक सप्लायर्स हेटौंडासँग उक्त वायोग्यास प्लान्ट निर्माणको लागि आवश्यक वालुवा, ढुङ्गा, गिट्टी र रड आदी खरिद गरेको भनि रु.८०,०००।– भुक्तानी गरेकोमा वायोग्यास प्लान्टको संरचनानै निर्माण नगरी निर्माण सामानहरु मात्र संकलन गरी राखेकोले निर्माण कार्य सम्पन्न भएको छैन ।

२. **पुनर्निमाण**: मकवानपुर जिल्लाको निबुवाटारमा भूकम्पबाट प्रभावित परिवारहरुलाई सामुहिक आवासको ८ कोठे भवन निर्माणको लागि आवश्यक पर्ने निर्माण समाग्री खरिद गर्न रु.१८,४४,०७९।- मू.अ.करबाहेक को लागत अनुमान तयार गरी २०७३।२।२४ मा गोरखापत्रमा सिलबन्दी दरभाउपत्र माग गरेकोमा ३ वटा दरभाउपत्र पेश भएको मध्ये सबैभन्दा कम कबोल गर्ने एक सप्लायर्सको रु.१८,७३,०४८।- मू.अ.कर बाहेक को दरभाउ पत्र स्विकृत गरेको छ । सम्झौता अनुसारको निर्माण सामाग्री आपूर्ति गर्न यस कालिशक्ति गणले सो निर्माण कार्य सम्पन्न गरी रु.२४,७१,५४८।- को कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ । सो स्थानमा स्थलगत निरीक्षण गर्दा ८ परिवार भवन र शौचालय निर्माण सम्पन्न भएको पाईयो । सो भवनमा भूकम्प पिडित जनता बस्ने गरेको पाइएन र प्रयोग विहिन अवस्थामा रहेका देखिएको छ । हाल उक्त भवन गा.वि.स.को जिम्मामा रहेका स्थलगत निरीक्षणबाट देखिएको छ ।

## किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र

१. **सहभागी भत्ताः** ल्याव टेक्निसियन र ल्याव असिस्टेन्टहरुका लागि मलेरिया माइक्रोस्कोपी सम्बन्धि १० दिने रिफ्रेसमेन्ट ल्याव तालिम संचालनको लागि ल्या.टे.रामबालक रायले तालिम कार्यक्रम संचालन गर्दा लिएको पेश्की रु.३,००,०००।- फछ्र्यौटमा तालिम कार्यक्रम झापा, मोरंग, सिन्धुपाल्चोक, धनुषा, सिन्धुली, महोत्तरी, सर्लाही, बारा, रौतहट, चितवन, कास्की र बैतडी गरी १२ जिल्लाका ल्याव टेक्निसियन वा ल्याव असिस्टेन्टहरु मध्ये १ जना सहभागी गराउनुपर्ने व्यहोराको पत्रबाट देखिएको हुँदा सो सम्बन्धमा मकवानपुर जिल्लास्थित प्रा.स्वा.के.का २ जना ल्या.अ.लाई रु.२७,१००।- दैनिक भ्रमण भत्ता वितरण गरेको आधार प्रष्ट भएन । नतोकिएको जिल्लाको सहभागीहरुलाई सो भत्ता वितरण गर्न नमिल्ने देखिन्छ ।

२. **अनुगमन मुल्यांकनः** तालिम केन्द्रबाट संचालित कार्यक्रमहरुको सुपरिवेक्षण निरिक्षण तथा अनुगमन (खर्च/वित्तिय संकेत नं. २२६११) मा विनियोजित रु.३,५५,०००।-मा रु.३,५३,४६५।- निकासा तथा खर्च भएको छ। सुपरिवेक्षण निरिक्षणको उद्देश्य कार्यक्रमको मूल्यांकन गर्ने, गल्ती कमजोरीहरुलाई समयमा नै सुधार गर्नु हो । सुपरिवेक्षण निरीक्षणको उद्देश्य हाँसिल गर्नका लागि निश्चित मापन योग्य सुचक एवं चेक लिष्टको विकास गर्ने, सोही आधारमा गरिएको समिक्षा मूल्यांकन अनुगमन प्रतिवेदन कार्यालयमा प्रस्तुत गरी प्रतिवेदनको आधारमा पृष्ठपोषणबाट कार्यक्रम कार्यन्वयनमा सुधार एवं परिमार्जन गर्नुपर्दछ।

३. **छात्रावासः** छात्रावासको गत वर्षको मौज्दात जिम्मेवारी रु.६०२८९६।- र यस वर्षको आम्दानी रु.४६७९५०।- समेत रु.१०,७०,८४६।- मध्ये रु २,५५,८००।- खर्च भई रु ८,१५,०४६।०३ बाँकी रहेको छ । छात्रावास तर्फ २०५६ सालदेखि ३ जना कर्मचारी करारमा नियुक्ति गरी तलब भत्ता भुक्तानी गर्दै आएकोमा यस आ.ब. मा समेत रु.२,२५,६००।- रकम तलब भत्ता भुक्तानी गरेको छ । करार सेवामा नियुक्त कर्मचारीलाई प्रत्येक वर्ष करार सम्झौता वा नवीकरण गरी म्याद थप गर्दै आउनुपर्नेमा सो वमोजिम नगरी तलब भुक्तानी गर्दै आएको छ । समितिको आवश्यकता अनुसार प्रत्येक वर्ष दुवै पक्षले करार सम्झौता गरेर मात्र तलब भत्ता खर्च लेखिनु पर्छ भनी गतवर्षको प्रतिवेदनमा औंल्याएकोमा आ.ब.मा पनि सुधार भएको छैन ।

४. **पोशाक खर्चः** अनुसन्धान तथा तालिम केन्द्रको छात्रावासतर्फको खर्चमा समावेश गरी कार्यालयका कार्यकारी निर्देशकले आ.व.२०६९।०७० देखि २०७२।७३ सम्मको पोशाक खर्च रु.७५००।- दरले ४ वर्षको रु.३०,०००।- मा १ प्रतिशत कर कटाई रु.२९७००।- भुक्तानी लिएको देखिएको छ । चालु शिर्षकबाट चालु आ.व.को मात्र पोशाक खर्च लिन पाउनेमा सो नगरी कार्य संचालन कोषतर्फबाट खर्च लेखेको रकम नियमसँगत देखिँदैन ।

५. **वस्तुगत सहायता** : संयुक्त राष्ट्र संघ विश्वस्वास्थ्य संगठनले यस कार्यालयलाई अप्टीकल माइक्रोस्कोप लगायत ६ आइटमहरु जापानमा खरिद गरी जापानी येन २७,१६,५००।- को वस्तुगत सहायता पठाई यस कार्यालयमा ०७२।७३ मा जिन्सी आम्दानी बाँधेको देखिन्छ । सोको हिसाब मिलान तथा वार्षिक कार्यक्रमको प्रगति देखाउनको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, मकवानपुरको च.नं.३६६ मिति २०७३।३।३० मा खर्च शीर्षक नं. २६४१२ अन्तर्गत रु.२८,०५,५६९।- भुक्तानी आदेश बमोजिम २०७३।३।३० मा खर्च देखाइएको छ ।

## कृषि तथा वन विश्वविद्यालय, बन संकाय, डीनको कार्यालय

१. **स्थिर सम्पत्तिः** यस विश्वविद्यालयलको वन विज्ञान संकाय तर्फ २०७३ अषाढ मसान्तमा सवारी साधन, फर्निचर लगायत ८ किसिमका स्थिर सम्पत्तिहरुमा गत वर्ष सम्मको रु.८८,७४,०५४।९३ रहेकोमा यस आ.व.मा थप रु.३१३५५९९।- गरी जम्मा १२००९६५४।- रहेका छन । यस विश्वद्यिालयले ह्रासयोग्य स्थिर सम्पत्तिहरुमा उपयोग अवधि र उपयोगको तरिकाको आधारमा नेपाल लेखामान १६ अनूसार ह्रास कट्टी गनूपर्ने प्रावधान रहेकोमा सो हाल सम्ममा पनि गर्ने गरेको पाईएन ।

२. **गत वर्षको खर्चः** गत आर्थिक बर्षसंग संवन्धित खर्चहरु रु.१०२८५७।- लाई समेत यस बर्षको बजेट ब्यवस्थाबाट खर्च गरेको छ । यसरी खर्च लेख्न मिल्ने देखिदैन ।

३. **लेखा शीर्षकः** त्रि.वि.आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम २०५० को नियम २४(८) मा सम्बन्धित बजेट शीर्षकमा रहेको रकम अपर्याप्त  भएमा कारण खूलाई केन्द्रीय कार्यालयको स्वीकृति लिई मात्र खर्च लेख्न मिल्ने व्यवस्था भएकोमा कार्यालयले ३ शिर्षकमा रु.१५५४३०।- फरक पारी खर्च लेखेको छ । यसरी शिर्षक फरक पारी खर्च लेखेकोमा केन्द्रीय कार्यालयको स्विकृति लिएको देखिंदैन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

४. **धरौटी तथा दायित्वः** गत वर्ष धरौटी तथा दायित्व रु.५२,९५,४४९।- देखिएकोमा यो वर्ष रु.१,८१,३६,३७९।- थप भई जम्मा धरौटी रु.२,३४,३१,८२९।- पुगेकोमा रु.८२,९८,३२९।-धरौटी फिर्ता भई आ.व.को अन्तमा रु.१,५१,३३,४९९।- वांकी देखिन्छ । अनुसुची २ क को  फा.नं.४१ अनुरुपको ढांचा अनुसार धरौटीको पूर्ण विवरण तयार गर्ने गरेको नदेखिएकोले अनुसुचीमा उल्लेख गरे बमोजिमको ढांचामा अभिलेख राखिनुपर्दछ ।

५. **बैंक हिसावः** कार्यालयले बर्षान्तमा श्रेस्ता अनुसारको मौज्दात रकम र बैंक अनुसारको मौज्दात रकम फरक परेमा बैंक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ ।  कार्यालयले नियमिततर्फ श्रेस्ता

अनुसार बैंक मौज्दात रु.३,४०,७६,२१२।- र बैंक स्टेमेन्ट अनुसार बैंक मौज्दात रु.३३३५५१३७।- देखाएकोमा रु.७२१०७४।- फरक देखिएकोमा बैंक हिसाव मिलान विवरण तयार गरेको पाइएन । कार्यालयले बैंक हिसाव मिलान विवरण तयार गरी फरक परेको रकम हिसाव मिलान गर्नुपर्दछ ।

६. **खरिद योजना**: सार्बजनिक खरीद नियमावली २०६४ को नियम ८ मा सार्बजनिक निकायले बार्षिक रु १० लाख भन्दा बढी रकमको खरीद गर्नु पर्ने भएमा बार्षिक खरीद योजना तयार गर्नु पर्ने ब्यबस्था छ । कार्यालयले यो बर्ष पुजिगत खर्चतर्फ सम्पत्ति, सामाग्री जम्मा रु ३१,३५,५९९/- को निर्माण कार्य तथा परामर्श सेवा खरिद गरेकोमा बार्षिक खरिद योजना तयार गरेको पाईएन । बार्षिक खरिद योजना तयार गरेर मात्र खरिद कार्य गर्नु पर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **आयोजना सम्पन्न**: यस वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार १० आयोजनाको निर्माण कार्य यस वर्ष सम्पन्न गर्ने लक्ष्य भएपनि सम्पन्न भएको पाइएन:

२. **बजेटभन्दा बढी खर्च**: यस वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार १० आयोजनाको निर्माण कार्य गर्न विनियोजन रकमभन्दा बढी रु.१३ लाख ६ हजार खर्च भएकोमा कार्यक्रम संशोधन भएको नपाइएकोले उक्त खर्च रकम आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३८ बमोजिम नियमित भएको देखिएन ।

३. **कार्यक्रम स्वीकृत**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा नियम २२ बमोजिम खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ ।कार्यालयमा यस वर्ष खर्च गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा २ ब.उ.शी.न मा आषाढ महिनामा प्राप्त अख्तियारी रु.४ करोड ३६ लाख रहेको छ ।

४. **चौमासिक तथा आषाढ महिनाको खर्च**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति तयार गर्नु पर्ने व्यवस्था रहेको छ । निर्धारित चौमासिकमा कार्यक्रम वा क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यालयको यस वर्षको चौमासिक अनुसारको खर्चको अवस्था हेर्दा कुल खर्चमध्ये तेस्रो चौमासिकमा ७८.१५ प्रतिशत तथा आषाढ महिनामा ४९.३५ प्रतिशत खर्च गरेको पाइयो । यसमा सुधार हुनुपर्दछ ।

५. **वार्षिक खरिद योजना**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ उपनियम (१) बमोजिम सार्वजनिक निकायले वार्षिक दशलाख रुपैया भन्दा बढीको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वजेट उपशिर्षकगत खरिद योजना तयार गरेको देखिन्छ । खरिद योजना तयार गरी खरिद कार्यमा अधिक प्रतिस्पर्धा हुने व्यवस्थाको श्रृजना गरिनुपर्दछ ।

६. **पाइप र फिटिङ्ग खरिद**: कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस वर्ष २१ आयोजनामा ८०.०५५ कि मी पाइप खरिद गर्न रु.१,८५,४६,०००।- र २४ आयोजनामा फिटिङ्ग खरिद गर्न रु.८६,१४,०००।- बजेट विनियोजन भएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्षको एच डि पी पाइप, जि आई पाइप र फिटिङ्स समेत विभिन्न परीमाणमा पाइप र फिटिङ्ग गत वर्षको अ ल्या रु १४२५२०७३/-र यस वर्ष खरिद रु ५८७८०४५४/- समेत जम्मा रु ७३०३२५२८/- आम्दानीमा रु ३४२४७८३३/- खर्च भइ बाँकी रु ३८७८४६९४/- विवरणबाट देखिन्छ ।

७. **मौज्दात**: भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०७२/११/८ को निर्णयमा योजनामा चाहिने निर्माण सामाग्रीहरु चालु आ.व. कै स्विकृत कार्यक्रममा समावेश भए अनुसार खरिद गरि तदनुरुप जडान गरिदिनुपर्ने भन्ने उल्लेख भएकोमा कार्यालयले यो वर्ष १६ खानेपानी आयोजनामा यस वर्षको खरिद रकम रु ३४६६१९१३/- भई यस वर्षसम्मको मौज्दात रकम रु ३३३२७१३१/-रहेकोमा

आयोजनाका लागी खरिद गरेका पाइप तथा फिटिङ्स सामान खपत नगरि मंत्रालयको निर्णय विपरित आर्थिक वर्षको अन्त्यमा मौज्दातमा राखेको देखिन्छ ।

८. **पाइप र फिटिङ्ग**: कार्यालयले यस वर्ष एच डि पी पाइप १०७१९२ मी , जि आई पाइप १९९५ मी, फिटिङ्स २९२ किसिम परिमाणको रु ३४२४७८३३/- मौज्दातबाट खर्च लेखेको छ ।

९. **खर्च परिमाण यकीन**: कार्यालयले भण्डारबाट आयोजनाका लागि पाइप र फिटिङ्ग खर्च लेखेकोमा सम्बन्धित आयोजनाका नापी किताबमा खर्चको विवरण अद्यावधिक रुपमा नचढाएकोले भण्डारबाट खर्च भएका मध्ये खर्च परिमाण एकीन गर्ने आधार भएन । यस वर्ष भण्डारबाट खर्च भएका तर नापी किताव अद्यावधिक नभएका २५ खानेपानी आयोजनाको खर्च रकम रु ३२६४७६०९/- रहेको छ ।

१०. **प्रमाणः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४३ मा कुनै खास व्यक्ति वा वर्गको फाइदा हुने गरी सरकारी खर्च गर्न वा मालसामान दिने गरी निकासा दिन नहुने उल्लेख छ । कार्यालयको जिन्सी खाता अनुसार खर्च जनाएको तर नापी किताव र जिन्सी खाता अनुसार कम जडान भएको निम्न अनुसार देखिएकोले नापी किताव र जिन्सी खाता अनुसार खर्च भएको पाइप फिर्ता हुने पर्ने अथवा उक्त पाइप वरावरको ४ योजनाको रकम रु.२२२९५५/- सम्वन्धित आयोजनामा प्रयोग भएको प्रमाण पेश हुनुपर्दछ ।

११. **ठेक्का व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रमको लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्न नहुने व्यवस्था रहेको छ । कार्यालयको यस वर्षको १३ कार्यक्रमको ठेक्काको ४७ बोलपत्र बिक्रीमा ३७ बोलपत्र दाखिला र लागत अनुमान रु १११०१८।- हजार मा रु ४३२६७।-स्वीकृत रकम रहेको छ ।

१२. **उपभोक्ता समिति**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपभोक्ता समितिसंग भएका सम्झौता अनुसारको कार्य सम्पन्न गरी कार्यालयमा पेश गरेका ठेक्का विलहरुमा कानूनमा रहेको उक्त व्यवस्था पालना गरेको पाइएन ।

१३. **जनसहभागिता**: खानेपानी तथा दल निकास विभागबाट २०७२।४।२७ मा प्राप्त आर्थिक वर्ष २०७२।७३ मा बजेट खर्च तथा कार्यक्रम संचालन गर्दा अवलम्बन गर्नु पर्ने निर्देशन नं.२ मा कार्यालयबाट सञ्चालन गरिने योजनाहरुमा खरिद सम्झौता गर्दा उपभोक्ता समितिले व्यहोर्नु पर्ने रकम उल्लेख गरेको छ । कार्यालयले सञ्चालन गरेका आयोजनाहरुमा जनसहभागिता बाट व्यहोर्ने अंश उपभोक्ता समितिसंग भएका सम्झौता, ठेक्का सम्बन्धी विल एवं कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गर्ने गरेको पाइएन ।

१४. **जनश्रमदानः** पदमपोखरी ठूलाथलि खानेपानी तथा सरसफाई उपभोक्ता समितिसंग ट्रान्समिसन पाईपलाईनको कार्य, इलेक्ट्रो मेकानिक्स, हाउजिङ्ग तथा निर्माण कार्यको लागि उपभोक्ता समितिसंग मिति २०७२।४।१८ मा सो खानोपानी योजना रु.३३,३९,२८६।-मध्ये रु.१६,९५,३५६।- को जनश्रमदान गर्नुपर्ने गरी सम्झौता भएकोमा प्राप्त कार्यसम्पन्न तथा नापी कितावमा रु.१४,८३,४३७-को मात्र जनश्रमदान भई रु.२,११,९१८।- घटी जनश्रमदान जुटाएको छ ।

१५. **कन्टिन्जेन्सी खर्चः** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) संग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची–१ मा वर्क चार्ट स्टाफ खर्च

२.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । यस वर्षको ७ खर्च शीर्षकमा रु.५७६०९०३/- कन्टीन्जेन्सी खर्च रहेको छ ।

१५.१ खानेपानी तथा दल निकास विभागबाट २०७२।४।२७ मा प्राप्त आर्थिक वर्ष २०७२।७३ मा बजेट खर्च तथा कार्यक्रम संचालन गर्दा अवलम्बन गर्नु पर्ने निर्देशन नं. ३ मा पूंजीगत खर्च गर्दा अर्थ मन्त्रालयको सहमति लिनु पर्ने व्यवस्था विपरित कन्टीन्जेन्सीबाट रु.१८७९००।- मा मोटरसाइकल खरिद गरेको पाइयो ।

१५.२ आर्थिक संकेत तथा बर्गीकरण २०६७ अनुसार इन्धन खर्च रु.९६५७००।-, मष्टररोल ज्याला रु. ४६०००।- खर्च, कार्यालय सञ्चालन रु.४२००००।- खर्च, अन्य खर्च रु.११४३३६५।- खर्च, भ्रमण खर्च रु.१५१०१३८।- सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिंदैन । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि चालु बजेट उपशीर्षकमा बजेट व्यवस्था भएकोमा त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

१५.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११८ मा अधिकार प्राप्त गरेका अधिकारीको अधिकारमा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न नपाइने व्यवस्था रहेको छ । कार्यालयले सोही नियमावलीको नियम ३२ बमोजिम निकाशा नियम ३५ र ३६ बमोजिम खर्च गर्न पाउनेमा कन्टिन्जेन्सि वापत खर्च गर्न पाउने रकम मध्ये रु.१४५६०००।- अर्थ मन्त्रालयको सहमति बमोजिम विभागले माग गरे बमोजिम योजनाले खर्च जनाएको छ । प्रचलित कानूनमा तल्लो तहलाई खर्च गर्न अख्तियारी दिएको रकम तालुक कार्यालयले खर्च गर्न पाउने एवं खर्च गर्न सहमति दिने व्यवस्था देखिएन ।

**१६. पाइपको गुणस्तर परीक्षण**ः एच.डी.पी.पाइप खरिद सम्बन्धी आपूर्तिकर्तासँग भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्र्याक्ट तथा टेक्नीकल स्पेशिफिकेशनको बुँदा नं. २.१.५ मा पाइप तथा फिटिङ्सको आवश्यकताका लागि कार्यालयले स्वतन्त्र परीक्षण समेत गराउन सक्ने व्यवस्था रहेकोमा त्यस्तो परीक्षण गराएको पाइएन ।

**१७. लागत अनुमान स्विकृती वेगर आयोजना सञ्चालन:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(१) मा निर्माण कार्यको लागत अनुमान तयार र नियम १४ मा स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत आ.व. २०७२।७३ मा सञ्चालित आयोजनाको लागत अनुमान स्विकृत नभएको अवस्थामा वार्षिक कार्यक्रम सञ्चालन गरेको पाइयो । नियमावलीको प्रावधान अनुरुप लागत अनुमान स्विकृती पश्चात मात्र आयोजना सञ्चालन गरिनुपर्दछ ।

**१८. मर्मत सम्भार चक्र कोष**ः खानेपानी तथा दल निकास विभागबाट २०७२।४।२७ मा प्राप्त आर्थिक वर्ष २०७२।७३ मा बजेट खर्च तथा कार्यक्रम संचालन गर्दा अवलम्बन गर्नु पर्ने निर्देशन नं. १ अनुसार सम्झौताको शर्तहरु १(घ) मा लागत स्टिमेटको १ प्रतिशत रकम मर्मत संभार चक्रकोष वापत उठाउने र समितिको नामको बैंक खातामा जम्मा गरेको प्रमाण पेश गर्नु पर्ने व्यवस्था रहेको छ । यो वर्ष कार्यालयले उपभोक्ता समिति मार्फत सञ्चालनमा अधिकांश आयोजनाहरुमा उल्लेखित व्यवस्था बमोजिमको रकम उपभोक्ता समितिले बैक खातामा दाखिला गरेको नदेखिएकोले तोकिए बमोजिमको रकम उपभोक्ता समितिबाट उठाइ वैक दाखिला गराई मर्मत कोषको व्यवस्था गर्नु पर्दछ ।

१९. **त्रुटि सच्याउने अवधिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने र त्यस्तो प्रतिवेदन सार्वजनिक निकायको प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य सम्पन्न गरेका खरिद सम्झौताको उक्त प्रावधान अनुरुप कार्य सम्पन्न प्रतिवेदन तयार भएको छैन ।

२०. **अख्तियारी र खर्चः** यस वर्ष ११६.३६ कि मी पाइप उपलव्धी र गुणस्तर परीक्षण गर्न रु.९४ लाख ७३ हजार, फिटिङ्ग खरिद गर्न रु.२६ लाख ६४ हजार, ५० आयोजना पुन र्निमाण र मर्मत गर्न रु.१ करोड ६६ लाख ८१ हजार, ट्रान्समिशन एवं वितरण पाइप लाइनमा रु.४० लाख ९७ हजार र कन्टीन्जेन्सीका लागि रु.८ लाख ९२ हजार समेत रु.३ करोड ३८ लाख ७ हजारको कार्यक्रम स्वीकृत भएपनि रु.२ करोड ९७ लाख १० हजारको खर्च गर्ने अख्तियारी प्राप्त भएको छ । अख्तियारी अनुसार यस वर्ष आयोजना निर्माणमा रु.५९,००,३२६।- पाइप खरिदमा रु.१०६७६०७९।- फिटिङ्ग खरिदमा रु.७२४,३२४।- र कन्टीन्जेन्सीमा रु.५३५,८६०।-समेत रु.१७८३६५९०।- खर्च भएको देखिएको छ ।

२१. **बढी खर्चः** यस वर्ष पाइप खरिद गर्न रु.९४ लाख ७३ हजार बजेट विनियोजन भएकोमा रु.१,०६,७६,०७९।-का विभिन्न साइजका पाइप खरिद गरेको छ ।

२२. **मौज्दात** : कार्यालयले यस वर्ष रु.११४००४०३।- का पाइप र फिटिङ्ग खरिद गरेकोमा रु.६०१७५५।- पाइप र फिटिङ्ग भण्डारबाट खर्च भएकोमा रु.११६००८४०।- का पाइप र फिटिङ्ग मौज्दातमा राख्ने उदेश्यले खरिद गरेको पाइयो ।

२३. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) अनुसार कुनै विल विजकको भुक्तानी वास्तविक भएको कार्य अनुसार हुने व्यवस्था छ । कार्यालयले चुरिया माई खानेपानी उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी खर्च लेखेको विल नापी अनुसार रु.२३६,६८५।- मात्र भुक्तानी दिन प्रमाण पेश गरेकोमा रु.२४६,२१७- भुक्तानी खर्च लेखेकोले बढी भुक्तानी रु.९५३२।- उपभोक्तावाट असुल हुनु पर्दछ ।

२४. **प्रशिक्षण भत्ता** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका,२०७० अनुसार सो मापदण्डलाई आधार लिई खर्च गर्नु पर्ने र अधिक दरमा खर्च गर्नु पर्नेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिएर मात्र खर्च गर्नु पर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिलाई निर्माण पूर्व तालिम र निर्माण पश्चात तालिम गाउस्तरमा सञ्चालन गर्दा प्रशिक्षण भत्ता वापत अधिकृत स्तर रु.१०००।- र सहायक स्तर रु.६००।- प्रति कक्षा १६००।- र रु.१२००।- का दरले भुक्तानी दिने गरेको देखियो ।

२५. **पम्प अपरेटरको पारिश्रमिकः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (८) मा उपभोक्ता समितिलाई प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो समितिले करारमा नियुक्ति गर्न सक्ने र पारिश्रमिक सार्वजनिक निकायले कट्टा गरेको कन्टिन्जेन्सीवाट भुक्तानी गर्ने पर्ने व्यवस्था भएपनि कार्यालयले शिखरपानी खानेपानी उपभोक्ता समितिलाई रनिङ्ग वील रकम भुक्तानी गर्दा पम्प अपरेटरको पारिश्रमिक भनी प्रति महिना रु.८,०००।- का दरले २०७२ माघ १६ देखि २०७३ वैशाख सम्मको रु.२८,०००।- भुक्तानी खर्च लेखेको छ ।

२६. **गढी खानेपानीः** मकवानपुर गढी खानेपानी योजनाको लागि फिटिङ्ग सामान खरिदमा रु.१ लाख बजेट भएकोमा त्रिमुर्ति जनरल सप्लायर्सवाट रु.२,९९,०५४।- का फिटिङ्ग खरिद गरेको छ ।

२७. **पाइप तथा फिटिङ्गः** पदम पोखरी गुणस्तर खानेपानी योजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार संरचना निर्माण कार्यको लागि रु.५० हजार र कन्टिन्जेसी खर्च २ लाख ५० हजार समेत रु.३ लाख वजेट व्यवस्था भएकोमा रु.१२९७७०१।- का पाइप तथा फिटिङ्ग खरिद गरेको छ ।

२८. **परामर्श सेवाः** कार्यालयले स्वीकृत वार्षिक कार्यकम अनुसार अनुसार २ परामर्शदातालाई १४ आयोजनाका लागी रु.१५७१८३०/- आयोजनाको सर्वेक्षण गर्न नियुक्त गरी रकम भुक्तानी गरेको छ ।

२८.१ नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण २०६७ अनुसार संभाव्यता अध्ययन तथा प्राविधिक परामर्श सेवा सम्बन्धी खर्च शीर्षक संकेत नम्बर २९७११ बाट व्यहोर्नु पर्नेमा खर्च शीर्षक संकेत नम्बर २९६११ बाट व्यहोरेको छ ।

२८.२ उक्त कार्य २०७३।३।२८ भित्र (एक महिना) सम्पन्न गर्ने गरी सम्झौता भएकोमा अधिकांश काम सम्पन्न भएको भनी सर्वेक्षण प्रतिवेदनहरु जिन्सी दाखिला समेत गरी मिति २०७३।३।२७ मा रकम भुक्तानी गरेको छ । तर परामर्शदाताले २०७३।७।४ मा म्याद थप माग गरे अनुसार २०७३ पौष मसान्तसम्म म्याद थप भएको छ । सम्पन्न नभएको कामलाई सम्पन्न देखाई रकम भुक्तानी गर्नु तथा म्याद थप गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को प्रकृया पुरा गरेको छैन भने समयमा काम सम्पन्न नगर्ने परामर्शदातालाई सोही नियमावलीको नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको पाइएन ।

२९. **विजक नं. हातले लेखेको :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४.१ अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकेको अवस्थामा वाहेक सिलसिलेवार नम्वर सहितको विजक दिनु पर्ने व्यबस्था छ । तर डिभिजनबाट १ विक्रेतालाई ४ बिलबाट विल रकम रु.१२४०५९/- मूल्य अभिबृद्धि कर रकम रु.१६१२७/- भुक्तानी गर्दा हातले विजक नंवर लेखी विजक जारी गरेको र पहिलो नम्वर मेटी नयां विजक नम्वर उल्लेख गरी मूल्य अभिबृद्धि कर रकम समेत भुक्तानी दिएको देखिएकोले उक्त मूल्य अभिबृद्धि कर रकम सम्बन्धित आन्तरिक राजश्व कार्यलयबाट समायोजन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित सप्लार्यसबाट उक्त मूल्य अभिबृद्धि कर रकम समेत रु.८६३२०/- असुल हुनुपर्दछ ।

३०. **मोबिलाइजेशन पेश्की:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा आपूर्तिकर्ता, निर्माण व्यवसायीलाई पेश्की दिन सकिने व्यवस्था अनुसार निर्माण व्यवसायी नागार्जुन शंकरमनी जे भीलाई दिएको पेश्की रकम रु.१ करोड २ लाख ८४ हजार आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सोही नियमावलीको नियम ११३(५) बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

३१. **धरौटी:** अर्थ मन्त्रालयको च.नं. ३६९ मिति २०६९।६।१७ मूल्य अभिवृद्धि कर संकलन कर विवरणमा समायोजन गरे नगरेको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट एकीन गरी भुक्तानी दिने पत्र जारी गरे पछि मात्र भुक्तानी गर्ने भनी आन्तरिक राजश्व विभागको च.नं.१२ मिति २०६९।६।१० को पत्रमा उल्लेख छ । डिभिजनले एक निर्माण व्यवसायीलाई रु.२१३३९४/- फिर्ता दिदाँ मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण वेगर करचुक्ता प्रमाण प्रमाणको आधारमा धरौटी फिर्ता भएकोले मु.अ. कर समायोजनको प्रमाण पेश हुनु पर्दछ ।

## घरेलु तथा साना उद्योग कार्यालय

१. **भवनको कार्यसम्पन्न:** कार्यालयको भवन निर्माणको लागि भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्रबाट रु.४२,१३,७९९।- को लागत अनुमान तयार गरी राष्ट्रिय अन्नपूर्ण पत्रिकामा मिति २०७२।११।१९ मा सिलबन्दी बोलपत्र आव्हान गरेकोमा १३ वटा बोलपत्र पेश भएको छ । सबैभन्दा घटि कबोल गर्ने एक बोलपत्रदाताको २८,६३,३३८।- को बोलपत्र स्वीकृत गरिएको छैन । दोश्रो घटीवाला कबोल गर्ने अर्को एक बोलपत्रदाताको रु.२९,७३,९८१।- को निर्माण कार्यतालिका पेश नगरेको कारण जनाई स्वीकृत गरिएको छैन । तेश्रो घटी कबोल गर्ने एक निर्माण सेवाको रु.३०,१९,०१७।-को बोलपत्र स्विकृत गरिएको छ । पहिलो घटी कबोल गर्ने बोलपत्रदाताले आफ्नो कबोल दरमा ३१ प्रतिशत घटीमा काम गर्न मंजुर भएको व्यहोरा बोलपत्र पेश गर्दाको बखत बोलपत्र फाराममा जनाएको छ । बोलपत्र फाराममा दररेट पेश गर्दा सो व्यहोरा जनाएको कारण जनाई अस्विकृत गर्न मिल्ने अवस्था देखिएन । सार्वजनिक खरीद नियमावली २०६४ को नियममा भएको व्यवस्था अनुसार साना तिना कुराले सरकारलाई आर्थिक भार पार्ने गरी निर्णय गर्न नहुने

व्यवस्था गरेको छ। बोलपत्र स्वीकृत गर्दा घटी कबोल गर्नेलाई अस्वीकृत गरी रु.१५५६७९।- बढि व्ययभार पर्न गएको छ। तेश्रो घटी कबोल गर्ने निर्माण सेवासँग २०७३।१।१३ मा सम्झौता भएको छ। सम्झौता अनुसार २०७३।३।२५ मा कार्य सम्पन्न गर्नुपर्नेमा गरेको छैन। अबिरल बर्षाको कारण जनाई ३ महिना म्याद थप गरेको छ। २०७२।७३ को अन्तसम्म निज निर्माण व्यवसायीलाई रु.२१,४०,७५३।- भुक्तानी भएको छ। सो भवनको स्थलगत निरीक्षण गर्दा भवन ग्राउण्ड तलाको लागि टाईविम कसेर २३ वटा पिल्लर बनाउने काम बाहेक कुनै काम भएको छैन। यस आ.व. २०७३।७४ भवन निर्माणको लागि रकम विनियोजन गरेको पाईएन। सम्बन्धित निकायले आवश्यक बजेट व्यवस्था गरी भवन सम्पन्न गर्नेतर्फ ध्यान दिनु पर्दछ।

## जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं. ९

१. **कार्यक्रम स्वीकृतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयमा यस वर्ष खर्च गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा २ ब.उ.शी.न मा आषाढ महिनामा प्राप्त अख्तियारी रु.४ करोड ९८ लाख रहेको छ।

२. **चौमासिक तथा आषाढ महिनाको खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति तयार गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयको यस वर्षको चौमासिक अनुसारको खर्चको अवस्था हेर्दा कुल खर्चमध्ये तेस्रो चौमासिकमा ९९.०९ प्रतिशत तथा आषाढ महिनामा ७२.१४ प्रतिशत खर्च गरेको पाइयो। आर्थिक वर्षको अन्ततिर अधिक खर्च गरेको देखियो। कार्यालयले निर्धारित चौमासिकमा कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

३. **वर्षान्तमा अख्तियारीः** कार्यालयले बजेट उपशीर्षक ३५७१०९४ को कुल खर्च मध्ये रु.६७५२०१६३।- अर्थात ७३.५५ प्रतिशत २०७३ आषाढ महिनामा खर्च गरेको छ। कार्यालयले आषाढको खर्च रु.६७५२०१६३।- मध्ये अन्तिम २ दिनमा रु.४९६६८९०८।- (२०७३।३।३० मा रु.१६९९५६७०।- र २०७३।३।३१ मा रु.३२६७३२३८।-) अर्थात ७३.५६ प्रतिशत खर्च गरेको छ। कार्यालयलाई विभागले मिति २०७३।३।३१ मा रु.४ करोड ९६ लाख ३ हजारको खर्च गर्ने अख्तियारी प्राप्त भएको छ। वर्षान्तमा अख्तियारी प्रदान गरी खर्च गर्नु उपयुक्त होइन।

४. **कार्यक्रम स्वीकृतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा कार्यालयलाई आगामी वर्षको लागि चाहिने बजेट र कार्यक्रम अनुसूची-१ को ढाँचामा तयार गरी पेश गर्नु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने व्यवस्था छ। कार्यालयले यस वर्ष ३५७१०९४ मा रु.९,६४,०३,०००।- खर्च गर्ने अख्तियारी प्राप्त भएकोमा रु.२,५९,००,०००।- को मात्र कार्यक्रम स्वीकृत भएको पाइयो।

५. **उपभोक्ता समितिको कामः** कासार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेकोमा उपरोक्तानुसारका कागजात पेश गर्ने गरेको पाइएन।

६. **कर्मचारी दरवन्दी र पदपूर्तिः** कार्यालयमा विभिन्न श्रेणीका १२ कर्मचारीको दरवन्दी रहेकोमा कार्यालयलाई अति आवश्यक पर्ने सव इन्जिनियर ३ वटै पद रिक्त रहेको पाइयो।

७. **जी आई वायरको गुणस्तर**: कार्यालयले नदी नियन्त्रणको कार्य गर्न १० गेजको हेभी कोटेड जी आई वायर प्रयोग गर्ने गरेको छ। उक्त वायर प्रयोगका सम्बन्धमा गुणस्तर परीक्षण गर्ने संयन्त्रको व्यवस्था हुन सकेको छैन।

८. **उपभोक्ता समिति दर्ताः** सिचाई नियमावली, २०५६ को नियम ३(१) मा उपभोक्ता समितिहरु दर्ता हुनु पर्ने व्यवस्था छ। उपभोक्ता समिति मार्फत नदी नियन्त्रणका कार्यक्रमहरु सञ्चालमा रहेकोमा उपभोक्ता समितिहरु दर्ता भएको कागजात संलग्न गरेको पाइएन।

९. **कारोबारको लेखा**: आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० मा कारोबारको लेखा प्रणाली नेपाल सरकारले तोकिदिए बमोजिम र स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । यस प्रयोजनका लागि विभिन्न म.ले.प.फा.नं.हरु तोकिएका छन । कार्यालयले आर्थिक कारोबारको लेखा राख्दा बजेट खर्च रकमलाई डेविट गरी कट्टा हुने रकम केडिट गरी भुक्तानी रकमलाई केडिट गर्नु पर्दछ । कार्यालयले कारोबारको लेखा राख्न गोश्वरा भौचर खडा गर्दा कट्टि गर्नु पर्ने रकमहरुलाई केडिट गर्नु पर्नेमा सो नगरी बजेट खर्च डेविट गरी एकल खाता कोष प्रणाली केडिट गर्ने गरेकोले आयकर कट्टि, धरौटी कट्टि आदि एकीन गर्ने आधार भएन ।

१०. **वार्षिक खरिद योजना**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ उपनियम (१) मा सार्वजनिक निकायले वार्षिक दशलाख रुपैया भन्दा बढीको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपरोक्त व्यवस्था अनुसारको वार्षिक खरिद योजना तयार गरेको पाइएन ।

११. **कन्टिन्जेन्सी खर्च**: निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) संग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची–१ मा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । यस वर्षको १० खर्च शीर्षकमा रु.४१९१७२१/-कन्टीन्जेन्सी खर्च रहेको छ ।

११.१ आर्थिक संकेत तथा बर्गीकरण २०६७ अनुसार इन्धन खर्च रु.३१३०००।- खर्च संकेत नं. २२२११ बाट, मष्टररोल ज्याला रु.९८४०००।- खर्च संकेत नं. २२४१२ बाट, मर्मत सम्भार रु.१२४०००।- खर्च संकेत नं. २२२१२ बाट, कार्यालय सञ्चालन रु.२४३०००।- खर्च संकेत नं. २२३११ बाट, अन्य खर्च रु.३०००००।- खर्च शीर्षक नं. २२७११ बाट, भ्रमण खर्च रु.६७५०००।- खर्च शीर्षक नं. २२६११ बाट व्यहोर्नु पर्नेमा खर्च संकेत नं. २९६११ (सार्वजनिक निर्माण) शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिंदैन । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि चालु बजेट उपशीर्षकमा बजेट व्यवस्था भएकोमा त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

११.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११८ मा कुनै अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त गरेका अधिकारीको अधिकारमा हस्तक्षेप गर्न नपाइने व्यवस्था रहेको र नियम ३२ बमोजिम निकाशा भएको रकम नियम ३५ र ३६ बमोजिम खर्च गर्न पाउनेमा कन्टिन्जेन्सि वापत खर्च गर्न पाउने रकम मध्ये रु.८ लाख अर्थ मन्त्रालयको सहमति बमोजिम विभागले माग गरे बमोजिम योजनाले खर्च जनाएको छ । प्रचलित कानूनमा तल्लो तहलाई खर्च गर्न अख्तियारी दिएको रकम तालुक कार्यालयले खर्च गर्न पाउने एवं खर्च गर्न सहमति दिने व्यवस्था देखिएन ।

१२. **अग्रिम कर**: आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सवारी साधन भाडामा लिंदा १० प्रतिशत अग्रिम कर कट्टि गरी भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले ढुवानी वापत भुक्तानी रकम रु.४७०००।- को १० प्रतिशत ढुवानी कर रकम रु.४७००।- असूल गरेको छैन ।

यसैगरी सुरज निर्माण सेवा पर्सालाई ०५।२०७३।३।२० बाट सिर्सिया खोला १६ मा ग्याविन भर्ने कार्य गराए वापत कार्य सम्पन्न तथा विल अनुसार रु.१,८८,०४९।- मात्र भुक्तानी दिनु पर्नेमा रु.१,८९,३४९।- भुक्तानी दिई बढी भुक्तानी हुन गएको रकम रु.१२९९।- असूल हुनु पर्दछ ।

१३. **मूल्य अभिबृद्धि कर**: मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४.१ अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकेको अवस्थामा वाहेक सिलसिलेवार नम्वर सहितको विजक दिनु पर्ने व्यबस्था छ ।

तर डिभिजनले ३ विक्रेतासंग रु.११०३५४५/- को सामान खरीद गर्दा विजक नम्बर काटी अर्को विजक नंवर लेखी विजक जारी गरेको अवस्थामा मूल्य अभिबृद्धि कर रकम भुक्तानी दिएको देखिएकोले उक्त मूल्य अभिबृद्धि कर रकम सम्बन्धित आन्तरिक राजश्व कार्यलयबाट समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

१४. **बढी भुक्तानी:** फन्टी खोला नियन्त्रण कार्य गराएको भनि एक कन्स्ट्रक्सन कम्पनीलाई निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन सहित रु.३,७९,४२५।- (मु.अ.कर समेत) भुक्तानी दिएकोमा उक्त कम्पनीले पेश गरेको दररेट भन्दा ५ आईटमहरुमा बढी दर राखी मू.अ.कर समेत रु.१५३७/- बढी भुक्तानी भएको रकम असूल गरी राजश्व दाखिला हुनु पर्दछ ।

१५. **उपभोक्ताको अंश:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) अनुसार विल विजक सहितको खरिद सम्झौता बमोजिम अवश्यक प्रमाणको आधारमा वास्तविक भएको कार्य अनुसार भुक्तानी हुने उल्लेख छ । कार्यालयले गर्दी ५, मगुई खोला तटवन्ध नियन्त्रण उपभोक्तासंग भएको सम्झौता अनुसार दोश्रो रनिङ्ग विलको कूल कार्य भएको रु.३०,२९,०६३।- मध्ये उपभोक्ताको अंश रु.३,०२,९०६।- कट्टा गरी रु.२७,२६,१५६।- मा पहिलो विलबाट भुक्तानी रु.१७,०७,४६७।- कट्टा गरी रु.१०,१८,६८९।- मा अग्रिम कर तथा धरौटी कट्टा रु.५०,९३४।- भई बांकी रु.९,६७,७५५।-उपभोक्ता समितिलाई चेकबाट भुक्तानी दिनु पर्नेमा रु.१०,१८,६८६।- पुरै भुक्तानी आदेश भई सोही अनुसार चेकबाट भुक्तानी भएकोले बजेट खर्च रु.१०,१८,६८९।- लेख्नु पर्नेमा रु.१०,६७,०७७।- लेखेबाट बढी भुक्तानी भएको छ ।

१६ **भेरियशन स्वीकृती:** चौरा खोला नियन्त्रण उपभोक्ता समिति संग रु.१७,६५,७८२।- मध्ये रु.५४,०७२।- उपभोक्ता समिति र रु.१७,११,७१०।- कार्यालयबाट भुक्तानी हुने गरी सम्झौता भएकोमा उपभोक्ता समितिबाट भएको काममा भेरियशन हुने प्रावधान सम्झौतामा नभएकोले ६ आईटम को काम सम्झौता भन्दा घटी भै रु.२३,७९५।- सम्झौता रकम भन्दा घटी हुनु पर्नेमा ३ आईटममा रु.२०३३४।-सम्झौता भन्दा बढी परिमाणमा कार्य गरेको देखाई निर्माण कार्य सम्पन्न गरेकोले भेरियशन स्वीकृती बेगर कार्य देखाई भुक्तानी खर्च लेखेको रकम उपभोक्ता समितिबाट असूल हुनु पर्दछ ।

१७. **नपुग कर कट्टी:** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार सवारी साधन भाडामा लिंदा १० प्रतिशत अग्रिम कर कट्टि गरी भुक्तानी गर्नु पर्नेमा मुल्य अभिबृद्धि कर कार्यालयमा दर्ता भएको भनि १.५ प्रतिशत मात्र कट्टा गरेकोले भुक्तानी रकम रु.३,३९,०००।- को नपुग कर ८.५ प्रतिशतले रु.२८८१५।- असूल गरी राजश्व खातामा दाखिला हुनु पर्दछ ।

१८. **सोझै खरिद:** कार्यालयले फ्रिज, सोफा सेट लगायतका फर्निचर खरिद वापत रु.९६५९७९।- खर्च लेखेकोमा मिति २०७३।३।३१ मा अख्तियारी प्राप्त भए अनुसार सोझै खरिद गरेको पाइयो ।

१९. **जनसहभागिताको अंश कट्टा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिलाई अनुमानमा रहेको जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले ८० उपभोक्ता समितिलाई मूल्य अभिबृद्धि कर रु.१४८२७४६/- समेत भुक्तानी दिएकोले उक्त रकम असुल गर्नु पर्दछ ।

२०. **धरौटी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६२ (१) मा धरौटी रकम तोकेको बैंकमा खाता खोली राख्नु पर्ने व्यबस्था छ । डिभिजनले २०७२।७३ को प्राप्त आर्थिक विवरण अनुसार रु.१९,२०,१७३।- मा रु.६०,०००।- फिर्ता गरी रु.१८,६०,१७३।- बांकी देखाएको आर्थिक विवरण पेश हुन आएको छ । डिभिजनले सो नियमावलीमा उल्लेख अनुसार धरौटी लेखा अन्तरगत म.ले.प.फा.नं.१०,११,२२,११० राखेको छैन भने २०७२।७३ मा जम्मा हुनु पर्ने धरौटी रकम रु.२६३०३११।- मिति २०७३।४।४ मा जम्मा भएको र २०७२।७३ को आर्थिक विवरणमा आम्दानी नदेखाएको धरौटीको आर्थिक विवरण यथार्थपरक रहेको पाइएन ।

२१. **राजश्वः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा राजश्व आम्दानी जनाउंदा दोहोरो स्रेस्ता प्रणाली अनुसार तोकिएको ढांचामा लेखा अद्यावधिक गरी राख्नु पर्नेछ भन्ने उल्लेख छ। डिभिजनले रसिद ठेली नं.१ बाट यस वर्ष टेण्डर फारम विक्रीबाट रु.२५ हजार राजश्व असुल गरेकोमा टेण्डर के कति छापेको हो, रसिद के कती प्याड छपाएको हो सो जिन्सी दाखिला गरी रसिद नियन्त्रण खाता तथा राजश्व सम्बन्धि राख्नु पर्ने खाताहरु राखी राजश्व आम्दानी गर्नु पर्नेमा सो राखेको पाईएन। अतः रसिद नियन्त्रण खाता राखी राजश्व रकमको आम्दानी जनाउनु पर्दछ।

## जिल्ला प्रशासन कार्यालय

१. **कार्यक्रम स्वीकृतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयमा यस वर्ष खर्च गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा ३ ब.उ.शी.न मा आषाढ महिनामा प्राप्त अख्तियारी रु.२३ लाख रहेको छ।

२. **बढी तलबः** निजामति सेवा ऐन, २०४९ को दफा ७(ख) वमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन अनुसार एक प्रशासकीय अधिकृतको नियुक्ति २०७२।४।११ ग्रेड ० देखिन्छ। निजको तलव खर्च लेख्दा २०७२ माघ महिना देखि जेष्ठ महिनासम्म प्रति महिना रु.३२०।- र असार महिनामा ९६० थप गरी ग्रेड र त्यसको संचयकोष समेत रु.२,८१६।- भुक्तानी भएको असुल गर्नु पर्दछ।

३. **कारोवार रकम फरकः** कार्यालयवाट प्राप्त ख ६ खाताको आर्थिक विवरण र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्राप्त विवरणमा निम्नानुसार फरक देखिको छ।

| कार्यालयले देखाएको | | कोष तथा लेखा नियन्त्रक कार्यालयले देखाएको | | फरक | |
|---|---|---|---|---|---|
| आम्दानी | खर्च | आम्दानी | खर्च | आम्दानी | खर्च |
| ३९९८०१४४५/- | २७२३४७४४०/- | ५००८७१४४५/- | ३९६१२४२८५/- | १०१०७००००/- | १२३७७६८४५/- |

४. **वितरण फांटवारीः** आर्थिक कार्यविधि नियमावली,२०६४ नियम ७४ वमोजिम सरकारी काम काजको निमित्त पेश्की लिनु पर्दा र सो फछ्र्यौट गर्दा अपनाउनु पर्ने कार्यविधि उल्लेख छ। कार्यालयलाई प्राप्त भएको अख्तियारी अनुसार २०७२।०१।०२ र २९ गएको भूकम्प पिडितलाई प्रति परिवार रु.१५,०००।- का दरले अस्थायी आवास निर्माण कार्यका लागि जिल्ला विकास समिति मकवानपुरलाई २० करोड, हेटौडा उप महानगरपालिकालाई रु.६ करोड २७ लाख र थाहा नगरपालिकालाई ३ करोड २५ लाख मध्ये जिल्ला विकास समितिलाई उपलब्ध रकम मध्ये ३ वटा गा.वि.स. चितलाङ, फापरवारी र मनहरीमा वितरण गर्न वांकी रहेको जिल्ला विकास समिति मकवानपुरको पेश्की रु.७४,००,०००।- सम्वन्धित भुकम्प पिडितलाई वितरणगरी फाटवारी प्राप्त हुन वांकी देखिएको छ।

५. **धरौटीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ वमोजिम धरौटी रकमको कारोवारको लेखा अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। कार्यालयले उक्त व्यवस्थाको पालना गरेको पाइएन।

६. **जिन्सी**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार जिन्सी प्रतिवेदन प्राप्त भएपछि लिलाम गर्नु पर्ने माल समान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए ३ महिनाभित्र गरी सक्नु पर्ने व्यवस्था रहेको छ। कार्यालय जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नु पर्ने तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएको जिन्सी सामान सो अनुसार गरेको पाइएन।

## जिल्ला प्रहरी कार्यालय

१. **कार्यक्रम स्वीकृतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयमा यस वर्ष खर्च

गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा २ ब.उ.शी.न मा आषाढ महिनामा प्राप्त अख्तियारी रु.१ करोड १५ लाख रहेको छ ।

२. **चौमासिक तथा आषाढ महिनाको खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति तयार गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम वा क्रियाकलाप सञ्चालन गरिनु पर्दछ। कार्यालयको यस वर्षको चौमासिक अनुसारको खर्चमा १ ब.उ.शि.नं.मा दोस्रो चौमासिकमा रु.३४८२६४७/- तेस्रो चौमासिकमा रु.१२७७७३५३/- कुल खर्च रु.१६२६००००/- आषाढको खर्च रु.९०८५०००/-खर्च रहेको छ ।

३. **मोबिलाइजेशन पेश्कीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को पेश्की दिन सकिने व्यवस्था अनुसार एक कन्ट्रक्शन प्रा. लि लाई दिएको पेश्की रकम रु.४८३८२६३/- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सोही नियमावलीको नियम ११३(५) बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

४. **बीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनु पर्ने व्यवस्था रहेको छ। एक कन्ट्रक्शन प्रा. लि. संग भएको सम्झौतामा विमा गराउनु पर्ने सिमा तोकिएको छ। कार्यालयको व्यारेक भवन र हिरासत ब्लक निर्माण गर्ने निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको विमा गरेको कागजात पेश गरेको पाइएन ।

५. **सार्वजनिक निर्माणको लेखाः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० र नियमावली, २०६४ को नियम ९२ मा कारोबारको लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । यस्का लागि विभिन्न म.ले.प.फा.नं.हरु स्वीकृत भई कार्यान्वयनमा रहेका छन । निर्माण कार्यको लागि नापी किताब (म.ले.प.फा. नं. १७१) कार्यान्वयनमा ल्याइएको छ। नापी किताब धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमावली, २०२७ मा उल्लेख छ । कार्यालयले नापी किताब लुज शीटमा प्रयोग गर्ने गरेको पाइयो । नापी किताबमा अभिलेख गर्नु पर्ने सबै तथ्यांक एवं सूचनाहरु खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी किताब नियन्त्रण खातामा समेत अभिलेख राखी हार्ड कपीमा अलग अभिलेख खडा गरी प्रयोगमा ल्याइनु पर्दछ ।

६. **भवन निर्माणः** कार्यालय अन्तरगतको प्रहरी चौकी भार्ताको भवन निर्माण कार्य रु.८१,५७,२२४।- को लागतमा २०७०।७।१७ मा सम्पन्न गर्ने गरी सपना मेरिना जे भीसंग २०६९।१०।१८ मा सम्झौता भएकोमा पटक पटक म्याद थप गरी २०७३।३।२७ मा रु.७९,७४,८७०।- मा निर्माण भएको छ । उक्त निर्माण कार्य अन्तरगत रु.७,५२,१४७।- को थप आइटमको काम भएको छ । त्यस्तै रु.६,७५,३७०।- का विभिन्न आइटमको काम गरेको छैन भने ८ आइटममा बढी परिमाणको काम गरेको छ। उक्त निर्माण कार्यको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने अवधि बाँकी रहेको छ। उक्त कार्यका लागि कार्य सञ्चालन कोष खातामा रु.३७,०८,६२४।- बाँकी रहेकोमा यस वर्ष रु.३५,३६,३०६।- खर्च गरी बाँकी रकम रु.१,७२,३१७।- मिति २०७३।५।७ मा कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौर भुक्तानी केन्द्र नं. ३ मा पठाएको देखिन्छ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **कार्यक्रम स्वीकृतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयमा यस वर्ष खर्च गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा १ ब.उ.शी.न मा आषाढ महिनामा प्राप्त अख्तियारी रु.२४ लाख रहेको छ ।

२. **चौमासिक तथा आषाढ महिनाको खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति तयार गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम वा क्रियाकलाप सञ्चालन गरिनु पर्दछ। कार्यालयको यस वर्षको चौमासिक अनुसारको खर्चको अवस्था हेर्दा कुल खर्चमध्ये तेस्रो चौमासिकमा ६६.२० प्रतिशत तथा आषाढ महिनामा ३१.३० प्रतिशत खर्च गरेको पाइयो। यसरी आर्थिक वर्षको अन्ततिर अधिक खर्च गरेको देखियो।

३. **लक्ष्य प्रगति:** कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७२।७३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्पादित समग्र प्रगतिको स्थिति हेर्दा ११ आयोजना/कार्यक्रमको बजेट रु.६७६८७/- मा निकाशा/खर्च रु ५९२०६/- भौतिक प्रगति औसत प्रतिशत ९६.५८ वित्तीय प्रगति प्रतिशत ८७.४७ देखिएको छ।

४. **कारोबारको लेखा:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० मा कारोबारको लेखा प्रणाली नेपाल सरकारले तोकिदिए बमोजिम हुने र कारोबारको लेखा राखिने स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले आर्थिक कारोबारको लेखा राख्दा बजेट खर्च रकमलाई डेबिट गरी कट्टा हुने रकम क्रेडिट गरी भुक्तानी रकमलाई क्रेडिट गर्नु पर्दछ। कार्यालयले कारोबारको लेखा राख्न गोश्वरा भौचर खडा गर्दा कट्टि गर्नु पर्ने रकमहरुलाई क्रेडिट गर्नु पर्नेमा सो नगरी बजेट खर्च डेबिट गरी एकल खाता कोष प्रणाली क्रेडिट गर्ने गरेकोले आयकर कट्टि, धरौटी कट्टि आदि एकीन गर्ने आधार भएन।

५. **नर्मस प्रयोग:** कार्यालयले रकम खर्च गर्दा निर्देशिका तथा नर्मस अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेमा कृषि डायरी, कार्यक्रममा उल्लेखित रकमको सिमा, अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, जिल्ला कृषि समितिको निर्णय, भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भएको रकमलाई आधार मान्ने गरेको पाइएकोले एकै प्रकारको नर्मस प्रयोग गर्नु पर्ने देखिन्छ।

६. **भत्ता खर्च:** कार्यालयले कार्यक्रम कार्यान्वयन गर्दा एकै दिनमा एउटै व्यक्तिलाई सहभागी भत्ता, दैनिक भत्ता, प्रशिक्षक भत्ता, समीक्षक भत्ता, प्रतिवेदक भत्ता, एकभन्दा बढी कार्यक्रममा सहभागी भत्ता दिने गरेको देखिएकाले एउटा मात्र भत्ता दिनु पर्ने देखिन्छ।

७. **मूल्य अभिबृद्धि कर:** दुई भौचरबाट भर्मिवेड निर्माणका लागि विभिन्न कृषक समुहलाई वार्षिक कार्यक्रममा अनुसार प्रति भर्मिवेडको रु.२५०००।- का दरले अनुदान दिंदा उक्त भर्मिवेड निर्माणको लागि कार्यालयसंग भएको सम्झौता पत्रको बूंदा नं. ५ मा सहकारी संस्था ले कार्य संचालन गर्न आवश्यक पर्ने निर्माण सामाग्रीहरु मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मबाट खरिद गर्नुपर्नेछ भन्ने उल्लेख छ। तर कार्यालयले ती संस्थाहरुलाई दिएको अनुदानबाट ब्लक खरिद गर्दा सो ब्लक उद्योग मूल्य अभिबृद्धि करमा दर्ता भएको देखिएन भने रु.५ हजार ननघाई लगातार सोही ब्लक उद्योग बाट ब्लक खरिद गरी रु.१ लाख ८९ हजार भुक्तानी दिएकोमा आयकर ऐन, २०५८ अनुसार अग्रिम कर रु.३ हजार कट्टि नगरेको असूल हुनु पर्दछ भने सम्झौतामा उल्लेख भएअनुसार मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता भएको ब्लक उद्योगबाट समेत ब्लक खरीद गरेको देखिएन।

८. **अग्रिम कर कट्टा:** एक कृषि सहकारी संस्था लिलाई बेमौसमी तरकारी खेती वातपतको पेश्की फछ्र्यौट गर्दा विभिन्न पसलहरुबाट कृषि सामाग्री खरीद गरी रु.९३ हजार खर्च लेखेकोमा आयकर ऐन, २०५८ बमोजिम अग्रिम कर कट्टा गरेको नदेखिएको रकम असूल हुनु पर्दछ।

९. **बढी भुक्तानी:** एक महिला कृषक समुहलाई निर्माण सामाग्री वापतको रकम रु.२८ हजार मात्र भुक्तानी दिनुपर्नेमा रु.३२ हजार भुक्तानी दिई बढी भुक्तानी हुन गएको रकम रु.४ हजार असूल हुनु पर्दछ।

१०. **प्रमाण कागजात:** एक पसलको विल नं.१५६१।२०७३।३।१७ को विलबाट खरिद भएको करेला पीपल ०.९० ग्राम, कांक्रो महिको ०.३०० ग्राम, भिण्डी अर्को अनामिका ०.७५० ग्राम, खुर्सानी एनएस

१७०१ दस ग्रामको ३ पाकेट, मल्च पिल्म २ रो प्याकिङ्ग समेत रु.१८ हजार खर्च लेखेकोमा उक्त विऊ कृषकहरुलाई बुझाएको कागजात संलग्न गरेको देखिएन ।

११. एक प्रा.स. ले एक पसलबाट रामपुर जातको मकैको विऊ २००० के.जी. पदमपोखरी देखि भार्ता, मनहरी सम्म ढुवानी गरेको भनी ढुवानी भाडा रु.१९ हजार भुक्तानी लिएकोमा आयकर ऐन, २०५८ बमोजिम १० प्रतिशतका दरले लाग्ने ढुवानी भाडा कर रु.२ हजार कट्टा हुनु पर्नेमा रु.१ हजार मात्र कट्टी भएको देखिएकोले घटी कट्टी भएको कर रकम निजबाट असूल हुनु पर्दछ ।

१२. **घटी कट्टीः** एक प्रा.स.ले कृषि क्षेत्रमा स्थानीय स्रोत परिचालन विषयक जिल्लास्तरीय गोष्ठी संचालन गरी रु.६० हजार भुक्तानी लिएकोमा अग्रिम आयकर रु.४ हजार कर कट्टी गरेकोमा उक्त रकम कर कार्यालयमा दाखिला भएको नदेखिएकोले उक्त रकम दाखिला भएको प्रमाण पेश गर्ने अन्यथा असूल गरी राजश्व खातामा दाखिला हुनु पर्दछ ।

१३. सामान खरिदः एक प्रा.स.ले बगैंचा सुधारिकरण सुन्तला जात फलफूलको कार्यक्रम संचालन गरी मिति २०७२।१०।२८ को ३७ जना कृषकको भरपाई अनुसार विभिन्न कृषकहरुलाई चुना, बाल्टीन, निलोतुथो,व्रस, सिकेचर, स्प्रेयर लगायतका सामानहरु वितरण गरी रु.९४ हजारको विल पेश भएकोमा सोको ८० प्रतिशत रु.७६ हजार मात्र भुक्तानी दिनु पर्नेमा रु.७९ हजार भुक्तानी दिएकोमा बढी भुक्तानी हुन गएको रु.३ हजार असूल हुनु पर्दछ ।

१४. **सोझै भुक्तानीः** साझेदारी कृषि कार्यक्रमको सम्झौता वुदा नं. ११ मा ६० प्रतिशत रकम कामको शुरु गर्न पेश्की स्वरुप उपलब्ध गराउने र वाकी ४० प्रतिशत कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने उल्लेख छ । तर कार्यालयले सम्झौता रकम रु.५२ हजार मध्ये रु.५० हजार एक पसललाई सोझै भुक्तानी खर्च लेखेकोलेमा सम्झौता वमोजिमका प्रमाण कागजात पेश गरेको छैन ।

१५. **मौरी पालनः** आयकर ऐन,२०५८ को दफा ८९ मा १.५ प्रतिशतले अग्रीम कर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ। कार्यालयले एक मौरी पालन उद्योगवाट खरिद गरिएका विभिन्न कृषि औजार रु.१० लाख ६८ हजारमध्ये ५० प्रतिशत अनुदान रु.५ लाख ७५ हजार भुक्तानी खर्च लेखेकोमा अग्रीम कर कट्टा नगरी भुक्तानी खर्च लेखेकोले कर असुल गर्नु पर्दछ ।

यसैगरी खर्च गर्ने सम्बन्धि नर्मस तथा कार्यक्रम अनुसार फलफुल नर्सरी स्थापना तथा सुढृढीकरण कार्यक्रममा स्प्रेयर खरिदमा २५ प्रतिशत र अन्य पोली हाउस प्लास्टीक,पाईप, सिकेदर, प्रनिस खरिदमा ५० प्रतिशत मात्र अनुदान दिनु पर्ने उल्लेख छ । कार्यालयले नर्मस विपरित १९ हजार भुक्तानी खर्च लेखेकोमा नियमानुसार रु.९ हजार मात्र भुक्तानी दिनु पर्नेमा वढी भूक्तानी रकम असुल गर्नु पर्दछ ।नर्मसको वुँदा नं.३.४.१ मा वेर्ना उत्पादन तथा नर्सरी स्थापना कार्यको लागि विउ लगायत आवश्यक सामाग्रीको मुल्यमा ५० प्रतिशत मात्र अनुदान उपलब्ध गराउने उल्लेख छ। कार्यालयले सामुहिक व्याड स्थापना कार्यको लागि एक पसलको विल नं.४३८ अनुसार ३५ हजार पूरै भूक्तानी भएकोले वढी भुक्तानी असुल हुनु पर्दछ ।

१६. **आय करः** आय कर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा अग्रिम कर कट्टा गरी भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ। कार्यालयले भुक्तानी खर्च लेखेकोमा अग्रीम कर कट्टा गरेको नदेखिएकोले अग्रिम कर असुल हुनु पर्दछ ।

१७. **धरौटीः** अधिकृत आवास गृह निर्माणको लागि तल्ला थप कार्यको लागि रु.१६ लाख ५२ हजार लागत अनुमान भै १५ प्रतिशत घटीमा कार्य मन्जुर भै रु.१४ हजार १३ हजार कवोल गर्ने साहारा कन्ट्रक्सन सँग २०७३।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भई पहिलो रनिङ्ग विलवाट रु.४ लाख ५ हजार भुक्तानी खर्च लेखेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार १० लाख माथिको ठेक्का सम्झौता अनुसार वीमा गर्नु पर्नेमा वीमा भएको प्रमाण पेश भएको छैन । ठेक्का स्वीकृत भई कार्य आदेश दिन भन्दा अगाडी सम्झौता अवधि ३० दिन सम्म

म्याद  भएको वैंक जमानत वा ठेक्का रकमको ५ प्रतिशत नगद धरौटी प्राप्त भए पछि मात्र कार्य आदेश दिनु पर्नेमा धरौटी रकम वेगर ठेक्का सम्झौता भएको पाइयो । तोकिएको समयमा कार्य नभएको जनाई उक्त ठेक्का तोडिएकोमा कट्टा भएको धरौटी रकम राजश्व खातामा गर्नु पर्नेमा उक्त रकम दाखिला नगरी नयाँ ठेक्का लगाई कार्यदेश दिएको देखिएकोले धरौटी रकम जफत गर्नु पर्दछ ।

१८. **वगैचा स्थापना:** नमुना अलैची वगैचा स्थापना कार्यको लागि विरुवाको मूल्यमा ५० प्रतिशत स्पेयर खरिदमा २५ प्रतिशत औषधीमा ५० प्रतिशत अनुदान दिने उल्लेख छ । एक प्रा.स.को पेश्की फछ्र्यौट भएकोमा वार्षिक कार्यक्रम अनुसार २० हजार वोटको मूल्यमा मात्र ५० प्रतिशत अनुदान दिंदा रु.१ लाख ६० हजार मात्र हुनेमा रु.२ हजार १४ हजारको १,६८,०००।- मोटालिटी ८४००।- प्याकिङ्ग ८४०० औषधी २०८००।- ढुवानी ३०,०००।- समेत भुक्तानी खर्च लेखेकोमा औषधीमा पुरै २०,८००।- नै भुक्तानी भै विरुवा तथा औषाधीको वढी भुक्तानी रु.१८,४००।- निजवाट असुल पर्दछ ।

१९. **प्रशिक्षक भत्ता:** अर्थ मन्त्रालयको तालिम, गोष्ठी, संचालन सम्वन्धि मापदण्ड तथा सहभागी भ्रमण खर्च सम्वन्धि नर्म्स अनुसार खर्च गर्नु पर्ने सो देखि वाहेक अधिक दरमा खर्च गर्नु परेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिएर मात्र खर्च गर्नु पर्ने उल्लेख छ। सहायक स्तर कर्मचारी आन्तरिक प्रस्तुत कर्ता जिल्ला स्तर प्रवचन/कार्यक्रम वापत जिल्ला स्तरमा रु.८००।- र गाउँस्तरमा रु.६००।- मात्र प्रतिकक्षा पाउनेमा प्रति कक्षा रु.१,०००।- का दरले प्रशिक्षक भत्ता रु.३४,०००।०० बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ ।

२०. **पेश्की:** सार्वजनिक निर्माण कार्यको लागत अनुमान,सम्झौता, निर्माण कार्यको विल कार्य सम्पन्न प्रतिवेदन आदि प्रमाणको आधारमा भुक्तानी खर्च लेख्नु पर्नेमा सामान खरिद भएको आधारमा सम्बन्धित सप्लायरलाई देहाय अनुसार भुक्तानी खर्च लेखेको देखिन्छ। उक्त खर्चलाई पेश्की मानी कार्य सम्पन्न भै आए पछि योजना फरफारक गर्दा पेश्की जनाउने नगरेको कारण सामान खरिद भएको रकम र फरफारक गर्दा पेश्की कट्टा गरेको रकम फरक पर्न गएको छ ।

| | विभिन्न उपभोक्ता समिति लाई फरफारक गर्दा पेश्की कट्टा भएको | फरफारक गर्न वाँकी रकम |
|---|---|---|
| ३३,३८,८७६/- | २२,८३,९३१/- | १०,५४,९४५/- |

२१. **पेश्की फछ्र्यौट:** सहकारी खेतीमा आधारित सहकारी सिचाई योजना सम्झौता वमोजिम सम्पन्न योजना फछ्र्यौट गर्दा रु.२,८५,०००।- मध्ये प्रथम किस्ता पेश्की फछ्र्यौट रु.६०,०००।- र सिमेन्टको भुक्तानी भएको ९८,२८०।०० कट्टा गरी वाँकी रकम रु.१२६,७२०।- भुक्तानी खर्च लेख्नु पर्नेमा सिफारिस वमोजिम रु.१८६,७२०।- भुक्तानी आदेश अनुसार भुक्तानी खर्च लेखेकोले दोहोरो भुक्तानी रकम रु.६०,०००।- छतिवन कृषि सहकारी संस्थावाट असुल हुनु पर्दछ ।

२२. **साक्षर समुह:** सहकारी खेतीमा आधारित सहकारी सिंचाई योजना सम्झौता वमोजिम सम्पन्न योजना फछ्र्यौट गर्दा रु.७६,०००।- मध्ये सिमेन्ट रिङ्ग रु.२४,०००।- पम्प भुक्तानी रु.५७,५००।- समेत रु.८१,५००।- भुक्तानी खर्च लेखेको देखिन्छ। सम्झौता अनुसार रु.७६,०००।०० मात्र भुक्तानी हुनु पर्नेमा बढी भुक्तानी रु.५,५००।- नमुना साक्षर समुहवाट असुल हुनु पर्दछ। यसैगरी सहकारी खेतीमा आधारित सहकारी सिंचाई योजना सम्झौता वमोजिम सम्पन्न योजना फछ्र्यौट गर्दा रु.६६,५००।- मध्ये पम्प मेसिन खरिदको रकम रु.६६,७००।- कट्टा भएकोमा अन्तिम विल १००,७००।- भुक्तानी खर्च लेखेकोले सम्झौता भन्दा वढी भुक्तानी भएको रकम लवकुश महिला समुहवाट असुल हुनु पर्दछ । सम्झौता अनुसार लालीगुरास कृषक समुहसँग १०४,५००।- को सम्झौता भै सामान खरिदको रु.६०,५००।- र मेशिन खरिद रु.६६,७००।- कट्टा गरी भुक्तानी खर्च

लेख्नु पर्नेमा कार्य सम्पन्न हुँदा रु.४३,९७८।- भुक्तानी खर्च लेखेकोले सम्झौता भन्दा वढी भुक्तानी रकम रु.६६,७००।- दोहोरो भएको रकम कृषक समुहसँग असुल हुनु पर्दछ ।

२३. **धरौटी कट्टाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) सार्वजनिक निकायले रनिङ्ग विलको भुक्तानी गर्दा धरौटी वापत रनिङ विल वा विजकमा उल्लेखित रकमको ५ प्रतिशत कट्टा गरी राख्नु पर्ने व्यवस्था छ। कार्यालयले रु.४,१३,०००।- निर्माण कार्यको भुक्तानी गर्दा धरौटी रकम कट्टा नगरी भुक्तानी दिएकोले नियमानुसार धरौटी रकम जम्मा भएको प्रमाण पेश हुनु पर्दछ ।

२४. **भत्ताः** कार्यालयले अन्तरक्रिया गोष्ठी गरे वापत एक कर्मचारीको पेश्की रु.४०,०००।- फछ्र्यौट गरेकोमा एउटै व्यक्तिलाई सहभागी भत्ता कार्यपत्र प्रस्तुत भत्ता समिक्षक भत्ता प्रशिक्षक भत्ता समेत दिने गरेको देखिन्छ। यसरी एउटै मितिमा एकै व्यक्तिलाई एउटा भत्ता दिनु पर्नेमा विभिन्न भत्ता दिई वढी भूक्तानी दिएको रकम असुल गर्नु पर्दछ ।

२५. **कर विजकः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार ५ हजार भन्दा माथीको खरिद सम्झौता गर्दा स्थायी लेखा नम्वर र मु.अ. करमा दर्ता भएको व्यक्ति, फर्म, कम्पनी, संस्थावाट गर्नु पर्ने उल्लेख छ । कार्यालयले फलामको आधुनिक ल्याष्टिक घर निर्माण कार्यको लागि श्री कृष्ण ग्रील उद्योगसँग सम्झौता गरी रु.१०,०१,७००।- भुक्तानी खर्च लेखेकोमा उक्त व्यवसायी मु.अ. करमा दर्ता नभएको तर ऋद्धि सिद्धि निर्माण सेवाको कर विजक वाट मु.अ.कर समेत रु.२०८४०३३।- भुक्तानी खर्च लेखेकोले संझौता तथा भुक्तानी एउटा पार्टीसँग भएकोमा कर विजक अर्कै व्यवसायीको राखी मु.अ. कर लिएको रकम नियमित देखिएन ।

२६. **लेखापरीक्षणः** कार्यालयले ख ६ अर्न्तगत गत वर्षको बांकी रु.१५०००।- मा यस वर्ष रु.४७,७९,०२६।- आम्दानी भई रु.४७,६४,६४३।- खर्च गरी रु.२९,३८३।- बांकी रहेकोमा उक्त रकमको श्रेस्ता सम्बन्धित निकायमा पठाएको भनी लेखा परीक्षणको लागि पेश गरेको छैन ।

२७. **बहाल कर**: ब. उ. शी. नं. ३१२१०८३ मा एक प्रा. स.ले दाखिला गर्नु पर्ने बहाल कर रकम रु.१३५०।०० लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नभएकोले असुल गर्नु पर्दछ ।

## जिल्ला वन कार्यालय

१. **लक्ष्य प्रगतिः** आर्थिक वर्ष २०७२।७३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्पादित समग्र प्रगतिको स्थिति हेर्दा ७ कार्यक्रमको बजेट रु.६७६८७/- मा निकाशा/खर्च रु ५९२०६/- भौतिक प्रगति औसत प्रतिशत ९८.६६ वित्तीय प्रगति प्रतिशत ९०.०७ देखिएको छ ।

२. **कार्यक्रम स्वीकृतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयमा यस वर्ष खर्च गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा ४ ब.उ.शी.न मा आषाढ महिनामा प्राप्त अख्तियारी रु.६ लाख रहेको छ ।

३. **चौमासिक तथा आषाढ महिनाको खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति तयार गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम वा क्रियाकलाप सञ्चालन गरिनु पर्दछ। कार्यालयको यस वर्षको चौमासिक अनुसारको खर्चमा ११ ब.उ.शि.नं.मा दोस्रो चौमासिकमा रु.८२४०५९२/- तेस्रो चौमासिकमा रु.१९६९७०९९/- कुल खर्च रु.२६६३१५९१/- आषाढको खर्च रु.१७२३६४१९/-खर्च रहेको छ ।

४. **कर्मचारी दरबन्दी तथा पदपूर्तिः** निजामती सेवा नियमावली, २०५० को नियम १३ र १३ (क) बमोजिम पदपूर्ति हुनुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार विभिन्न पदका १८४ दरबन्दी स्वीकृत भएकोमा १३६ जना कर्मचारी पदपूर्ति भई विभिन्न ११ पदका दरबन्दी

रिक्त रहेको पाइयो । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्ने तथा आवश्यक प्रक्रिया अवलम्बन गर्नुपर्ने देखिन्छ ।

५. **वन मुद्दाः** सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा १५ बमोजिम यस ऐन वा प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले निश्चित अवधि भित्र निर्णय गर्नुपर्ने व्यवस्था छ। साथै वन पैदावार सम्बन्धी चोरी निकासी मुद्दा २ वर्ष भित्र फछ्र्यौट गर्नु पर्ने देखिन्छ। काठ चोरी, वन अतिक्रमण, वन्य जन्तु र अन्य (ढुंगा गिट्टी) मुद्दा गरी गत वर्षको जिम्मेवारी सारेको २१, यस वर्षको दर्ता १५ समेत गरी ३६ मुद्दा मध्ये गत वर्षको ६ र यस वर्षको १२ समेत १८ वटा फछ्र्यौट भई १६ वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको दखिन्छ। ऐन नियममा उल्लेख भएको प्रावधान बमोजिम मुद्दा फछ्र्यौट गर्ने तर्फ कारवाही पहल हुनुपर्दछ।

६. **लेखापरीक्षण प्रतिवेदनः** सामुदायिक वन उपभोक्ता समूहले वन ऐन, २०४९ को दफा ४४(१) बमोजिम बार्षिक प्रतिवेदन र वन नियमावली, २०५१ को नियम ३६(२) बमोजिम आम्दानी खर्चको लेखापरीक्षण गराई सो को प्रतिवेदन नियम ३६(३) र वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ (तेस्रो संशोधन) एवं जि.व.का.को परिपत्र अनुसार जिल्लावन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। उल्लेखित ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार प्रतिवेदनहरु पेश गर्न लगाई अभिलेख अद्यावधिक गर्नुपर्दछ।

७. **वन विकासमा खर्चः** वन ऐन २०४९ को दफा ३० (क) बमोजिम सामुदायिक वन उपभोक्ता समूहहरुले वार्षिक आम्दानीको २५ प्रतिशत रकम वन विकास कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। सम्पूर्ण समूहको आय-व्यय लेखापरीक्षण प्रतिवेदन प्राप्त नभएको हुंदा ऐनमा तोकिए बमोजिम रकम तोकिएको कार्यमा खर्च भएको छ भनि यकिन गर्न सकिएन। तर जि.व.का.को निर्देशानुसार वन विकास खर्च गर्नुपर्ने २५% रकम समुहको खाता वाहेक समूहले कोषको छुट्टै खाता जम्मा हुने व्यवस्था मिलाइएको पाइयो । लेखापरीक्षण प्रतिवेदन लिई सो समेतको आधारमा प्रभावकारी अनुगमनको माध्यमबाट तोकिए बमोजिम आम्दानी खर्च भए नभएको यकिन गर्नुपर्दछ।

८. **सामुदायिक वनः** वन नियमावली, २०५१ को नियम ३२ र ३३ बमोजिम सामुदायिक वन उपभोक्ता समूहले कार्य योजना बमोजिम आन्तरिक खपत एंव मौज्दात परिमाण र विक्रि आय जिल्ला वन कार्यालयमा बुझाउने पर्ने व्यवस्था छ। यस वर्ष कार्यालयले सामुदायिक वन उपभोक्ता समूहले उपरोक्त विवरण खुल्ने परिमाण र बिक्रि आय विवरण कार्यालयमा पठाएको उल्लेख गरे पनि सामुदायिक वन उपभोक्ता समूहका उक्त व्यहोरा खुल्ने तथा विवरण खुल्ने गरी कार्यालयले एकिकृत रुपमा तयार गरेको देखिएन। समूहहरुको एकिकृत विवरण तयार गरी कार्य योजनासँग भिडान गरी व्यवस्थित गर्नु पर्दछ।

९. **काठ लिलाम बिक्रिः** संकलन गरेका काठ तथा दाउराको हैसियत बिग्रन नदिई वन पैदावार लिलाम बिक्रि निर्देशिका, २०६० अनुसार लिलाम बिक्रि गर्नुपर्नेमा यस कार्यालय अन्तरगत विभिन्न परिमाणमा काठ मौज्दात रहेको छ। उक्त काठ मध्ये आ.व. २०७०/७१ देखि साल अन्य र खैर जातका २९३९.३६ क्यू.फि. र दाउरा १.२५ चट्टा कम हैसियतको रहेको छ। निर्देशिका अनुसार लिलाम बिक्रि गरी थप नोक्सान हुन नदिने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिएको छ।

१०. **छपान व्यवस्थाः** वन पैदावार (काठ दाउरा) संकलन तथा बिक्रि वितरण निर्देशिका, २०५७ को दफा ४(१) र ४(३) बमोजिम रुखहरु जाँचबुझ गर्नुपर्ने र निरीक्षण गर्नुपर्ने उल्लेख भएको छ। जिल्ला वन कार्यालय र सम्बन्धित सेक्टर वन कार्यालयले सामुदायिक वन उपभोक्ता समितिबाट पेश गरेको लगतमा जाँचबुझ गर्दा छपान ठीक छ भनी प्रमाणित गरेको देखियो । निर्देशिकामा तोकिए बमोजिम जाँचबुझ तथा निरीक्षण गरी अनूसूचिमा तोकिए मोजिम ढाँचामा अभिलेख राखी निर्देशिकाले तोके अनुसार जाँचबुझ तथा निरीक्षण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

११. **घाटगद्दी र काठको गुणस्तर :** वन पैदावार (काठ दाउरा) निर्देशिका, २०५७ को दफ १०(१) अनुसार लगत तयार भएका गोलिया काठ तथा दाउरा तोकिएको मापदण्ड र स्थानमा घाटगद्दी गर्नु पर्ने व्यवस्था भएकोमा सामुदायिक वन उपभोक्ता समूहलाई पायक पर्ने स्थानम घाटगद्दी स्थल कायम गरी वन पैदावार घाटगद्दी गरेको पाइयो । यस जिल्लामा घाटगद्दी सम्बन्धी मापदण्ड बनाई लागू गरिएको भन्ने कार्यालयको भनाई रहेको छ । निर्देशिकामा उल्लेख भए बमोजिम मापदण्ड तयार गरी घाटगद्दीको व्यवस्थालाई निरन्तरता गरिनु पर्दछ ।

१२. **विरुवा उत्पादन एवं वितरण:** कार्यालयमा गत वर्षका ५७००० विरुवा बांकी रहेकोमा यो वर्ष विभिन्न जातका ५८०७७१ वटा विरुवा उत्पादन भएकोमा ५१८८८८ वितरण गरी ११८८८३ वटा विरुवा आगामी वर्ष वितरण हुने व्यहोरा कार्यालयले जनाएको छ । कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार वितरण गरी वृक्षारोपण गरिएका स्थानहरुको अनुगमन एंव मूल्यांकन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

१३. **बृक्षारोपण:** यस वर्ष ३७.४६ हेक्टरमा रु.२१७०१०२।- को लागतमा ५९९३६ वृक्षारोपण भएको छ । कार्यालयले वृक्षारोपण गरिएका स्थानहरुको अनुगमन एंव मूल्यांकन गर्नु पर्दछ ।

१४. **वन अतिकमण:** कार्यालयको कार्यक्षेत्रभित्रका ३२ गाँऊ विकास समितिमा ४३८९.६६ हेक्टर वन ७१२४ घर धुरीले अतिकमण गरेको पाइयो । उक्त अतिकमण हटाउन प्रभावकारी प्रयास हुनु पर्दछ ।

१५. **वार्षिक खरिद योजना:** सार्बजनिक खरीद ऐन, २०६३ को नियम ८ मा बार्षिक १० लाख भन्दा बढी रकमको खरीद गर्नु पर्ने भएमा खरिद योजना तयार गर्नु पर्नेमा तयार गरेको पाइएन ।

१६. **लिलाम/मर्मत-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५७ (२) मा नियम ५३ र नियम ५०(३) बमोजिम लिलाम विक्रि गर्ने, मर्मत गर्ने, आम्दानी नवांधिएका जति तुरुन्त आम्दानी वांध्ने व्यवस्था छ। कार्यालयवाट लेखापरीक्षणको लागि पेश गरेको जिन्सी निरिक्षण प्रतिवेदन नियमानुसार कार्यान्वयन र नियमले तोके बमोजिम लिलाम बिक्रि तथा मर्मत संभार गरि जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१७. **मुल्य नखुलेका मालसामान:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (४) वमोजिम कार्यालयले पुराना मालसामानहरुको मूल्य खुलाई जिन्सी खाता अध्यावद्यिक गरेको देखिएन । जिन्सी प्रतिवेदन अनुसार शिक्षा विभागबाट प्राप्त डिस्कभरी मोटरसाइकल दाखिला गरेकोमा सो को मूल्य उल्लेख देखिएन । कार्यालयले आफ्नो सम्पत्तीको अभिलेख खडा गरी संरक्षण उपयोग गर्ने र मुल्य नखुलेको सामानहरुको मुल्य खुलाई राख्न पर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१८. **कार्य सम्पन्न प्रतिवेदन:** नवलपुर सरस्वती (बसामडी) वन उपभोक्ता समुह मकवानपुरसंग २४.६४ हेक्टरमा तारवार सहित बृक्षारोपण कार्यको लागि मिति २०७३।२।२६ मा सम्झौता भई उक्त कार्य मिति २०७३।३।२५ गते भित्र सम्पन्न गर्ने गरी कार्यालयबाट रु.९,८५,६००।- र जनश्रमदान रु.५,३७,९६७- व्यहोर्ने गरी कूल रु.१५,२३,५६६।-मा सम्झौता भई कार्यालयबाट रु.९,३१,८००।- भुक्तानी दिएकोमा कार्य सम्पन्न प्रतिवेदन तयार हुनु पर्दछ ।

१९. **भुक्तानीमा कर कट्टी:** एक सहायक वन अधिकृतले एक कार्यक्रमबाट विभिन्न संस्थाबाट अतिक्रमित बनमा बृक्षारोपण कार्यको पेश्की फछ्र्यौट गर्दा एक वन नर्सरीको विलबाट रु.१,०५,६४०।- खर्च लेखेकोमा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम रु.१५८४।६० भुक्तानीमा कर कट्टी नभएको रकम असूल हुनु पर्दछ ।

२०. **पेश्की माथि पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ को (२) उपनियम (१) बमोजिम दिईएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिनेको दुवैको कर्तव्य हुन उल्लेख छ । तर कार्यालयले समयमा पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने कार्य गरेको देखिएकोले पेश्की माथि पेश्की दिने कार्यलाई कडाईका साथ नियन्त्रण गर्नु पर्ने देखियो ।

२१. **भ्रमण खर्च:** भ्रमण खर्च नियमावली, २०६४ अनुसार कर्मचारीले भ्रमण गरी फर्केको दिनको २५ प्रतिशत मात्र भत्ता पाउनेमा कार्यालयले ५० प्रतिशत भत्ता रकम खर्च लेखेकोले नियमावली विपरित खर्च लेखेको रु.८ हजार सम्बन्धि कर्मचारीवाट असुल पर्दछ ।

२२. **कर कट्टी:** एक इन्जिनियरीङ्ग वर्कसपलाई रु.८९०३४।- र एक फोरेष्ट्रि सर्भिसबाट रु.६०६६४।- को समेत विभिन्न सामान खरीद गरेकोमा आयकर ऐन, २०५८ बमोजिम घटी अग्रिम कर कट्टी गरेको रकम रु.१२९०।- असूल हुनु पर्दछ ।

२३. **बढी खर्च:** एक आपूर्तिकर्तालाई रु.८०००।- भुक्तानी दिएकोमा रु.६०००।- को मात्र भरपाई पेश भएबाट विल भरपाई भन्दा बढी खर्च लेखेको रकम रु.२०००।०० असूल हुनु पर्दछ ।

२४. **अनुगमन तथा निरीक्षण:** एक सामुदायिक वन उपभोक्ता समुहको निवेदन अनुसार बैज्ञानिक वन व्यवस्थापन कार्यको लागि आर्थिक सहयोग वापत रु.१,९४,७००।- भुक्तानी दिएकोमा उक्त रकमबाट समुहले सम्पादन गरेका कार्यहरुको अनुगमन तथा निरीक्षण हुनु पर्दछ ।

२५. **अग्रिम कर:** एक सहायक वन अधिकृतले हेटौंडा उप महानगरपालिका वडा नं.७ सिग्त एक सामुदायिक वन उपभोक्ता समितिमा वृक्षारोपण कार्य गर्न रु.५,२६,०६९।३२ को माल सामान खरीद गरेकोमा उक्त रकमको १.५ प्रतिशत अग्रिम कर रु.७८९१।०० र ढुवानी रु.१७०००।- को १० प्रतिशतले हुने रु.१७००।- समेत रु.९५९१।- मध्ये रु.२४४९।- मात्र कर कट्टा गरेकोमा घटी कट्टी गरेको रकम रु.७१४२।- असूल हुनु पर्दछ ।

२६. **सामाजिक सुरक्षा कर:** दुई सहायक वन अधिकृतले कोगटेमा १४८२० थान लौठ सल्लाको विरुवा रोपे वापत २०७३।२।१ देखि २०७३।३।२२ सम्मको मष्टरोलबाट रु.५४०५५०।- खर्च लेखेकोमा आयकर ऐन, २०५८ अनुसार कट्टि गर्नु पर्ने १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टि नगरेकोले रु.५४०५।- असूल हुनु पर्दछ ।

२७. **खरिद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम दश लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालसामान खरीद गर्दा बोलपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने उल्लेख भएकोमा कार्यालयले ७ वटा नर्सरीसंग सोझै दररेट मागी घटी वाला एक नर्सरीबाट लौठ सल्लाको विरुवा १८८२० गोटा खरीद गरी रु.१०,१६,२८०।- भुक्तानी गरेकोमा सो नियमावली अनुसारको प्रक्रिया पुरा गरी खरीद भएको पाईएन ।

२८. **भुक्तानीमा कर कट्टी:** आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्ने व्यबस्था छ । कार्यालयले एक नर्सरीबाट लौठ सल्लाको विरुवा १८८२० गोटा खरीद गरी रु.१०,१६,२८०।- भुक्तानी दिएकोमा सो ऐन अनुसार अग्रिम आयकर रु.१५२४४।०० नगरेको, वन उद्यान निर्माणको कार्यको लागि रु.१२९३१७।०० का माल सामान खरिदमा अग्रिम कर रु.१९३९।- कट्टा नगरेको एवं ज्याला खर्च रु.२,१८,४५०।- को १ प्रतिशत सामाजिक सुरक्षा कर रु.२१८४।- कट्टा नगरेकोले असूल हुनु पर्दछ ।

२९. **विल भरपाई:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) अनुसार लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । कार्यालयले सामुदायीक वन तथा कवुलियती वन कार्यक्रमवाट जिविकोपार्जन सुधार योजना अर्न्तगत वाखा खरिदको लागि १५ समुहलाई प्रति समुह रु.५०,०००।- का दरले रु.७५०,०००।- भुक्तानी खर्च लेखी अनुदान दिइएकोमा सो खर्च प्रमाणित गर्ने अन्य कागजात पेश हुनु पर्दछ ।

३०. **रासन खर्च:** सामुदायिक वनको प्राविधिक परीक्षण वापत एक सहायक वन अधिकृतको रु.१ लाख पेश्की फछ्र्यौट भएकोमा अनुगमनमा गएको जनाई ४ कर्मचारीलाई दैनिक भत्ता रु.९३ हजार भुक्तानी खर्च लेखेकोमा उक्त दिनको राशन खर्च कट्टा गर्नु पर्नेमा रासन खर्च कट्टा नभएकोले उक्त रकम रु.८ हजार असुल हुनु पर्दछ ।

३१. **स्वीकृत कार्यक्रमः** वार्षिक स्वीकृत कार्यक्रम अनुसारको नदी उकास सार्वजनिक जग्गामा रुख प्रजाती विरुवा रोपण कार्यक्रम संचालन नभई प्रगति शुन्य प्रतिशत रहेको छ। तोकिएको कार्यक्रम तोकिएको चौमासिक अवधि भित्र गर्नु पर्नेमा सो अनुसार भए गरेको पाइएन ।

३२. **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) अनुसार लागत अनुमान तयार गर्ने सिलसिलामा जि.आई. वायर लगायत निर्माण सामाग्री, कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिको दररेट अनुसार गर्नु पर्ने उल्लेख छ। कार्यालयले जि आई वायर खरिद गर्दा जिल्ला दररेट समितिको दररेट अनुसार लागत अनुमान नगरी वजार दररेट अनुसार लागत अनुमान तथा कार्य सम्पन्न नदेखाई रु.६८ हजार बढी भुक्तानी गरेको रकम असुल हुनु पर्दछ ।

३३. **कार्य सम्पन्न प्रतिवेदनः** वृक्षारोपण क्षेत्र तारवार कार्य घ्याम्पे सामुदायिक वनको लागत अनुमान रु.२,२४,०२५।- भै कार्य सम्पन्न ३,९०,३३६।- भएको कार्य सम्पन्न प्रतिवेदन संलग्न भै आएको अवस्थामा सोवापत एक कर्मचारीको पेश्की रकम रु.४२०,०००।- पुरै फछ्र्यौट भई रु.२९६६४।- बढी फछ्र्यौट भएकोमा खरिद भएको बाँकी मूल्यको कांडेतार अन्यत्र प्रयोग भएको भनि कार्यालयले जनाएतापनी सो को कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन ।

३४. **वढी दरः** नर्सरीवाट वृक्षारोपण स्थलसम्म ट्याक्टरवाट विरुवा ढुवानी गर्न प्रतिट्रिप रु.२१००।- ले लागत अनुमान तयार गरिएकोमा कार्य सम्पन्न तथा भुक्तानी हुदा प्रति ट्रिप रु.३,०००।-का दरले भुक्तानी भएकोले लागत अनुमानको दर भन्दा वढी दरले भुक्तानी भएको ४ ट्रिपको रु.३६००।०० असुल हुनु पर्दछ ।

३५. **कर कट्टाः** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार निर्माण लगायत अन्य माल सामान सेवा,सामान आपूर्ति गर्दा नियमानुसार अग्रिम कर वापत १.५ प्रतिशत कट्टी गरी भुक्तानी खर्च लेख्नु पर्नेमा मेशिन खरिद, ढुवानी वापत रु.१५,६३,०००।०० भुक्तानी गर्दा कर कट्टा नगरी भुक्तानी भएकोले अग्रीम कर वापतको रकम रु.२४ हजार असुल हुनु पर्दछ ।

३६. **अमानतः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४५(१) मा सामान्य प्रकृतिको मर्मत,सम्भार, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य मात्र अमानतवाट काम गर्न सक्ने, नियमावलीको नियम ९५ अनुसार अमानतवाट काम गर्न एक तह माथिको तालुक निकायवाट पूर्व स्वीकृति लिनु पर्ने र रु.१ लाख रुपैयामा नवढाई खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले रु.५३ लाख ६० हजारको निर्माण कार्य अमानतबाट गराएकोमा एक तह माथिको स्वीकृत लिएको देखिएन ।

**३७.** **अन्य कार्यालयको खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (१) मा स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्नु पर्ने व्यबस्था छ । कार्यालयले क्षेत्रीय वन कार्यालयमा कार्यरत क्षेत्रीय निर्देशक वाहेकका कर्मचारीहरुलाई २०७२ माघ देखि २०७३ आषाढ सम्मको रासन खर्च रु.४०७०३३।- खर्च लेखेको छ । अन्य कार्यालयमा कार्यरत कर्मचारीको लागि खर्च लेख्नु मनासिव देखिएन ।

**३८.** **पेश्की बांकीः** आर्थिक वर्षको अन्त सम्ममा दुई सहायक वन अधिकृतले लिएको पेश्की रु.३२ हजार फछ्र्यौट नभएकोले उक्त पेश्की फछ्र्यौट हुनु पर्दछ ।

३९. **आय व्ययः** गत वर्षको बैंक जम्मा भएको तर कार्यालयमा आम्दानी नजनाएको रु.५४८५५४।- समेत जम्मा रु.१,२५,९३,१२२।- मा जिम्मेवारी सारेको र यस वर्षको रु.९६,९६,९१०।- समेत कुल आम्दानी रु.२,२२,९०,०३२।- यस वर्षको खर्च रु.९६,८९,२६४।- कट्टा गरी रु.१,२६,००,७६८।- बांकी देखिएको श्रेस्ताको परीक्षण गर्दा देहाय बमोजिम देखिन आएको छ ।

- कार्यालयबाट प्राप्त ख ६ खाताको आर्थिक विवरणमा देखाईएको कारोवार मध्ये ५ कोषबाट रु.१ करोड ९७ लाख ३० हजार खर्चको लेखा सम्बन्धित निकायमा पठाएको भनी कार्यालयले लेखापरीक्षणको लागि पेश गरेको छैन ।

- जिल्ला वन समन्वय समितिको नाममा रु.३०२३।- रहेकोमा कार्यालयले आर्थिक विवरण तयार गरेको छैन् ।

४०. **बढी भुक्तानी:** एक सामुदायिक वन उपभोक्ता समितिबाट आर्थिक वर्ष २०७२।७३ मा गोलिया काठ ३०७.७० क्यूफिट प्राप्त भएकोमा २१३.६१ क्यूफिट विक्रि भई ९४.०९ क्यूफिट काठ बांकी देखाएको छ । तर २२६.९१ क्यूफिटको विभिन्न ग्रेडको काठको ८५ प्रतिशत रु.११९९९३।- र कटान मुछानको रु.११०।- ले रु.२४,९६२।- समेत रु.१,४४,९५६।- भुक्तानी दिएको छ । तर काठ दाउरा विक्री खाताबाट २१३.६१ क्यूफिट मात्र विक्री देखाएकोमा खातामा भन्दा बढी १३.३ क्यूफिटको प्रति क्यूफिट रु.८००।- ले रु.१०६४०।- र कटान मुछान प्रति क्यूफिट रु.११०।- ले रु.१४६३।- समेत कूल रकम रु.१२१०३।- बढी भुक्तानी हुन गएको रकम उक्त सामुदायिक वनबाट असूल हुनु पर्दछ ।

४१. **राजस्व ढिला दाखिला:** यस वन पैदावार विकास समितिबाट आर्थिक वर्षको अन्तमा ६ वन उपभोक्ता समिति समूहलाई काठ दाउरा विक्री वापतको रकम मध्ये कट्टा गरी राजश्वमा जानु पर्ने २५ प्रतिशत रकम रु.११५८२५८।- २०७४।४।३ मा मात्र राजश्व खातामा दाखिला देखाएको छ ।

४२. **राजश्व खाता:** वन पैदावार आपूर्ति कार्यविधि निर्देशिका, २०६३ अनुसार संकलन गरीएको मु.अ.कर रकम राजश्व खातामा दाखिला गर्नु पर्ने व्यबस्था छ। कार्यालयले काठ दाउरा विक्री भएको जनाई समितिलाई काठ दाउरा विक्री वापत भुक्तानी खर्च लेख्दा मु.अ.कर रकम राजश्व खातामा दाखिला गर्नु पर्नेमा राजश्व खातामा दाखिला नगरी समितिको खातामानै रु.५ लाख ५९ हजार मौज्दात राखेकोले उक्त रकम राजश्व खातामा दाखिला हुनु पर्दछ ।

४३. **गाडी खरिद:** सवारी साधन खरिद गर्नु पूर्व अर्थ मन्त्रालयको सहमती लिनु पर्ने उल्लेख छ । कार्यालयले प्रस्तावित कार्य योजनामा गाडी खरिद गर्ने प्रस्ताव पेश गरी वलेरो गाडी खरिद वापत रु.२२,६५,०००।- र गाडीको लागि विभिन्न सामान नयां गाडीमा फिट गरेको देखाई रु.१९४९२५।- समेत रु.२४,५९,९२५।- भुक्तानी खर्च लेखेकोमा अर्थ मन्त्रालयको स्वीकृत लिएको पाइएन । उक्त गाडी खरिद गर्दा आपूर्तिकर्तासंग सम्झौता भएको पाइएन । गाडी खरिद गर्दा स्पेशिफिकेशन अनुसारको गाडी उपलब्ध गराएपछि विभिन्न समानको रकम भुक्तानी गरेको नियमित देखिएन ।

४४. **थप पारिश्रमिक:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४२ मा नेपाल सरकारको आर्थिक दायित्व बृद्धि हुने कुरामा अर्थ मन्त्रालयको पूर्व सहमती लिन पर्ने उल्लेख छ । कार्यालयले वन पैदावार समितिमा कार्य गरेको जनाई समितिका कर्मचारीलाई थप पारिश्रमिक मासिक रुपमा वन विभागबाट कार्य योजना स्वीकृत भएको जनाई रु.४,२७,१६२।- भुक्तानी खर्च लेखेकोमा अर्थ मन्त्रालयबाट पूर्व स्वीकृति लिएको देखिएन ।

४५. **धरौटी**: धरौटी फिर्ता गर्नु पूर्व कर विवरण पेश गरी समायोजन गरे नगरेको सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट एकिन गरी भुक्तानी दिने पत्र जारी गरे पछि मात्र भुक्तानी गर्ने भनि आन्तरिक राजश्व विभागको २०६९।६।१० को पत्रमा उल्लेख भएकोले सो प्रमाणको आधारमा मात्र धरौटी फिर्ता दिनु पर्नेमा सो प्रमाण वेगर ४ सप्लायर्स रु.१ लाख ९९ हजार धरौटी फिर्ता दिएको छ ।

४६. **लगत बाँकी:** कार्यालयले असुल गर्न बाँकी रहेको र बिक्रि गर्न बाँकी रहेको काठ, दाउराको लगत बाँकी राजश्वको लगत परिमाण र रकम समेत स्पष्ट गरी अभिलेख राख्नु पर्दछ । कार्यालयबाट प्राप्त आर्थिक विवरण अनुसार गत वर्षको लगत जिम्मेवारी सारेको समेत यो वर्ष रु.४९५१८८४।- कायम रहेकोमा रु.६०३१४।- असुल भई रु.४८३१२५६।९७ बाँकी रहेको देखिएको छ । लगत कायम गर्दा मुद्दा, दण्ड जरिवाना, काठको रोयल्टी वापत भनी आर्थिक विवरणमा उल्लेख गरेको देखिन्छ तर मुद्दा वा काठ दाउराको परिमाण समेत स्पष्ट हुने गरी अभिलेख तयार गरेको भने पाइएन । आर्थिक वर्षको अन्त्यमा लगत बाँकी देखिएको रु.४८९१५७०।- प्राप्त हुन बाँकी आर्थिक विवरणमा खुलाएको भएता पनि सोलाई पुष्टि गर्ने गरी अभिलेख राखेको देखिएन ।

४७. **राजश्व लेखाः** कार्यालयले राजश्व लेखा प्रणाली अन्तर्गत म.ले.प.फा.नं. ११८, १०८क, १०८ख र २३ राखेको पाईएन ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **वितरणः** युनिसेफको सहयोगमा न्यानो कपडा वितरण गर्न १० हजार थान प्राप्त भएकोमा ४५०० थान वितरण भै ५५०० थान स्टोर मौज्दात रहेको छ । बाँकी रहेको कपडालाई उचित ढंगले वितरण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिएको छ । त्यस्तै गरी युनिसेफबाट बाल भिटा १५ लाख प्राप्त भएको मध्ये ५ लाख वितरण भै १० लाख मौज्दात रहेको पाइयो । सो बाल भिटाको उत्पादन २०१५।६।२६ मा भएको र २०१८।२।२५ सम्म प्रयोग गर्न योग्य अवधि भएकोले अभाव रहेको क्षेत्रमा समयमा पठाई सो को प्रयोग गराउने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

२. **निशुल्क औषधीः** कार्यालयले ७५ किसिमका निशुल्क औषधी खरीद गर्न विभिन्न औषधी सप्लायर्ससँग दररेट लिई लागत अनुमान तयार गरेको छ । कार्यालयले ४८ लाख मूल्य बराबरको औषधी खरिद गर्न बोलपत्र आव्हान गरेकोमा ४ वटा बोलपत्रदाताको आइटमवाइज बोलपत्र स्विकृत गरी सम्झौता गरेको छ । संस्थाहरुसँग छुट्टा छुट्टै सम्झौता गरेकोमा सबै सप्लायर्सले औषधि आपूर्ति गरेको छ । जिल्लामा औषधीको माग बढेकाले पुनः दोश्रो पटक बोलपत्र माग गरेकोमा बोलपत्र नपरेको र ३ किसिमका औषधी अत्यावश्यक भएको भनि २०७३।३।१३ को निर्णयले रु.२,८९,९९८।- मूल्यको खरीद गरी निशुल्क वितरण गरेको छ।

३. **अनुगमनः** जिल्ला जनस्वास्थ्य कार्यालय, प्रा.स्वा.के., स्वास्थ्य चौकी लगायत ५० वटा स्वास्थ्य संस्थाहरुको लागि अनुदान स्वरुप १९ लाख उपलव्ध गराएकोमा सो रकमबाट संस्थाको कार्य प्रगतिबारे कार्यालयले अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा सो गरेको पाइएन ।

४. **प्रतिवेदनः** एक कर्मचारीले लिएको पेश्की फछ्र्यौट गर्दा कार्यक्रमको प्रतिवेदन तयार गरेवापत ३ जना कर्मचारीको रु.१०००।- मा १५ प्रतिशत कर कट्टा गरी रु.८५०।- का दरले लिएकोमा प्रतिवेदन पेश नगरेकोले रु.२५५०।- असुल गर्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **धरौटीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७९(३) मा एक आर्थिक वर्षमा बांकी रहेको धरौटी अर्को आर्थिक वर्षमा जिम्मेवारी सानुपर्नेछ भन्ने उल्लेख छ । गतवर्षको जिम्मेवारी रु.१,१९,००,८३३/- र यो वर्ष प्राप्त भएको रु.७,६१,१७,५८२/-समेत चालु वर्षमा रु.८,८०,१८,४१५/-जम्मा भएकोमा रु.९,३०,९४२/-सदरस्याह फिर्ता भई रु.८,७०,८७,४७३/- धरौटी बाँकी रहेको छ ।

२. **आन्तरिक आयः** जिल्ला विकास समितिले नदीनालाका बालुवा, ढुङ्गा, गिट्टी, रोडाको निकासी र विभिन्न सडकको पूर्वाधार उपयोग करको ठेक्का बन्दोवस्त गरे वापत ठेकेदारसँग गरिएको सम्झौता बमोजिमको प्राप्त रकमलाई आन्तरिक आयमा आम्दानी बाँध्नु पर्ने रकम रु.६४,२५,३४१/- धरौटीमा राखिरहेको पाइयो । सो व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औल्याइएकोमा स्थिती यथावत रहेको छ ।

३. **शेयर लगानीः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमिावली, २०५६ अनुसार जिल्ला विकास समितिले कुनै पनि कम्पनीमा शेयर लगानी गर्न मिल्ने व्यवस्था रहेको छैन । जिल्ला विकास समितिले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०६९/११/६ को निर्णयबाट स्वीकृति दिएको आधारमा काठमाण्डौं कुलेखानी हेटौंडा सुरुङ्ग मार्ग निर्माणको जिम्मेवारी पाएको नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडको १०००० कित्ता शेयरमा मिति २०७०/२/२४ मा रु.१० लाख लगानी गरेको पाइयो । कानूनी व्यवस्था नरहेको र पूँजी लगानी गर्न कार्यविधि पनि नरहेको स्थितिमा जोखिम मूल्याङ्कन समेत नगरी शेयर लगानी गरेको व्यहोरा गत बर्षको लेखा परीक्षण

प्रतिवेदनमा समेत औल्याइएको थियो । यस सम्वन्धमा कानुन व्यवस्था एवं कार्यविधि तयार गर्नुपर्ने देखिन्छ ।

४. **पेश्की:** स्थानीय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९१(१) मा काम काजको निमित्त चालु आर्थिक वर्षमा गएको पेश्की रकमको सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्नेछ भन्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार रु. २,४०,६५,०००/- पेश्की बाँकी रहेको छ । फछ्र्योट हुन बाँकी चालु तथा गत विगत वर्षको म्याद नाघेको पेश्की नियमानुसार फछ्र्यौट हुनु पर्दछ । चालु आ.व. को अन्तमा फछ्र्यौट नभएको जिल्ला विकास कोषतर्फको रु.१२,२८,०००।- र केन्द्रतर्फको रु.२,२८,३७,०००।- गरी जम्मा २,४०,६५,०००।- पेश्की स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ र १९० बमोजिम आर्थिक प्रशासन नियमावली बमोजिम फछ्र्यौट गर्नु पर्दछ ।

५. **जिन्सी सापटी:** कार्यालयले जिन्सी प्रतिवेदन औल्याइका ६ आइटमका ९ थान सामानहरु रु.१६१३०।- मुल्य बरावरका सापटी लगिएका मालसामान लेखापरीक्षण अवधि २०७३।११।०३ सम्म पनि सम्वन्धीतले फिर्ता गरेको पाइएन । सापटी सामानहरु फिर्ता लिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

६. **आन्तरिक लेखापरीक्षण:** स्थानीयस्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्ने व्यवस्था छ । कार्यालय अर्न्तगतका ३५ गाउं विकास समिति सबैको आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । गाउं विकास समितिहरुको आन्तरिक लेखापरीक्षणको जिम्मेवारी जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण इकाईमा रहेको छ । तर जिल्लामा रहेका ३५ गा.वि.स.हरु मध्ये लेखापरीक्षण अवधि २०७३।१०।३० सम्म आ.ब. २०७२।७३ को कुनै पनि गा.वि.सको लेखापरीक्षण नियुक्त भएको छैन । समय मै लेखापरीक्षक नियुक्ति गरी लेखापरीक्षण गराई आर्थिक प्रशासनमा पारदर्शी वनाइनु पर्दछ ।

७. **अधुरा योजना:** स्थानीय स्वायत्त शासन ऐन २०५५ मा जि.वि.स.ले योजना छनौट गर्दा ध्यान दिनुपर्ने प्रकृया एवं अवस्थाको वारेमा र योजना छनौट गर्दा दिनुपर्ने प्राथमिकताको बारेमा उल्लेख गरिएको छ । ऐनमा भएको व्यवस्था वमोजिम को प्रकृया वमोजिम योजना छनौट हुने गरेको पाईयो । कार्यालयले उपभोक्ता समितिमार्फत २३४ वटा रु.६७१२००००।- को कार्य गराएकोका २४ वटा कार्यक्रमको रु १,०५,८१,०००।-का योजनाहरु सम्पन्न हुन नसकेकोले समयमै सम्पन गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

८. **लागत अनुमान:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा २४ अनुसार आयोजनाको लागत अनुमान तयार गर्दा नेपाली भाषामा तयार गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको पाइएन । कार्यविधिले तोकेबमोजिम लागत अनुमान नेपाली भाषामा तयार गर्नुपर्दछ ।

९. **पाइपको मौज्दात:** कार्यालयले कुनै पनि कार्यका लागि आवश्यक पर्ने सामाग्रीहरुको पूर्ववत रुपमा माग सर्वेक्षण गरी अत्यधिक मौज्दात नरहने ढंगले मालसामान खरिद गर्ने पद्दती अवलम्बन गर्नु पर्दछ । कार्यालयले पेश गरेको विवरण अनुसार विभिन्न योजनाका लागि विगतमा खरिद गरेका पाइपहरु परिमाणमा मौज्दात देखिएको छ । कार्यालयले पेश गरेको विवरण अनुसार आ.वको शुरुमा पाइपको मौज्दात २४४७४ मिटर रहेकोमा यस आ.व.मा ३१९९३ मिटर को खरिद भई ३०६२१ मिटर उपयोग गरि यस बर्ष ३०७४७ मिटर पाइप, जस्तापाता ११७ बण्डल, ह्युम पाइप ११२.५० मि. र ग्यावियन जाली २१२ थान मौज्दात रहेको देखिन्छ ।

१०. **गुरु योजना:** स्थानीय निकाय स्रोत परिपालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ११(१) (क) मा जिल्ला यातायात गुरु योजना को प्राथमिकताका आधारमा यातायात पूर्वाधार क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट छनौट भई संचालन हुने अन्य सडक योजनाहरु पनि जिल्ला यातायात गुरुयोजनासंग तालमेल गरी निर्माण गर्नुपर्दछ । कार्यालयले यस वर्ष सञ्चालन गरेका ९६ मध्ये १० वटा रु.७९०००००।- का योजनाहरु जिल्ला यातायात गुरुयोजनामा परेको पाइयो । गुरुयोजनामा परेका योजनालाई प्राथमिकता दिई पुर्वाधार क्षेत्रमा लगानी गरी कार्यविधिको पालना हुनुपर्दछ ।

११. **सापटी फिर्ता:** कार्यालयले भारतीय सहयोग अनुदान कार्यक्रम अन्तरगत निर्माणाधीन महालक्ष्मी नि.मा.वि.भीमफेदी भवन निर्माण कार्यको लागि एक निर्माण सेवा लाई भुक्तानी गरेको रु.३८,४२,९९५।- कोष पुंजिगतबाट सापटी खर्च लेखी भुक्तानी गरेकोले उक्त सापटी रकम भारतिय सहयोग अनुदान कार्यक्रमबाट जिविस कोष लाई सोधभर्ना फिर्ता हुनु पर्दछ ।

१२. **आय व्यवस्थापन:** समितिले ०७२/७३ को आन्तरिक आय ठेक्का बन्दोवस्द गर्न २०७२/३/२० मा सूचना प्रकाशित गरिएको देखिन्छ । यस जिल्ला भित्रको मनहरी, राप्ती, सामरी, आग्रा, सिस्नेरी, कुखेनी लगायतका खोलावाट ढुङ्गा, गिट्टी, बालुवा आन्तरिक, निजी र जिल्ला निकासीको लागि प्रति घन फिट क्रमश: ३।- र ५,- का दर कायम गरिएको छ । न्यूनतम ठेक अङ्क कायम गर्दा जिल्ला भित्र रु.३,२९,००,०००।- र जिल्ला वाहिर निकासीको लागि रु.१,४७,००,०००।- तोकिएको छ । न्यूनतम ठेक अङ्क निर्धारण गर्दा वजार मूल्य र गतवर्ष जिल्ला भित्र खपत परिमाण र जिल्ला निकासीको परिमाण, खुलाएको छैन । गतवर्ष जिल्ला भित्रका कुन कुन खोलाबाट के कति परिमाणमा नदिजन्यपदार्थ संकलन गरेको सो को परिमाण खुलेको देखिँदैन । गतवर्ष जिल्ला निकासी गर्दा चितवन र वारा जिल्लाको सिमाना नाकामा कर्मचारी खटाई के कति निकासी भएको थियो सो अभिलेख राखेको पाइएन । कार्यालयले प्रत्येक खोलाबाट के कति परिमाण ढुङ्गा गिट्टी वालुवा निकाल्न सकिने हो सम्झौता गर्दा प्रत्येक खोलाको छुट्टा छुट्टै परिमाण खुलाउनु पर्नेमा सो खुलाएको छैन ।

सूचना प्रकाशित गर्दा १ मात्र बोलपत्र पेश भई मिति ०७२/४/२८ देखि २०७३ आषाढ मसान्तसम्मको सम्झौता भएको छ । सो सूचनामा वनजन्य तथा जडिवुटी तर्फ रु.३,५०,०००।- न्यूनतम अङ्क कायम गरेको छ । वनजन्य वस्तुमा बोलपत्र पेश नभएको कारणले २०७२/४/२४ मा सातदिने सूचना दिई सूचना प्रकाशित गरे पनि दोश्रो पटक पनि बोलपत्र पेश नभएकोले जडिबुटीतर्फ ठेक्का लाग्न सकेको छैन ।

१३. **अमानत कार्य** : मिति ०७२ श्रावण १ देखि ०७२ श्रावण २७ गते सम्म अमानतबाट राजश्व संकलन गर्न नियमानुसार सिलसिलेबार नम्बर राखी कार्यालयबाट निर्णय गराएर रसिद छपाई गर्नुपर्नेमा सो निर्णय वेगर नं. १ देखि ७००० नं. मा रसिद प्रयोग गरी राजश्व संकलन कार्य गरेको छ । अमानतको माध्यमबाट २०७२ श्रावण १ देखि विभिन्न खोला नदीबाट ढुङ्गा,गिट्टी,बालुवा राजश्व संकलन गर्नका लागि जि.वि.स. कार्यालयका एक कर्मचारीले ५००० सम्मका प्रतिप्याड ५० थानका दरले १०० प्याड र अर्को एक कर्मचारीले र.नं. ५००१-७००० सम्मका ४० प्याडबुझेको देखिन्छ । कार्यालयले अमानतबाट राजश्व संकलन गर्न कर्मचारी वाहेकका व्यक्तिलाई पनि विभिन्न नाकामा खटाएको पाईयो । लेखा परीक्षण अवधि २०७३/११/१ सम्म पनि कार्यालयमा सबै नगदी रसिद फिर्ता भएको छैन । केही रसिदबाट लेखा परीक्षण समयमा मिति २०७३/१०/२३ देखि ०७३/१०/२७ तक ५ दिनमा मात्र रु.१२,९७,४६६।- जि.वि.स.को खाता ग/४/३ मा दाखिला भएको देखिन्छ । २०७२ श्रावण १ गते देखि २७ गते सम्मको राजश्व आम्दानी रु.६१,४९,१४१।- को मूल्यअभिबृद्धि कर वापत १३ प्रतिशतले रु.७,०७,४२३।- पनि राजश्व खातामा दाखिला गरेको

देखिएन । साथै वितरण गरेको सम्पूर्ण नगदी रसिद कार्यालयमा फिर्ता नभएकाले सो सम्बन्धमा छानविन गर्नु पर्ने देखिन्छ ।

१४. **वातावरणीयप्रभाव मूल्याङ्कनः** ढुङ्गा, गिट्टी, बालुवा, माटो जस्ता निर्माण सामाग्री उत्खनन गर्न वातावरणीयप्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परिक्षण गरेको पाइएन । तसर्थ प्राकृतिक दृष्टिकोणले समेत अध्ययन भै नसकेको खोलानालामा ठेक्का लगाउनु उचित देखिदैन।

१५. **अमानतबाट कार्यः** लोथर खोलाको ग्राभेलको अमानतबाट राजश्व संकलन कार्यको लागि शाखाका एक कर्मचारीले प्रतिप्याड ५० का दरले ३०० प्याड नगदी रसिद बुझेको देखिन्छ । अमानतबाट राजश्व संकलन गर्दा के कति परिमाणमा ग्राभेल संकलन गर्ने, कुन ठाउँबाट र कति परिमाण निकाल्ने सो स्पष्ट गरी निर्णय गरेको पाइएन । कार्यालयले पेश गरेको राजश्व नगदी रसिदमा जिल्ला निकासी गरेको समेत देखियो । उक्त १५००० थान रसिद मध्ये के कति प्रयोग भई कति राजस्व असुली भएको एकिन विवरण वेगर लोथर खोलामा आन्तरिक विक्रि भनि रु.१,१९,०३,६७५।- राजश्व असुली रकम कार्यालयमा दाखिला गरेको देखिन्छ । अत प्रयोग रसिद बिकी परिमाण र असुल हुनुपर्ने आय सम्वन्धमा छानविन हुनु पर्दछ ।ढुङ्गा, गिट्टी, बालुवाको आन्तरिक आय ठेक्का बन्दोवस्तको लागि लागत अनुमान तयार गर्दा आन्तरिक विक्रि गर्दा प्रति घ.फि. रु.३।- र जिल्ला निकासी गर्दा प्रति घनफिट ५।- कायम गरेको छ। कार्यालयमा पेश भएको नगदी रसिदमा चितवन जिल्लातर्फ निकासी भएको देखिन्छ । चितवन जिल्लाले प्रति घनफिट रु.३।०० का दरले राजस्व असुली गरेको भनि रु.३ का दरले निकासी गरेको पाइयो ।सो लोथरखोला चितवन जिल्लाको सिमानामा पर्ने र सबै परिमाण निकासीगर्दा १,९८,३४,४५८।- हुन सक्ने हुन्छ । कार्यालयले पेश गरेको विवरण अनुसार रु.१,१९,०३,६७५।- जि.वि.स. कोषमा दाखिला गरेकोमा सो मा १३% ले हुने राजश्व दाखिला नगरेकोमा कार्यालयले ने.बै.लि., हेटौडामा मिति ०७३/११/१ राजश्व भौ.नं. २६७८५०५४ बाट राजस्व खाता नं.१-१-४-१-६ मा लेखापरीक्षणको क्रममा १३,६९,४५०।-दाखिला गरेको भौचर पेश भएको छ । सो लोथरखोलाबाट के कति परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा संकलन गरियो र सो संकनको क्रममा छपाई गरिएका नगदी रसिद प्रयोग भएका र नभएका रसिदका वारे छानविन हुनु पर्दछ ।

१६. **कर समायोजनः** नदीजन्य पदार्थको सङ्कलन तथा उत्खनन गर्ने ठेक्का र कर सङ्कलन गर्ने ठेक्का पृथक पृथक ९ सङ्कलनकर्ताको प्राविधिक लागत अनुमान तथा मुल्याङ्कन र कार्य सम्पन्न बील अनुसार रु.४२,९८,०६९। भुक्तानी दिएको रकममा मु.अ.कर समेत समावेश गरि भुक्तानी खर्च लेखेकोले तपसिल मु.अ.कर रु.५,५८,७४८/- समायोजन गरेको प्रमाण पेश भएको छैन ।

१७. **घाटगद्दिः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले ७ निर्माण सेवा/फर्मलाई विभिन्न स्थानमा घाटगद्दि गरे वापत भुक्तानी गरेकोमा उक्त निर्माण व्यवसायी, फर्मसँग सम्झौता गरेको प्रमाण तथा निर्माण व्यवसायीले सम्झौतामा तोकिएको स्थानमा तोकिएको परिमाण क्षेत्रमा फरक नपर्ने गरी घाटगद्दि गरे नगरेको निगरानी तथा निरीक्षण गरी तयार गरेको प्रतिवेदन तथा नापजाँचको प्रमाण समेत पेश नभएकोले घाटगद्दि गरेको भनि भुक्तानी दिएको रु.३४,०९,७८८/- सम्वन्धमा प्रमाण पेश हुनुपर्दछ ।

१८. **रेडियो कार्यक्रम उत्पादनः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । विपद व्यवस्थापन सम्बन्धि ५२ वटा फरक फरक रेडियो कार्यक्रम उत्पादन गरेको भनि प्रति कार्यक्रम रु.३०००।- का दरले रु.१,५६,०००।- मा १५ प्रतिशत पारिश्रमिक कर २३,४००।- कट्टा गरी रु.१३२६००।- एक कार्यक्रम निर्मातालाई भुक्तानी गरेको छ। निजले तयार गरेको कार्यक्रमको प्रमाण पेश नभएको, सो कार्यक्रम सम्वन्धमा निजको अनुभव, योग्यताको प्रमाण पेश नभएको एवं उत्पादन गरेको कार्यक्रम रेडियोमा

प्रसारण गरेको प्रमाण समेत पेश नगरेकोले उक्त प्रमाण वेगर भुक्तानी गरेको खर्च रु.१३२६००/- नियमित देखिएन ।

१९. **म्याद थपः** भारतीय सहयोगमा महालक्ष्मी मा.वि. भवन निर्माण गर्न रु.२,१९,१९,२२१।- को ल.ई. तयार भएकोमा एक निर्माण व्यवसायीको रु.१,६०,२८,९५१।- को बोलपत्र स्विकृत भई २०७२।५।१३ मा कार्य सम्पन्न गर्नुपर्ने गरी २०७१।२।१३ मा सम्झौता भएको छ । उक्त निर्माण सेवालाई रु.३३,६८०००।-पेश्की उपलब्ध गराइएकोमा २०७२।६।१४ सम्म रु.४०,७७,५४४।-को बिल पेश भई भुक्तानी भएकोमा बिलबाट पेश्की फछ्र्यौट गरिएको छैन । उक्त कार्य संझौताको अवधि सम्म कार्य सम्पन्न नभई २०७४।२।१५ सम्मको म्याद थप गरेको छ ।

उक्त भवनको २०७३।१०।२३ मा स्थलगत निरीक्षण गर्दा सो भवनमा १४ वटा कक्षा कोठा समेत १८ कोठा निर्माण कार्य भएका, २ तले उक्त भवनको दुवै तलाको ढलान कार्य सम्पन्न भएको, वाल लगाउने, कक्षा कोठा ढलान गर्ने कार्य बाँकी रहेको, झ्याल, ढोकामा खापा लगाउन बाँकी देखिएको, इटा प्रयोग गर्दा कमसल इटा प्रयोग गरेको देखिन्छ । सम्झौताको कार्यतालिका अनुसार समयमा गुणस्तरीय काम गराउने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

२०. भारतीय सहयोगमा जनकल्याण उ.मा.वि. दामन पालुङ्गमा भवन निर्माणको लागि रु.४,०९,८७,५५९।- को लागत अनुमान भएकोमा एक निर्माण व्यवसायीको रु.३,२८९८,२१३।- को बोलपत्र स्विकृत गरी मिति २०७०।४।१३ मा सम्झौता भएको छ । सम्झौता अनुसार २०७१।७।३० मा कार्य समपन्न गर्नुपर्नेमा सम्पन्न भएको छैन । कार्यालयले प्रथम पटक २०७२।७।३० सम्म र दोश्रोपटक २०७४।३।३० सम्म म्याद थप गरेको छ । सम्झौता अनुसार २०७१।७।३० मा कार्य सम्पन्न गर्नुपर्नेमा सम्झौताको कार्य तालिका अनुसार काम नभएकोमा विना हर्जाना पटक पटक म्याद थप गरिनु उचित मान्न सकिएन । निर्माण व्यवसायीलाई २०७२।६।२१ सम्म पाँचौं रनिंग बिलसम्मको रु.१,१२,९०,७९५।- भुक्तानी भएकोमा सो भन्दा पछि भुक्तानी भएको छैन । निजसँग रु.३६,६४,८८७।- पेश्की बाँकी छ । कार्यालयले भवन निर्माण कार्य सम्पन्न गराउने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

२१. **भेरिएसनः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५० मा स्वीकृत लागत अनुमान बमोजिम काम शुरु गरिसकेपछि प्राविधिक कारणवाट त्यस्तो कार्यको परिमाण थपघट गर्न वा नयाँ आईटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा स्वीकृत वजेटको अधिनमा रहि भेरियशन गर्नु पर्ने भएमा नयाँ लागत अनुमान तयार गरी छुट्टै खरिद प्रक्रियाबाट काम गराउनु पर्छ भनि उल्लेख भएको छ । दामन-डाँडाबास सडक प्याच वर्क गर्ने कामको लागत अनुमान रु.९,९८,७२१।- भएकोमा एक निर्माण सेवासँग रु.९,२८,२८५।- मा ठेक्का सम्झौता भएको छ । निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पन्न विल र प्राविधिक सिफारिस अनुसार उक्त कार्यमा रु.७,४२,०३५।- बराबरको कार्य भएकोले ७९.९३ प्रतिशत मात्र भई कार्य सम्पन्न भएको छ । कार्यालयले नियमानुसार भेरियसन स्वीकृत गराएको नपाईएकोले भेरियसन स्वीकृत गराउनु पर्दछ ।

२२. **आर्थिक प्रतिष्पर्धा**ः कुलेखानी-फाखेल-हुमाने भञ्ज्याङ्ग सडक निर्माणको लागि रु.८,३९,६०९।- को लागत अनुमानमा शिलवन्दी दरभाउ पत्रबाट एक निर्माण व्यवसायीसँग रु.८,२१,१८०।- मा ठेक्का सम्झौता भएको छ । कार्यालयवाट आव्हान गरेको शिलवन्दी दरभाउपत्र अनुसार एक थान ईविडिङ्गबाट र तीन थान कार्यालयमा दर्ता भएको देखियो । कार्यालयले प्राप्त सबै दरभाउपत्रको मुल्याङका गरी सबभन्दा कम कबोल गर्नेको ठेक्का स्वीकृत गर्नु पर्नेमा दुई निर्माण व्यवसायीको दरभाउ पत्रलाई मात्र आर्थिक प्रतिष्पर्धा गरी समावेश दुइ मध्ये कम कबोल गर्ने उक्त निर्माण व्यवसायीको कबोल अङ्कलाई स्वीकृत गरेको छ । बाँकी दुई दरभाउ पत्र के कुन कारणबाट आर्थिक प्रतिष्पर्धाबाट हटाईएको हो सो को कारण तथा मुचुल्का पेश नभएकोले दर्ता भएका ४ दरभाउ पत्र मध्ये २ वटाको मात्र आर्थिक प्रतिस्पर्धा गराई ठेक्का स्वीकृत गरेको आधार स्पष्ट भएन ।

२३. **कर्मचारी कल्याण कोषः** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६६ को उप नियम ३ मा पेश्की दिन सकिने र सम्बन्धित कर्मचारीको तलववाट किस्तावन्दीमा कट्टी गरिने छ भनि उल्लेख भएको छ। कोषमा रहेको रकमवाट गत विगत वर्ष ४२ जनालाई रु.५६,५९,०७३।- र यो वर्ष ६ जनालाई दिएको पेश्की रु.५३५०००।- गरी रु.६२,९४,०७३।- पेश्की दिएको छ। पेश्की लिने कर्मचारीहरुले नियमावलीमा उल्लेख गरे बमोजिम हिसाव पेश नगरी पेश्की बाँकी नै राखेको छ भने कार्यालयले पनि पेश्की फछ्र्यौट गराउने तर्फ हुनै कावाही अगाडी बढाएको देखिएन। यसरी वर्षौ वर्षसम्म पेश्की बाँकी राखिरहनु नियमानुसार नियम सम्मत देखिदैन।

२४. **कार्य सम्पन्न नभएकोः** विभिन्न झोलुंगेपुलको लागि चाहिने स्टील पार्टस खरिदको लागि रु.४५,६०,२७१।- को लागत अनुमान भएकोमा एक सप्लायर्सको रु.३८,५३,४२०।- को ठेक्का स्वीकृत भई ०७३ जेष्ठ ३२ भित्र समान उपलब्ध गराउने गरि ०७२/१२/१४ मा सम्झौता भएको छ। सम्झौता अवधि भित्र कार्य सम्पन्न नगरेकोले बैंक जमानतको रु १,९५,०००।- र पेश्की जमानत वापतको रु ५,३५,०००।-रोक्का राख्न कार्यालयले ०७३/३/७ मा बैंक लाई पत्र लेखेको छ। सम्झौता बमोजिम कार्य नगरेकोमा सम्झौता बमोजिम कार्य गराउन थप कारवाही गरेको देखिएन।

२५. **अभिलेखः** कार्यालयबाट झोलुंगेपुलको प्राविधिक, सामाजिक संगठनात्मक सहयोग सम्बन्धि कार्यको लागि सार्वजनिक सुचना मार्फत प्रस्ताव मांग गरेकोमा एकमात्र प्रस्तावकको प्रस्ताव पेश भएकोमा सोही प्रस्तावक भई ०७१/१०/९ को सम्झौता बमोजिम ०७२ आषाढ मसान्तसम्म कार्य अवधि राखिएकोमा ०७३ आषाढ मसान्तसम्म म्याद थप गरी विभिन्न मितिबाट शुल्क वापत रु.६,३४,९२८।-भुक्तानी गरेको पाईयो। उक्त भुक्तानी भएको रकम कुन कुन झोलुंगेपुलको हो, कार्यादेश अवधि देखि ०७३ आषाढ मसान्तसम्म कतिवटा झोलुंगेपुल लाई प्राविधि/सामाजिक संगठनात्मक सहयोग दिने हो, सो स्पष्ट नभएको र हाल सम्म कुन झोलुंगेपुल वापत के कति शुल्क भुक्तानी भै सकेको छ, के कति भुक्तानी दिन बांकी छ, अभिलेख राखेको विवरण प्राप्त हुन नआएकोले यो बर्ष शुल्क वापत रु.६३४९२८।- भुक्तानी गरेको आधार स्पष्ट भएन।

२६. **पुल निर्माणः** एक झोलुंगेपुलको रु ६५,११,०८६।- लागत अनुमानको कार्य गर्न उपभोक्ता समिति संग सम्झौता गर्दा जनश्रमदान तर्फ रु १,२५,१२९.००, गाविसबाट रु १,२५,१२९।- वस्तुगत सहयोग रु ४५,९८,३८७- जिविसकोष बाट रु १,१४,३४४।- केन्द्रबाट रु १५,४८,०९४।- समेतबाट खर्च ब्यहोरिने उल्लेख भएको छ। नापी किताबको मुल्याङ्कन अनुसार रु १९,०७,५६८।- बरावरको कार्य सम्पन्न भएपछि कार्यालयको स्वीकृत बजेटबाट गत वर्ष रु ५५८५००।- र यो वर्ष रु ११,०७,२६६।- गरी रु १६,६५,५६६।- भुक्तानी गरेकोमा निम्नानुसार भए गरेको छ :

क) सम्झौता अनुसार जिविसकोष बाट ब्यहोरिनु पर्नेमा कार्यक्रमको बजेटबाट खर्च लेखेकोले उक्त रकम रु ११४३४४।- हिसाब मिलान हुनु पर्दछ।

ख) झोलुंगेपुलको नापी किताब अनुसार रु १९,०७,५६८।- को कार्य भएको भनि मुल्याङ्कन गरेको देखिन्छ भने सो कामको ठेक्का बिल तथा सम्पन्न प्रतिवेदनमा रु १५,६०,६६८।- मात्रको प्रमाण पेश भएकोले बील भन्दा बढी खर्च लेखेकोले रु.३४६८९९।- स्पष्ट हुनु पर्दछ।

ग) सम्झौता अनुसार खर्चको अनुपात मिलाउंदा जि.वि.स.कोष तथा कार्यक्रम बजेट बाट रु १६,६२,४३८।- खर्च ब्यहोरिने उल्लेख भएकोमा कार्यक्रम बजेटबाट उपभोक्ता समितिलाई रु १६,६५,७६६।- भुक्तानी गरेकोले सम्झौता भन्दा बढी भुक्तानी गरेको रकम रु ३३२८।- असुल हुनुपर्दछ।

घ) निर्माण कार्यको नापी किताबमा सो झोलुंगेपुल बनाउंदा कति जिल्ला विकास समितिको अनुदान श्रोत, बस्तुगत खर्च र गा.वि.स.को अनुदान र जनश्रमदान सबै खुल्ले गरी उल्लेख

हुनु पर्नेमा जिल्ला विकास समितिबाट खर्च ब्यहोरिने परिमाण तथा रकम मात्र उल्लेख गर्ने गरेको छ । नापी किताबमा सम्पूर्ण स्पष्ट देखिने ब्यवस्था हुन पदर्छ ।

ङ) सामरीखोला झोलुंगेपुल निर्माण गर्न रु ६०,००,०००।- को लागत अनुमानमा उपभोक्ता समिति मार्फत कार्य गराउन भनि ०७४/२ मसान्त भित्र सम्पन्न गर्ने गरी ०७२/११/९ मा संम्झौता भएको छ । पहिलो बिलको मुल्याङ्कन रु ८६१८१६।- मध्ये जनश्रमदान वापतको रु १,११,२६८।- कट्टा गरी रु ७,५०,५४८।- उपभोक्ता समितिलाई भुक्तानी भएको छ । हेल बृज सपोर्ट यूनिट,काठमाण्डौको ०७३/२/२० को पत्रानुसार उक्त झोलुंगेपुल नजिकै मोटरबाटोको पुल निर्माण गर्न त्यस जि.वि.स.को कार्यालयबाट २४ मे.२०१६ टेण्डर समेत आव्हान भैसकेको र स्थानीय सडक पुल कार्यक्रम केन्द्रीय कार्यालय काठमाण्डौ संगको प्रत्यक्ष छलफलबाट समेत सो मोटर पुल निर्माणको प्रकृया अगाडी बढीसकेको पुष्टि भैसकोले झोलुंगेपुलको निर्माण प्रकृया अगाडी बढाउन मुनासिब नहुने भन्ने पत्रको आधारमा कार्यालयले मिति २०७३/२/२१ को पत्रबाट उपभोक्ता समितिका अध्यक्षलाई उक्त ब्यहोराको जानकारी गराई निर्माण कार्य रोक्का राखिएको पाईयो । पक्कीपुला झो.पु.निर्माण कार्य शुरुवात गराई अनावश्यक रुपमा रु ७,५०,५४८।- खर्च गरेको पाईयो ।

२७. **झोलुंगेपुल मर्मत**: कालीखोला झोलुंगेपुल मर्मत कार्य रु ५,१०,०००।- को लागतमा २०७२/१२/१९ बाट शुरु गरी २०७३/३/१५ मा सम्पन्न गरी रु ४,१०,१९५।- खर्च भएको छ । उक्त झो.पु.२०७०/१०/२१ को सम्झौता अनुसार २०७२/१२/४ मा मात्र सम्पन्न गरेको भनि उपभोक्ता समितिको अन्तिम बिल बमोजिमरु १९,३७७-भुक्तानी गरेको देखियो । कार्यालयले सम्पन्न कार्यको नाप,जांच तथा प्राविधिक सहयोगको लागि छुटै संस्था ग्रामीण जागरण विकास संगठन नेपाललाई नियुक्ति गरी सेवा शुल्क समेत भुक्तानी गर्दै आएको छ । तसर्थ उक्त गै.स.स.ले समेत झोलुंगेपुल किन मर्मत गर्नु पर्‍यो भनि पुष्ट्याई तथा कारण दिएको नदेखिदा अनावश्यक मर्मत कार्य गरेको भनि खर्च रु ४१०१९५।- लेखेको औचित्य देखिएको छैन ।

२८. **विल भरपाई**: झोलुंगेपुल मर्मत वापत एक निर्माण ब्यवयायी लाई भुक्तानी दिएकोमा ब्यवस्थापन खर्च र ज्यामी बीमाको बील बेगर खर्च लेखेको रकम रु.५५३४७.०० असुल हुनु पर्दछ ।

२९. **सामाजिक सुरक्षा भत्ता**: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को बुदा न. १३(२) बमोजिम जिल्ला विकास समितिले समयमै निकासा नदिई प्रथम किस्ता २०७० आश्विन १४गते दोश्रो किस्ता २०७० फाल्गुण ५ गते र तेश्रो किस्ता निकासा २०७१ असार ६ गते दिएको देखिएकोले कार्यविधिले व्यवस्था गरेको समयमा भत्ता बृत्ति वितरण गरी लक्षित समुहलाई पूर्ण रुपमा आश्वस्त बनाउन समयमै बजेट निकासा दिने र वितरण गर्ने प्रणालीको अवलम्बन गर्नु जरुरी देखिन्छ ।

३०. **छात्रवृत्ति**: चेपाङ्ग विकास कार्यक्रम संचालक समितिको २०७२।१२।१५ को बैठकले जिल्लाका उच्च माध्यमिक विद्यालयमा अध्ययनरत चेपाङ्ग छात्रछात्राहरुलाई छात्रवृत्ति वितरण गर्ने निर्णय गरे अनुसार कक्षा ११ का लाई रु.६५००।- र कक्षा १२ का लाई रु.८५००।- को दरले छात्रवृत्ति रकम वितरण गर्ने निर्णय २०७३।२।१८ भएकोमा छात्रवृत्ति रकम वितरण गरेको भरपाईमा एक उ.मा.वि.मा कक्षा ६ मा अध्ययनरत एक छात्र र कक्षा ८ का एक छात्रलाई कक्षा १२ मा अध्ययनरत भनि रु.८५००।- का दरले रु.१७०००।- दिएको रकम असुल गर्नु पर्दछ ।

३५. **गरिबसँग विशेश्वर कार्यक्रम**: एकसामाजिक परिचालकलाई श्रावणदेखि मंसिर सम्मको तलब रु.५०,०००।- भुक्तानी गर्दा निज र कार्यालयबिच मिति २०७२।९।२३ मा २०७२।४।१ देखि लागु हुने गरी भएको सेवा करार सम्झौता को शर्तहरुमा मासिक रु.१०,०००।- पाउने, गा.वि.स. सचिवले प्रत्येक महिनाको हाजिरीको सिफारिस गर्नुपर्ने र निजले सार्वजनिक विदा बाहेक अन्य

कुनै विदा लिन नपाउने र हाजिरीको आधारमा पारिश्रमिक दिनुपर्ने व्यवस्था रहेकोमा निजले कार्तिक महिनामा १३ दिन विदा लिई बसेको देखिएकोले सो अवधिको रकम रु.४३३३।- बढि भुक्तानी भएको देखिएकोले असुल हुनुपर्दछ ।

३१. **राष्ट्रिय ग्रामीण यातायात सुदुढिकरण**: योजना अन्तर्गतको ६ कार्यक्रमको लागि रु.७६४१३०००/- बजेट व्यवस्था भएकोमा रु.४४४३१९१३/- खर्च भई रु.३१९८१०८६/- बजेट बाँकी रहेकोले बजेटको ५८ प्रतिशत मात्र खर्च भएको देखिन्छ तसर्थ बजेटको पूर्णउपयोग गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो ।

३६. **परामर्शदाताहरुको पारिश्रमिकः** चार परामर्शदाताहरुलाई पारिश्रमिक रु.३९,३३,९७६।- भुक्तानी दिएकोमा पारिश्रमिक कर कट्टा नगरेको एवं कर चुक्ता प्रमाण पेश गर्नु पर्नेमा सो गरेको पाइएन । कार्यालयले निजहरुको लाग्ने कर एकिन गरि पारिश्रमिक कर असुली गराई राजश्व दाखिला गर्नुपर्ने देखिन्छ ।

३२. **कुलेखानी फाखेल हुमाने भञ्ज्यांग सडक** : यो सडक सुदृढिकरण गर्ने कार्यका लागि रु.१५,२५,३९,०३२।- को लागत अनुमान तयार गरी २०७२।३।६ मा ३० दिनको म्याद दिई सिलबन्दी बोलपत्र आव्हान गरेकोमा एक निर्मार्ण व्यवसायीले नेपाल बन्द लगायतका कारणले ३० दिन म्याद नपुग हुने भनि म्याद थपको लागि अनुरोध गरेकोमा कार्यालयले बोलपत्र पेश गर्ने अवधि २०७२।४।१४ म्याद थप गरेको छ । थपम्याद भित्र १० वटा बोलपत्र पेश भएको मध्ये सबैभन्दा कम कबोल गर्ने एक निर्माण सेवाको रु.११,०९,५०,४०१।- को बोलपत्र स्वीकृत भई २०७४।३।२ गते भित्र कार्य सम्पन्न गर्ने गरी २०७२।८।२ मा सम्झौता भएको छ । सो स्थानको २०७३।१०।२३ गते स्थलगत निरीक्षण गर्दा निम्नानुसार देखिएको छ ।

- यस बाटोको  च्यानेज ७+४०० खण्डमा लम्बाई १५.४ कि.मि. र ६.२५ मि.(ड्रेन १ मि.) समेत चौंडा बाटो बनाउनुपर्ने
- च्यानेज नं.८+५०० खण्डको १५० मिटरमा बाटो ५ मिटर भन्दा पनि कम चौडा भएको देखिएकोले सम्झौता अनुसार बाटो चौंडा बनाउनुपर्ने देखिएको । त्यस्तै च्यानेज ५+०३०, ५+८३०, ८+१०० खण्डमा पनि ६.२५ मिटर चौडा भएको देखिएन ।
- च्यानेज ३+८७०, ४+७००, ५+६५०, ६+४२०, ६+२०० खण्डामा सुख्खा ग्याविन बक्स लगाएको छ । मोटरेवल बाटोमा सुख्खा ग्यावियन बक्सको वाल लगाउनु उपयुक्त देखिँदैन । ढुंगाको गारो लगाउनुपर्ने ठाउँमा सोही अनुसार लगाउनु पर्दछ ।
- च्यानेज ४+१३० मा ह्युम पाइप सहित कल्भर्ट बनाएको स्लापमा कल्भर्ट फुटेको छ । त्यस्तै च्यानेज ४+३०० खण्डमा मेसिनरी हेडवाल बनाएको बालुवा र सिमेन्टको अनुपात १:६ भन्दा पनि कमसल देखिएको छ ।
- च्यानेज ०+३ कि.मि.सम्म कार्य भैरहेको छ । सुख्खा वाल लगाएको स्थानमा ढुंगा राम्रोसँग मिलाएको छैन ।
- च्यानेज ६+५०० खण्डमा ग्यावियन वाल पुरै ढल्किएको हुँदा सो हटाई मेसिनरी वाल लगाउनु पर्ने देखिन्छ । त्यस्तैगरी ३५ पाइप कल्भर्ट च्यानेजमा लगाउनुपर्नेमा ११ वटाका लगाएको छैन ।
- मिति २०७३।८।२ सम्म तेश्रो रनिंग बिल सम्मको रु.३,४६,७०,५६३।- भुक्तानी भएको र सम्झौता अनुसार अधिकांश काम बाँकी रेहेकाले सम्बनिधत सरोकारवालाले सम्झौता बमोजिमको मापदण्ड, गुणस्तर र कार्य तालिका अनुसार काम गराउने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

३३. **सोझै खरिद:** विभिन्न ३ सडक स्तरोन्नतरी गर्नका लागि रु ३१ लाख बजेट विनियोजन भएकोमा कार्यालयले विभिन्न ९(नौ) कन्स्ल्टेन्ट मार्फत सर्भे कार्य गरी रु २६,९९,९००/- खर्च गरेको छ । एकै प्रकृतिको कामलाई सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम शिलबन्दी बोलपत्र माध्यमबाट गराउनु पर्नेमा रु ३ लाख भन्दा कमको छुट्टा छुट्टै लागत अनुमान तयार गरि सर्भे कार्य गराएको पाईयो । सर्भे रिर्पोट प्रमाणित गरेको समेत पाइएन ।

३४. **कार्य प्रगति:** दामन डांडावास बैकुण्ठ सडक खण्डको ११.३४ कि.मी.बाटोमा ६.२५ मी.चौडा गराई सडक सुदृढिकरण गर्न मु.अ.कर सहित रु ८,२१,२१,४३८।-लागत अनुमान रहेकोमा एक निर्माण व्यवसायीको मु.अ.कर सहित रु ७,०७,८९,०४९।- बोलपत्र स्वीकृत भई १५ महिना भित्र कार्य सम्पन्न गर्नुपर्ने गरी २ मार्च २०१६ मा सम्झौता भएकोमा २०७३/११/०१ अर्थात १२ फ्रेवअरी २०१७ प्रथम रनिंग बिल वापत मु.अ.कर सहित रु ६०,६३,५००।- भुक्तानी भएको छ । निर्माण व्यवसायीलाई २०७२/७३ मा पेश्की रु ६२ लाख उपलब्ध गराएकोमा कट्टा गरेको छैन ।समयमा कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनु जरुरी देखिन्छ ।

३५. **उपभोक्ता समूह:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ को उपनियम ५ (झ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम बाहेक श्रम प्रधान प्रविधि अपनाइने कार्यक्रममा मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्ने व्यवस्था उल्लेख छ। पान्द्राङ्ग इचुङ्ग बुढीचौर सडक, पाङधुरे तिन भगाले राइगाउँ सडक, शहिद बासुदेव मार्गमा भुक्तानी रकम रु.२०,३७,०००।- मा जन श्रमदान रु.१९,२९,६१२।- खर्च देखाएकोमा कार्यालयले उपभोक्ता समूहबाट काममा लगाउँदा एस्काभेटर प्रयोग गरी कार्य गराएको देखियो ।

३६. **ठेक्का व्यवस्थापन:** चुनिया नामटार कालिकाटार भार्ता खैरांग सडक (भार्ता खैरांग खण्ड) निर्माण कार्यको लागि लागत अनुमान रु.१०६९५२४७।-(मू.अ.कर समेत) स्वीकृत गरि बोलपत्र प्रकाशन गरेकोमा ६ वटा बोलपत्र फारम विक्री भई एक निर्माण व्यवसायीसंग मिति २०७३।३।२० मा कार्यसम्पन्न गर्ने गरी २०७३।२।११ मा रु.१०२,५३,५६९।- (मू.अ.कर रु.११७९६१४।-समेतको संझौता भएको छ । ठेक्काको बोलपत्र दाखिला र मूल्यांकन गरेको श्रेस्ता पेश भएन ।

३७. **भेरिएसन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को उपनियम १ (क) मा निर्माण कार्यको भेरिएशन आदेश प्राविधिक पुष्ट्याई गरी कार्यालय प्रमुखले स्वीकृत गर्न सक्ने व्यवस्था उल्लेख छ । एक निर्माण व्यवसायीले गरेको चुनिया नामटार कालिकाटार भार्ता खैरांग सडक (भार्ता खैरांग खण्ड) निर्माण कार्यको लगत इष्टिमेटको बुंदा नं. ५ मा उल्लेखित माटो खन्ने कार्य ३४९१७ घनमिटर गर्नुपर्नेमा ३६०१८ घनमिटर गरी रु.९०। का दरले ३२४१६८७ को कार्य भएको नापी किताबबाट देखिएको हुँदा ११०१ घनमिटरको ९९१४०।-बढि गरेको कार्यको प्राविधिक पुष्ट्याई सहित भेरिएशन आदेश स्वीकृत गरेको छैन ।

३८. **बीमा** :चुनिया नामटार कालिकाटार भार्ता खैरांग सडक(भार्ता खैरांग खण्ड) निर्माण कार्यको लगत इष्टिमेटको बुंदा नं. १ मा विमा गरे वापत रु.१,००,०००।- भुक्तानी गर्ने व्यवस्था उल्लेख गरी सम्झौता गरेकोमा निर्माण व्यवसायी बानियालाई प्रथम रनिङ विलको रु.४२,७०,६२४।-(मू.अ.कर समेत) भुक्तानी दिदां बीमा वापतको रकम रु.१,००,०००।- भुक्तानी भएको देखिएकोमा बीमा गरेको प्रमाण पेश नभएकोले पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

४४. **कर्रा खोला पुल:** कर्रा खोला पुल निर्माण गर्न रु.३८२८४९७०।- को लागत अनुमानमा भएकोमा एक निर्माण व्यवसायीसँग रु.२,७१,१७,७५६।- मा ठेक्का सम्झौता भएको छ । उक्त कार्य २०७१।१२।२८ भित्र कार्य सम्पन्न गर्नुपर्नेमा विभिन्न कारण देखाई पटक पटक थप म्याद माग गरे अनुसार मिति २०७२।१२।१ का बोर्ड बैठकले २०७३ आषाढ मसान्तसम्म म्याद थप स्वीकृत गरेको छ । कार्यालयले पुल निर्माणको विभिन्न आइटमवाइज कामको परिमाण थपघट तथा खानेपानी पाइपलाइनको क्रसिङ्ग तथा डाइभर्सनको लागि ह्युमपाइप लगाउने थप काम समेत रु.५,६५,९६३।-

को भेरिएसन स्वीकृत गरी जम्मा २७६,८३,७१९।-आदेश दिएकोमा रु.२,६३,१६,६११।- को कार्य सम्पन्न भएको भनि भुक्तानी दिएको छ । कार्यालयले २ नयाँ कामको भेरिएसनको लागि नयाँ आइटमको दर विश्लेषण गर्दा जिल्ला दररेट भन्दा बढी दर कायम गरी रु.८६३४१/- फरक परेकोले उक्त रकम असुल हुनु पर्दछ ।

उक्त कार्यको स्थलगत निरीक्षण गर्दा पूलको पिल्लरको तलमाथी ग्याबियन बक्समा ढुंगा भरेकोमा १०० मीमीको भर्नुपर्नेमा ज्यादै सानो ढुंगा प्रयोग गरिएको,ग्याबियन वाल बांगिएको वर्षाको भेललाई बनाएको वालले रोक्न सक्ने अवस्था नरहेको,ग्याबियन वाल बनाइएको ठाउँ ठाउँमा फिलिंग गर्नुपर्नेमा ठूला खाडल नपुरेको, ग्राभेल लेवल र ग्याबियन लेवल धेरै तलमाथी रहेको,पुलको दक्षिण भागमा ३० मिटर ग्याबियन बक्स बाँकी नै रहेको,पूल मूनि लगाइएको ग्याबियन बक्स लच्की सकेको,पिलरमाथी छुटने गरी पूलको बिचमा लगाइएको,पूलको दक्षिणपूर्वी बाटो माथिल्लो भागमा ग्याबियन वाल लगाउने कार्य अधुरो रहेको,पूलको दक्षिणपटि बाटो केबल १५ फिट छ भने पूल २२ फिट चौडा रहेको, पूल बराबर बाटो बनाउनुपर्नेमा नबनाइएको, पूलको दक्षिणपटि कमजोर ग्याबियन प्रयोग भएको, पूल र बाटो सिधा नभएको, बाटो र पूलको लेबल नमिलेको देखिएको छ ।

३९. **अधुरो योजना** : स्थानीय स्वायत्त शासन ऐन, २०५५मा योजना छनौट गर्दा लागत, समय, श्रोत र प्राप्त हुने प्रतिफल समेतको पूर्वानुमान गरेर छनौट गरी संचालन गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मनहरी खोला नामटारमा निर्माण हुने पक्की पुल, राप्ती इच्चुङ पान्द्राङमा पुल निर्माण, कुखेनी खोलामा पुल निर्माण कार्यको ठेक्का सम्झौता रु.८,७२,७३,६९१।- भएको गत विगत वर्ष देखि संचालित ३ वटा योजना यो वर्ष रु.४७,१४,७९१।- खर्च गरेकोमा ती योजनाहरु सम्पन्न भएका छैनन् । निर्माण व्यवसायीले माग गरे बमोजिम म्याद थपको कारवाही पनि गरेको देखिएन ।

४०. **असम्बन्धित खर्च**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्विकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक तथा पुल निर्माणको मूल्य परिमाण सूचीमा निर्माण कार्यसँग असम्बन्धित मोटरसाइकल तथा मोटर भाडा खर्चहरु समावेश गरी रु.२,२५,०००।- खर्च गरी निर्माण कार्यको लागत बढाएको छ । उक्त सामान कार्यालयमा दाखिला भएको समेत देखिएन ।

४१. **मोटरपुल निर्माणः** कार्यालयले राप्ती इच्चुङ पान्द्राङ्गमा पक्की मोटरपुल निर्माण गर्न २०७१।३।२० मा एक निर्माण व्यवसायीसँग रु.२,२४,३९,७०८।- मा ठेक्का सम्झौता भएको छ । उक्त सम्झौता अनुसार ०७२।६।२० भित्र कार्य सम्पन्न गर्नुपर्नेमा विभिन्न कारण कार्य सम्पन्न हुन नसकेको भनि २०७३।३।१५ सम्म थप म्याद दिइएको छ । निर्माण व्यवसायीले सो थप अवधिभित्र पनि कार्य सम्पन्न गर्न नसकेको भनि मिति २०७३।३।८ मा पुन विभिन्न कारण देखाई २०७४।२।१५ सम्म थप म्याद माग गरेकोमा थप छैन । कार्यालयको प्राविधिकबाट निर्माणस्थलको निरीक्षण गर्दा कुनै कार्य नभएकोले अविलम्ब काम गर्न मिति २०७२।१२।२३ मा निर्देशन दिएको छ । कार्यालयले गत वर्ष सम्म रु.११८५०७३१।- भुक्तानी गरेको देखियो । कार्यस्थलको निरीक्षण गर्दा कुनै कार्य नभएको भनि तत्काल कार्य गर्न निर्देशन भएतापनि पाँचौ रनिंग बिलसम्म भक्तानी गर्नु, निरीक्षण प्रतिवेदन र भुक्तानी प्रकृया बाझिएकोले कसरी कार्य सम्पन्न विना नै निर्माण कामको नापजाँच गरी भुक्तानीको सिफारिशसहित भुक्तानी गरियो स्पष्ट भएन । उक्त निर्माण व्यवसायी ले राखेको कार्य सम्पादन जमानत रु.२९१७०००।- पेश्की जमानत रु.१९८००००।- रोक्का राखी राख्न कार्यालयले २०७३।३।७ मा नेपाल बंगलादेश बैंक हेटौंडालाई पत्र लेखेको छ । कार्यालयले उक्त निर्माण व्यवसायीलाई सम्झौता बमोजिम छिटो काम सम्पन्न गराउन थप कुनै कारवाही गरेको देखिएन । सो पुलको २०७३/१०/२४ मा स्थलगत निरीक्षण गर्दा ढलान हुन ग्याबिन बक्स लगाउन बांकी रहेको ढलानको लागि ल्याएको बालुवामा चिप्स बढी मिसिएको, गिट्टी प्रयोग गरिनुपर्नेमा खहरे

खोलाको ढुंगा प्रयोग भएका, ढलानको लागि ल्याएको रोडा गुणस्तरहिन रहेको, ढलानको डण्डी राम्रोसंग नबाधिएको, ढलान गर्न बांकी देखिन्छ रहेको दुवै तर्फको ग्याबिन बक्स नभरिएकोले पुल अधुरो अवस्थामा छ ।

४२. **नापी किताव:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको प्रतिवेदन तथा कार्य अभिलेख तयार गर्नुपर्नेमा सो गरेको पाइएन । साथै निर्माण कामको स्थलगत नापजाँच गरेको नापी किताबमा अभिलेख गर्नुपर्नेमा लुज पेपरमा राखेको छ । नियमानुसार राख्नुपर्ने प्रतिवेदन नराखेकोले योजनाको अवस्थाबारे यकिन गर्न सकिने देखिएन ।

४३. **सामुहिक बिमा:** राप्ती इच्चुङ्ग पान्द्राङ्गमा पक्की पुल निर्माणमा एक निर्माण व्यवसायीले निर्माण कार्यको बाट २०७२।८।२१ सम्मको दुर्घटना बिमा गराई बिमा वापत रु.२,००,०००।- भुक्तानी गरेको देखियो । उक्त निर्माण व्यवसायीले सम्झौता बमोजिम २०७३।३।१५ भित्र कार्य सम्पन्न नगरेकोले छैन निर्माण कामको तथा कामदारहरुको सामुहिक बिमाको अवधि बढाउनुपर्नेमा सो बीमाको अवधि बढाएको प्रमाण पेश गरेको छैन ।

## जिल्ला शिक्षा कार्यालय

१. **जोडजम्मा फरक:** कार्यालयले प्रति विद्यार्थी इकाई लागत को आधारमा अध्यायन कार्यमा सहयोग अनुदान कम्पोनेन्ट १.१.१.७४ अन्तर्गत कक्षा १ देखि ८ सम्म विद्यार्थी संख्या ८०१२ को प्रति रु.१०५०। ले रु.८४,१२,६००। र कक्षा ९ देखि १० सम्मका विद्यार्थी संख्या ३९३७ को प्रति रु.३२००। ले १,२५,९८,४००।- गरी रु.२,१०,११,०००।- विद्यालयको बैंक खातामा जम्मा गर्न बैंक आदेश हुनु पर्नेमा जोडजम्मा फरकको कारण रु.२,१०,९८,६५०।- को आदेश भएकोले बढी निकासा भएको रु.८६,६५०।- फिर्ता लिइ राजस्व दाखिला गर्नुपर्दछ ।

२. **नियुक्तिको प्रमाण:** मा.वि.स्तरको विद्यालयमा ३० विद्यार्थी बराबर एक शिक्षक हुनुपर्ने व्यवस्था रहेको छ । विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी कम भएको कारणले प्रति विद्यार्थी लागत तर्फ ५१ विद्यालयलाई निकासा दिएकोमध्ये रु.१२३३२८००/- भुक्तानीमा शिक्षक नियुक्ति गरेको प्रमाण पेश भएको छैन ।

३. **विद्यालय मिलान:** कार्यालयले उपलब्ध गराएको फ्ल्यास रिपोर्ट अनुसार २० प्राथमिक विद्यालयहरुमा विद्यार्थी संख्या ज्यादै न्यून रहेको पाईयो । लेखापरीक्षणको क्रममा २५ भन्दा कम विद्याथी भएका २० विद्यालयमा विद्यार्थी संख्या शिक्षकको अनुपात अन्तर अत्यन्तै फरक पाइएकोले नियमानुसार आवश्यक प्रकृया पुरा गरी विद्यालय मिलान गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. **भवन निर्माण:** चन्द्रोदय मा.वि.लाई ४ कोठे भवन निर्माण गर्न २४ लाख निकासा दिनुपर्ने मध्ये प्रथम किस्तावापत रु.१० लाख उपलब्ध गराएको देखिन्छ । सो भवनको मिति २०७३।१०।१२ मा स्थलगत निरीक्षण गर्दा टाइबिम कसेट १२X१२ साइजका १२ वटा पिलर उठाउने काम बाहेक अरु काम भएको पाइएन । भवन पुरै अधुरो अवस्थामा छ । तसर्थ सो भवन सम्पन्न गराउनका लागि विद्यालयसँग भएको सम्झौता अनुसार काम गराउने तर्फ ध्यान दिनु पर्दछ ।

५. **फरक शीर्षकमा खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ अनुसार स्वीकृत बजेटबाट खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले करार सेवा अन्तर्गत नियुक्त दुई कर्मचारीलाई अन्य सेवा शुल्क (खर्च संकेत २२४१२) बाट खर्च लेख्नु पर्नेमा तलब शिर्षक (२११११) बाट वार्षिक रु.३,३७,४८०।- तलब वापत खर्च लेखेको छ । यसरी खर्च लेखेको रकम नियमावलीको उक्त व्यवस्था अनुसार खर्च समर्थन गराई नियमिति गर्नु पर्दछ ।

६. **विद्यालय भौतिक निर्माण सुधार:** विद्यालयले आर्थिक वर्षको अन्त्य सम्ममा विद्यालय भौतिक निर्माण सुधार कार्यमा खर्च भएको अनुदान रकमको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन तयार

गर्नुपर्दछ । यस वर्षको वार्षिक कार्यक्रम अनुसार रेक्टो मेन्टेनेन्स तथा मर्मत कार्यका लागि ३२ विद्यालयलाई रु.८०,००,०००।- भुकम्पबाट सामान्य क्षति भएको भएका विद्यालयको मर्मतको लागि ९१ विद्यालयको लागि रु.९०,००,०००।- कक्षा कोठा पुनःस्थापना तथा फर्निचरको लागि ६ विद्यालयलाई रु.६००,०००।- बालमैत्री फर्निचरका लागि २३ विद्यालयलाई रु.१७,९२,०००।- सेमी परमानेन्ट भवन सहित बालमैत्री फर्निचरका लागि १५ विद्यालयको लागि रु.८२,५०,०००।- ट्रस भवन मर्मतको लागि १८ विद्यालयको लागि रु.२७,००,०००।- गरी जम्मा रु.३,००,४२,०००।- निकासा दिएको छ । कार्यक्रम कार्यान्वयन निर्देशिका २०७० को बुँदा नं. २.३ बमोजिम भौतिक निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन कार्यालयले लिनुपर्ने उल्लेख छ । कार्यालय र विद्यालयबीच भएको सम्झौताबमोजिम २०७३ आषाढ मसान्तसम्ममा निर्माण कार्य सम्पन्न गरी सक्नुपर्ने र जायज कारणविना उक्त समयभित्र निर्माण कार्य सम्पन्न नगरेमा जिल्ला शिक्षा कार्यालयले कारवाही गर्ने उल्लेख छ । तर लेखापरीक्षण अवधी २०७३।१०।१२ सम्म पनि विद्यालयको निर्माण सुधार कार्य सम्पन्न नभएकोमा कुनै कारवाही भए गरेको पाइएन। तसर्थ विद्यालयहरुको भौतिक निर्माण कार्य विलम्व हुनुको प्रर्याप्त कारण सहित कार्यसम्पन्न गरी सोको प्रमाणित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

७. **शैक्षिक सामाग्री व्यवस्थापन खर्चः** कार्यक्रम कार्यान्वयन निर्देशिकामा विद्यार्थी संख्याको आधारमा प्रत्येक तहका विद्यार्थी संख्याले उक्त प्रति विद्यार्थी अनुदान तह अनुसार विद्यार्थीले पाउने एकमुष्ठ अनुदान निकासा दिने व्यवस्था छ । कार्यालयले निर्देशिकाले तोकेको दरमा प्रति विद्यार्थी मावि र उच्च मा.वि.को लागि निकासा खर्च लेख्दा उपलब्ध विद्यार्थी रिर्पोट तथा इन्डिकेटरबाट देखिएका ३०८८ संख्या भन्दा ३६२७ बढि संख्या देखाई रु.२०७९११/-बढि खर्च लेखेको छ ।

## तथ्याङ्क कार्यालय

१. **भवन निर्माणः** कार्यालयको भवन निर्माणको लागि आ.ब. ०७०।०७१ को मिति २०७१।३।१९ मा निर्माण व्यावसायीसंग रु.१,४३,९४,६३९।- (मु.अ.कर बाहेक) मिति २०७२।९।२०(१८ महिना) भित्र सम्पन्न गर्ने गरी संझौता गरेको देखियो । सो संझौता अनुसार निर्माण व्यावसायीले संझौता अवधि भन्दा ८६ दिन अगाबै मिति २०७२।६।२० मा भवन निर्माण कार्य सम्पन्न गरेको भनि निर्माण व्यावसायीले माग गरे अनुसार खरिद नियमावली, २०६४ को नियम १२६ बमोजिम निजलाई भुक्तानी अंक रु.१,३९,२८,१५०।- को प्रति दिन ०.०५ प्रतिशतले हुने रु.५,९८,९१०।- मा २५ प्रतिशत लाभांस कर कट्टा गरी भुक्तनी गरेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम १(घ) मा खरिद सम्झौता बमोजिम काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकत्तम रकम तथा समय खुलाउनुपर्ने उल्लेख गरेको छ। कार्यालयले कामको लागत अनुमान तयार गर्दा कामको परिमाण र प्रकृति हेरी सो मा लाग्ने समयावधि खुलाउनु पर्नेमो खुलाएको पाइएन । संझौता गर्दा मात्र १८ महिना अवधि तोकिएको छ सो अबधिलाई मान्यता दिई पुरस्कार दिएको देखियो ।

## डिभिजन सडक कार्यालय

१. **आयोजना स्वीकृतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन र प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालय अन्तरगत सञ्चालित आयोजनाहरु उक्त प्रावधान (अनुसूची ३) अनुरुप स्वीकृत नगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ बमोजिम लागत अनुमान मात्र स्वीकृत गर्ने गरेको पाइयो ।

२. **आयोजना प्रतिवेदनः** कार्यालयले योजना स्वीकृत गरांउदा योजनाको कुल लागत, निर्माण स्थल तयारी (साइट क्लीयर), हटाउनु पर्ने संरचना (विद्युत, टेलीफोन, खानेपानी) एवं जग्गा प्राप्ती समेत

विचार गरी आयोजना प्रतिवेदन तयार गरी सोही अनुसार योजना कार्यान्वयन गर्नु पर्नेमा सो अनुसार नभई योजनाको लागत र समय बृद्धि हुने गरेको छ ।

३. **कार्यक्रम स्वीकृत:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयमा यस वर्ष खर्च गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा ११ ब.उ.शी.न मा आषाढ महिनामा प्राप्त अख्तियारी रु.२० करोड ५० लाख रहेको छ ।

४. **अख्तियारीमा परिवर्तन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा कार्यालयलाई आगामी वर्षको लागि चाहिने बजेट र कार्यक्रम अनुसूची-१ को ढाँचामा तयार गरी पेश गर्नुपर्ने, नियम २४ मा कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्वीकृत लिई लागत नबढ्ने गरी कार्यक्रममा आवश्यक संशोधन गर्न सक्ने र संशोधनको जानकारी सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई दिनु पर्ने व्यवस्था छ। कार्यालयले उपरोक्त प्रावधान अनुरुप कार्यक्रम तयार नगर्नाले अख्तियारीमा पटक पटक परिवर्तन भएको छ:

५. **वार्षिक प्रगति:** कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन अनुसार सञ्चालित आयोजनाहरुमध्ये एक योजनाको शुन्य, ५२ आयोजनाहरुको ७५ प्रतिशभन्दा कम प्रगति भएको र औसत प्रगति ८९.२६ प्रतिशत रहेको छ । निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

६. **ठेक्का व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ। त्यस्तै सडक विभागको २०७२।४।११ को बजेट कार्यान्वयन सम्बन्धी निर्देशनको बुंदा नं. १३ मा २०७२ मंसीरभित्र ठेक्कापट्टा सम्पन्न गर्नु पर्ने निर्देशन दिइएको छ । तर डिभिजनले दोस्रो चौमासिकमा रु.११९६३० हजारको २० वटा र तेश्रो चौमासिकमा रु.४७१४२७ हजारको ५८ वटा सम्झौता गरेको देखियो । नियम र निर्देशन अनुसार समयमै सम्झौता गरिनु पर्दछ ।

७. **खरिद सम्झौता:** कार्यालयबाट यस वर्ष रु.७२ करोड ५ लाख ५ हजार सम्झौता रकम रहेका ८६वटा खरिद सम्झौता भएकोमा प्रथम चौमासिकमा ८ वटा मात्र, दोस्रो चौमासिकमा २० वटा र तेस्रो चौमासिकमा ५८ वटा सम्झौता भएकोपाइयो । यस वर्षखरिद सम्झौता भएका मध्ये १० वटा मात्र यसै आर्थिक वर्षभित्र सम्पन्न भएको । कार्यालयले लागत अनुमान तयार गरी कार्यान्वयनको क्रममा कानूनी व्यवस्था एवं संसदीय समितिको निर्देशन समेत विचार गरी निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गर्नाले समयमा कार्य सम्पन्न हुने गरेको देखिएन ।

८. **चौमासिक तथा आषाढ महिनाको खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति तयार गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयको यस वर्षको चौमासिक अनुसारको खर्चमा १० ब.उ.शि.नं.मा दोस्रो चौमासिकमा रु.६४९१९ हजार तेस्रो चौमासिकमा रु.५८०९०४ हजार कुल खर्च रु.६८७७६९हजार आषाढको खर्च रु.३८३३५० हजार खर्च रहेको छ । कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

९. **ठेक्काको म्याद:** नेपाल सरकार (सचिवस्तरीय) को मिति २०७२।१।२ को निर्णय अनुसार ठेक्का समयावधि तोक्ने मापदण्ड स्वीकृत भई आर्थिक वर्ष २०७२।७३ को शुरुबाट लागु गरेको छ । सो अनुसार रु.३ करोडसम्मका ठेक्कामा १२ महिना, रु.५ करोड सम्मका ठेक्कामा १८ महिना, रु.९ करोडसम्मका ठेक्कामा २४ महिना म्याद दिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले प्रदान गरेका १२ ठेक्काको म्याद अध्ययन गर्दा खरिद सम्झौताको म्याद तोक्ने व्यवस्था पूर्ण रुपमा लागु गरेको देखिएन ।

१०. **निर्माण कार्यको गुणस्तर:** सडक विभागको स्टाण्डर्ड स्पेसिफिकेसन सडक विभागले मिति २०६६।११।२५ मा जारी गरेको गुणस्तर आश्वस्तता योजना र खरिद सम्झौता अनुसार निर्माण

कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ठेक्का सम्झौता भएकोमा केही निर्माण व्यवसायीले उक्त योजना पेश गरेको पाइएन। यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। निर्माण व्यवसायीले मान्यता प्राप्त प्रयोगशालाबाट आफ्नै खर्चमा गुणस्तर परीक्षण गराउनु पर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको अलग आइटम बनाएको छैन भने निर्माण व्यवसायीले पेश गरेका गुणस्तर परीक्षण प्रतिवेदन विभागबाट मान्यता प्राप्त प्रयोगशालामा भए नभएको खुलाएको छैन।

११. **भेरिएशन आदेश:**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा थपघट तथा नयां आइटमको लागत अनुमान तयार गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ। सडक विभागको मिति २०७३।३।२६ को परिपत्र अनुसार अनिवार्य रुपमा भेरिएशन आदेश तथा संशोधित लागत स्वीकृत गराएर मात्र भुक्तानी गर्न निर्देशित गरेको छ। कार्यालयले खरिद कानून अनुसार भेरिएशन आदेश जारी गर्नु पर्नेमा निर्माण सम्पन्न भएपछि कबोल अंकको ५ प्रतिशतभन्दा बढी काम भएमा मात्र जारी गर्ने गरेको पाइयो। अत: सम्झौताभन्दा बढी परिमाणको काम हुनासाथ तथा कार्य सम्पन्न भएपछि परिमाणमा थप वा घट भएमा भेरिएशन आदेश जारी हुनु पर्दछ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा कामको परिमाण थपघट हुने अवस्थामा भेरिएशन आदेशप्राविधिक पुष्ट्याईं गरी जारी गर्न सक्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमूना खरिद सम्झौता सम्बन्धी कागजातको ३७ मा आइटमको भेरिएशन आदेश जारी गर्ने व्यवस्था रहेको छ। कार्यालयले १५ खरिद सम्झौतामा विभिन्न आइटममा रु.२३५०४३०१/- सम्झौता भन्दा बढी परिमाणको काम भएकोमा भेरिएशन आदेश जारी भएको पाइएन।

१२. **संशोधित लागत अनुमान:** सडक विभागको मिति २०७३।३।२६ को परिपत्र अनुसार अनिवार्य रुपमा भेरिएशन आदेश तथा संशोधित लागत स्वीकृत गराएर मात्र भुक्तानी गर्न निर्देशित गरेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५० बमोजिम लागत अनुमान संशोधन गर्ने अधिकार प्रत्यायोजन गर्न नसकिने व्यवस्था रहेको छ। कार्यालयले माथिल्लो तहबाट संशोधित लागत अनुमान स्वीकृत गराउने गरेको पाइएन।

१३. **वढी भूक्तानी:** भेरिएशन आदेशवाट विभिन्न नया आइटमहरु थप भएकोमा निर्माण व्यवसायीले लागत अनुमानको तुलनामा ठेक्का अंक अनुसार नै काम गर्न मञ्जुर गरेकोमा दुई ठेक्काको दुई आइटमहरुको कवोल दर फरक पारी बढी भुक्तानी गरेको रु.४६६२३६/ असुल हुनु पर्दछ।

१४. **सार्वजनिक निर्माणको लेखा:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० र नियमावली, २०६४ को नियम ९२ मा कारोबारको लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। यस्का लागि विभिन्न म.ले.प.फा.नं.हरु स्वीकृत भई कार्यान्वयनमा रहेकोमा निम्नानुसार देखिएको छ।

- कार्यालयले महालेखा परीक्षकबाट स्वीकृत भएका म.ले.प.फा.नं. १६६ देखि १७७ सम्म र १९० गरी १३ वटा फारामहरु प्रयोगमा ल्याएको पाइएन।
- कार्यालयले डोर हाजिरी फाराम प्रयोगमा ल्याएपनिकार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता राख्ने गरेको छैन।
- निर्माण कार्यको विस्तृत मापनका लागि स्वीकृत नापी किताबमा कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ। यसरी तयार गरिएको नापी किताब काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने

नियमावली, २०२७मा उल्लेख छ । योजनाले नापी किताब लुज शीटमा प्रयोग गर्ने गरेको पाइयो । नापी कितावमा अभिलेख गर्नु पर्ने सबै तथ्यांक एवं सूचनाहरु खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी किताब नियन्त्रण खातामा समेत अभिलेख राखी हार्ड कपीमा अलग अभिलेख खडा गरी प्रयोगमा ल्याइनु पर्दछ ।

- कार्यालयले आफ्नो कार्य क्षेत्रभित्र निर्माणाधिन र निर्माण सम्पन्न सडक, पुल, कल्भर्ट, रिटेनिगवाल आदिको लगत अद्यावधिक गरी राख्नुपर्ने गरी सडक विभागले परिपत्र गरेबमोजिमको लगत राखेको पाइएन ।

१५. **कार्य सम्पादन जमानतको अभिलेख**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० तथा नियम ११३ मा पेश्की लिन जमानत पेश गर्नु पर्ने र नियम ११२ मा बीमा गराउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले उक्त प्रयोजनका लागि पेश गरेको जमानत एवं बीमाको अद्यावधिक अभिलेख खडा गरी राखेको पाइएन ।

१६. **एज विल्ट नक्शा**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण सम्पन्न भएको नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था समावेश गर्नु पर्ने खरिद रकम वा निर्माण कार्यको प्रकृतिको सीमा किटान गरिएको छैन । कार्यालयले खरिद सम्झौता गर्दा उक्त व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याएको पाइएन ।

१७. **कार्य सम्पन्न प्रतिवेदन र त्रुटि सच्याउने अवधि**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेशीफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने र त्यस्तो प्रतिवेदन बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। कार्यालयले राखेको ठेक्कासम्बन्धी विवरणको अध्ययन गर्दा निर्माण कार्य सम्पन्न गरेका १७ खरिद सम्झौताको रु.२३७०४६९७४/-को उक्त प्रावधान अनुरुप कार्य सम्पन्न प्रतिवेदन तयार भएको छैन ।

१८. **बीमा**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनु पर्ने र नियम ९(२) मा लागत अनुमान तयार गर्दा वीमा समेतको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले आयोजनाको लागत अनुमान तयार गर्दा वीमाको लागत अनुमान गर्दा कुनै आधार वेगर अनुमान गर्ने गरेको छ । यस्तो रकम उल्लेख गर्दा निर्माण व्यवसायीले खर्च गरेको प्रमाण पेश गरेको आधारमा भुक्तानी दिइने (प्रोविजनल सम) गरी लागत अनुमान तयार नगरी एकमुष्ट रकम उल्लेख गर्ने र निर्माण व्यवसायीले जतिसुकै रकमको विल पेश गरे पनि एकमुष्ट रकम भुक्तानी दिने गरेको पाइयो । अतः वीमाको लागत अनुमान तयार गर्दा लाग्ने प्रिमियम निर्माण व्यवसायीले वीमा कम्पनीलाई भुक्तानी गरेको रकम सोधभर्ना दिने गरी लागत अनुमान तयार गर्नु पर्ने देखिन्छ । कार्यालयले निर्माण कार्यको कार्य परिमाण सूचीमा विमा वापतको रकम लमसममा राखी २० निर्माण व्यवसायीले पेश गरेको वीमा वापत भुक्तानी रकम रु १३९०००००।- मा विल रकम रु.२७०९३२१/-  भन्दा रु.१११९०६७८/- बढी रकम भुक्तानी दिएको छ ।

१९. **वीमा प्रिमियम**: निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा निर्माण कार्यको वीमा गराएको प्रमाण पेश गरे पछि वीमा वापतको रकम भूक्तानी प्राप्त गर्ने र वीमा पोलिसी कार्यालयमा पेश गर्नु पर्ने र कार्यालय प्रमुखले उक्त पोलिसी स्वीकृत गरे पछि वीमा प्रिमियम तिरेको प्रमाण पेश गर्नु पर्ने व्यवस्था रहेकोमा वीमा वापतको स्वीकृत गर्ने गरेको पाइएन ।७ निर्माण व्यवसायीलाई वीमा वापतको रकम भुक्तानी गर्दा वीमा गरेको पोलिसी प्रिमियम तिरेको नगदी रसिद, विलको प्रमाण पेश नभएको कम अवधिको वीमा गरेको, कुनै एउटा मात्र वीमा गरी कवोल अंक पुरै भूक्तानी भएको अवस्थामा समेत पुरै रकम भुक्तानी दिएको छ। निजहरुले खरिद संभौताको अवधि

त्रुटी सच्याउनु पर्ने अवधि समेत पुरा हुने गरी बीमा गरेको प्रिमियम तिरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा दामासाही हिसावले मूल्य अभिवृद्धि कर समेत रु १२०७१४३/- असुल हुनु पर्दछ ।

२०. **मूल्य समायोजनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ (२) मा खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा मूल्य समायोजन सूत्रको प्रयोगबाट देखिनु पर्ने न्यूनतम मूल्य वृद्धि र मूल्य समायोजन सम्बन्धी प्रावधान लागू हुन पूरा हुनु पर्ने अन्य शर्त तथा वन्देज उल्लेख गर्नु पर्दछ । यस प्रयोजनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले कार्यान्वयनमा ल्याएको नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्र्याक्ट डकुमेन्ट) को सामान्य शर्तमा सुत्र र विधि निर्धारण गरिएको छ भने सम्झौतामा मूल्य समायोजन तथ्याँक तालिका समेत उल्लेख गर्नु पर्ने व्यवस्था रहेको छ ।

- कार्यालयले खरिद सम्झौता गर्दा खरिद अनुगमन कार्यालयले सिफारिश गरेको सुत्रभन्दा अलग सुत्र प्रयोग गरेको छ भने सम्झौतामा मूल्य समायोजन तथ्याँक तालिका, वेसलाइन डेट, मूल्य समायोजनको अन्तराल उल्लेख नगरेको, श्रम, सामग्री र उपकरणको रकम नेपाल राष्ट्र बैंकको सूचकांक प्रयोग नगरी राष्ट्रिय उपभोक्ता मूल्य सूचीको प्रोविजनल तथ्याँकको आधारमा दिएको, पेश्की रकम नकटाएको, विगतमा निर्माण सम्पन्न भई भुक्तानी भई सकेको रकमको समेत भुक्तानी लिएको, विमा रकमको पनि दिएको, प्रोजिनल रुपमा दिएकोमा अन्तिम गणना नगरेको ४६ निर्माण व्यवसायीलाई दिएको मूल्य समायोजन रकम रु.४२३४२१८८/- को यर्थाथता परीक्षण गर्ने आधार नभएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयले सिफारिश गरेको प्रकृया अनुसार गणना भएको प्रमाण पेश गर्नु पर्दछ ।

२१. **म्याद नाघेका सम्झौताको पेश्की बाँकीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की भुक्तानी र फछ्र्यौट सम्बन्धी र नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले पेश्की दिएका १८ निर्माण व्यवसायीहरुको खरिद सम्झौताको म्याद समाप्त भएपनि निजहरुलाई दिएको पेश्की रु.१९७१९५००/- फछ्र्यौट भएको नदेखिएकाले उक्त पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

२२. **पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईकोकारणले सम्झौता बमोजिमको काम सम्पन्न हुन नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने तर निजको काबुबाहिरको परिस्थिति परी कार्यसम्पादन वा आपूर्ति गर्न ढिला भएमा त्यस्तो क्षतिपूर्ति तिर्न नपर्ने व्यवस्था रहेको छ । कार्यालयका संचालन गरेको ८५ ठेक्काहरुको म्याद समाप्त भएपनि निर्माण व्यवसायीले तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगरेकोले उक्त व्यवस्था अनुसार रु.३४२८६६९६/- पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धी निर्णय भएको कागजात पेश गर्नु पर्दछ ।

२३. **प्रोविजनल समः** सडक विभागको मिति २०७३।३।५ को परिपत्र अनुसार प्रोविजनल समको लागत अनुमान स्वीकृत गरेर मात्र खर्च गर्न निर्देशित गरेको छ । प्रोजिनल सममा ओभरहेड दिने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्नु पर्ने व्यवस्था रहेको छ ।

- एक निर्माण व्यवसायीले ट्रान्सफरमर शिफटिङ्ग गर्न रु.१९५७८४।- र एल टी लाइन शिफटिङ्ग गर्न रु.४०८१६६।- समेत रु.६०३९५०।- नेपाल विद्युत प्राधिकरणको धरौटी खातामा दाखिला भएको रकम समेत खर्च दावी गरी भुक्तानी लिएकोले उक्त रकम फछ्र्यौट भएको प्रमाण पेश गर्नु पर्दछ ।
- सोही निर्माण व्यवसायीलाई कार्यालयले नेपाल विद्युत प्राधिकरणको धरौटी खातामा दाखिला गरेको रु.६०३९५०।- मा १५ प्रतिशत ओभरहेड रु.९०५९२।- र सो को मू अ कर रु.११७७७- समेत रु.१०२३६९।- भुक्तानी दिएकोमा ओभरहेड रकम भुक्तानी दिने व्यवस्था सम्झौतामा उल्लेख छैन ।

- एक निर्माण व्यवसायीलाई पि एस आइटमबाट डाइभर्सन सडक निर्माण वापत रु.१०००००।- भुक्तानी दिएकोमा सो निर्माण कार्य गर्नु पूर्व कार्यालयको स्वीकृति नलिएको एवं खर्चका विल भरपाई पेश भएन ।
- कार्यालयले एक निर्माण व्यवसायीलाई कम्प्रेशन टेष्टिङ मेशीन खरिद गरेको रु.४२८९०६।- मा १५ प्रतिशत ओभरहेड रु.६४३३५।- र सो को मू अ कर रु.८३६३।- समेत रु.७२६९९।-भुक्तानी दिएकोमा ओभरहेड रकम भुक्तानी दिने व्यवस्था सम्झौतामा उल्लेख भएको छैन ।
- निर्माण व्यवसायीले विद्युतको पोल सार्न नेपाल विद्युत प्राधिकरणको धरौटी खातामा दाखिला भएको रु.१८९८६३।- लाई समेत खर्च दावी गरी भुक्तानी लिएकोले उक्त रकम फछ्र्यौट भएको प्रमाण पेश गर्नु पर्दछ ।
- कार्यालयले विद्युत पोल सार्न नेपाल विद्युत प्राधिकरणको धरौटी खातामा दाखिला गरेको रु.१८९८६३।- मा १५ प्रतिशत ओभरहेड रु.२८४७९।- र सो को मू अ कर रु.३७०२।- समेत रु.३२१८१।- भुक्तानी दिएकोमा ओभरहेड रकम भुक्तानी दिने व्यवस्था सम्झौतामा उल्लेख भएको छैन ।
- राप्तीखोला पुलको निर्माण गर्ने निर्माण व्यवसायी वि टी फ्युचर जे भी लाई रु.५५९३६९८।- भुक्तानी गर्दा वि ओ क्यु मा इन्जिनियर सुविधा वापत रु.६९४६३५।- तथा मोटर साइकल वापत रु.२,५०,०००।- भुक्तानी दिएको पाइयो । कार्यालयले निर्माण व्यवसायीलाई पिएस वापत रु.३५१६६०।- मा १५ प्रतिशत ओभरहेड रु.५२७४९।- र सो को मू अ कर रु.६८५७।- समेत रु.५९६०६।- भुक्तानी दिएकोमा ओभरहेड रकम भुक्तानी दिने व्यवस्था सम्झौतामा उल्लेख भएको छैन ।

२४. **कन्टिन्जेन्सी खर्च –** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको तर सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिति २०७३।३।२६ मा खर्च गर्ने कार्यविधि स्वीकृत गर्ने प्रतिबद्धता जनाएको भएपनि कार्यविधि स्वीकृत गरेको पाइएन । यो वर्ष यस ११ उपशीर्षकबाट रु.३३७३९४७३।- कन्टीन्जेन्सी खर्च खर्च लेखेको छ जुन यस वर्षको पूंजीगत खर्चको औसत ४.०५ प्रतिशत हुन आउंछ । कन्टिन्जेन्सी खर्चमा निम्नानुसारका व्यहोरा देखिएकोले उक्त खर्च सार्वजनिक निर्माण खर्चको वर्गीकरण अनुसार प्रत्यक्ष खर्च नदेखिएकाले नियमित देखिएन ।

- आर्थिक संकेत तथा बर्गीकरण २०६७ अनुसार विभिन्न खर्च संकेत नं.बाट खर्च लेखाकन गर्नुपर्ने रकमहरु जस्तै इन्धन खर्च, मर्मत, कार्यालय सञ्चालन जस्ता कार्यमा खर्च गरेको रु.३३७३७३०८/- समेत खर्च संकेत नं.२९६११ (सार्वजनिक निर्माण) शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिंदैन । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि बजेट उपशीर्षक नं. ३३७०१४३ (चालु खर्च) मा बजेट व्यवस्था भएकोमा त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।
- कार्यालयले वार्षिक कार्यक्रम तयार गर्दा आयोजनाको कुल लागत, गत वर्षसम्म सम्पन्न र यसवर्षको वार्षिक कार्यलक्ष्यमा कन्टिन्जेन्सी खर्च वापत खर्च गर्न सकिने रकमलाई प्रशासनिक खर्चमा देखाएको छैन भने वार्षिक प्रगति तयार गर्दा हालसम्मको खर्चमा समेत कन्टिन्जेन्सी खर्चको रकम देखाएको छैन । त्यस्तै योजनाका नापी किताबमा यस्तो खर्च जनाउने गरेको पाइएन ।

- कन्टिन्जेन्सीबाट मष्टरोल मार्फत् रु.६६०६६२९।- सुपरभाइजर ज्याला खर्च लेखेको छ । निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइजरहरु काममा लगाई निजहरुलाई पारिश्रमिक वापत उक्त रकम खर्च लेखेको देखिन्छ । निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइरहरु नियुक्त गर्ने सम्बन्धमा आवश्यक मापदण्ड एवं नर्म्स तय नगरेकोले सडकको लम्बाई अनुसार आवश्यक संख्या, छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नुपर्ने कामको विवरण,सेवा करारका सम्बन्धमा एकीन गर्ने आधार भएन ।
- कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सार्वजनिक खरिद नियमावली बमोजिम सुचिकृत पार्टीबाट रु.२०२४५२२।- को मालसामान सोभै खरिद गरी खर्च लेखेको देखिएको छ । उक्त खर्चलाई समेत वार्षिक खरिद योजनामा समावेश गरी नियमको व्यवस्था अनुसार खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।
- कार्यालयले सवारी साधन अन्तरगत मोटरसाइकल खरिद वापत रु.६७१७००।- भुक्तानी गरेकोमा ती मोटरसाइकलको नम्बर प्लेट सरकारी बनाएको छैन भने खरिद गर्नु पूर्व अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन ।
- कार्यालयले सवारी इन्धन प्रयोग गर्दा कार्यालय प्रयोजनका लागि सवारी साधन सुविधा पाउने पदाधिकारी बाहेक ३० जना सम्म कर्मचारी भएमा एउटा र थप ५० जना कर्मचारी भएमा थप एक सवारी साधन राख्न पाउने र मासिक डिजल १०० लि र पेट्रोल ७५ लि र प्रति मोटरसाइकल ८ लि का दरले इन्धन दिन पाउने व्यवस्था रहेकोले कार्यालयले इन्धन खपत गर्दा उक्त मापदण्डलाइं विचार गर्नु पर्ने देखिन्छ।
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११८ मा अधिकार प्राप्त गरेका अधिकारीको अधिकारमा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न नपाइने व्यवस्था रहेको छ । योजनाले कन्टिन्जेन्सि वापत खर्च गर्न पाउने रकम मध्ये अर्थ मन्त्रालयको सहमति बमोजिम सडक विभागले माग गरे बमोजिम कार्यालयले खर्च जनाएको छ । प्रचलित कानूनमा तल्लो तहलाई खर्च गर्न अख्तियारी दिएको रकम तालुक कार्यालयले खर्च गर्न पाउने एवं खर्च गर्न सहमति दिने व्यवस्था देखिएन ।
- नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण २०६७ अनुसार संभाव्यता अध्ययन खर्च, सर्वेक्षण, डिजाइन, ड्रइङ्ग खर्च, पूँजीगत निर्माणको लागतमा समावेश हुने प्राविधिक परामर्श सेवा सम्बन्धी खर्च शीर्षक संकेत नम्बर २९७११ बाट व्यहोर्नु पर्नेमा १८परामर्शदाताको रु.६५१९२७४/- खर्चहरु खर्च शीर्षक संकेत नम्बर २९६११ बाट व्यहोरेको छ ।
- आर्थिक कार्य विधि नियमावली,२०६४ को नियम ३५(१) मा स्वीकृत वजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा पर्दछ  भने अधिकार प्राप्त अधिकारीले खर्च गर्नु पर्ने व्यवस्था छ । डिभिजनले स्वीकृत कार्यक्रम तथा अख्तियारी अनुसार सार्वजनिक निर्माण शिर्षकमा वजेट व्यवस्था भएको भनी परामर्श सेवा वापत ९ परामर्शदाताको रु.४६२०८७४/- भुक्तानी खर्च लेखेको देखिन्छ। विस्तृत सर्भेको लागि पूँजीगत अनुसन्धान तथा परामर्श शिर्षकमा वजेट व्यवस्था गरी सोही शिर्षकवाट खर्च गर्नु पर्नेमा शिर्षक फरक पारी खर्च लेखेको  छ ।

२५. **म्याद थप** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० अनुसार सम्झौताको म्याद सकिनु कम्तीमा ७ दिन अगावै कार्य सम्पादन जमानतको म्याद थप गरी म्याद थप गर्नु पर्ने व्यवस्था भएकोमा म्याद सकिन सात अगाडी निवेदन नदिएको,त्रुटी सच्याउने अवधि सम्मको वैंक जमानतको म्याद थप नभएको अवस्थामा एक कन्ट्रक्सनलाई निजगढ हनुमान नगर सडक निर्माण कार्यको उचित कारण विना पूर्व निर्धारित क्षर्तिपूर्ति नलिने गरी म्याद थप गरेको  देखिन्छ। निजले मिति २०७२।२ मसान्तसम्म कार्य सम्पन्न गर्नु पर्नेमा म्याद थपको निवेदन मिति २०७२।२।२८ मा

भूकम्प र २०७२।८।२२ मा इन्धनको अभावका कारण देखाई २ पटक ४६१ प्रतिशत म्याद थप भएकोले नियम विपरित निवेदन दिएकोमा हर्जाना असुल नहुने गरी म्याद थप भएकोले १० प्रतिशत हर्जना रकम रु.१,११,७०६।- असुल हुनु पर्दछ ।

२६. **कामको गुणस्तर:** अमरापट्टी वोर्डर बहुर्वा भट्टा एकटांगा तेलिया मनवा बजार, पर्सा सडक खण्डमा आर.सि.सी. माटो ग्राभेल अन्तर्गत माटो पुरी किनारा तयार गर्न घांसको विरुवा रोप्ने कार्यको लागी ३ वटा खुल्ला कोटेशन लिई सवै भन्दा घटी कवोल निर्माण व्यवसायी एक कन्स्ट्रक्सन लाई ११७५७.७० स्क्वायर मिटरको रु.४,६९,८३३।- मिति २०७३।२।२८ भित्र कार्य सक्ने गरी मिति २०७३।३।२५ मा कार्यादेश दिएको छ । उक्त काम मिति २०७३।२।२८ मा नै कार्य सम्पन्न भएको प्रतिवेदन पेश हुन आएको छ । सडक निर्माण कार्यको कालो पत्रे लगायतका काम सम्पन्न भए पश्चात मात्र उक्त टर्फिङ० कार्य गर्नुपर्नेमा सो अगावै टर्फिङ०को कार्य गराएको छ भने छोटे समयमै हजारौं स्क्वायर मिटर टर्फिङ०ग गर्नेकाम ४ दिनमानै सम्पन्न गरेको उल्लेख गरेको देखिएबाट उक्त कार्य गुणस्तरयूक्त भएको छ भन्न सक्ने अवस्था समेत रहेन ।

२७. **विल भरपाई:** एक निर्माण व्यवसायीलाई निर्माण वापतको रकम रु.३,३७,०७६।– भुक्तानी दिएकोकोमा नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन बेगर भुक्तानि दिएको छ ।

२८. **भेरिएशन:** विभिन्न २ निर्माण व्यवसायीहरुलाई रु.३३२५६०।-रकम भुक्तानी दिएकोमा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको सम्भौता रकम रु.७८१३६९।- भन्दा घटी बढी गरी भुक्तानी दिएकोमा सोको भेरियशन भएको नदेखिएकोले उक्त कार्यको भेरियशन गरेको प्रमाण पेश हुनु पर्दछ

२९. **वढी भूक्तानी**: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(ख) अनुसार निर्माण व्यवसायीले खरिद सम्झौता वमोजिम विल भरपाई सहितको प्रमाण पेश गर्नु पर्ने उल्लेख छ। विरगञ्ज शहरी निर्माण कार्यको लागि सुरज निर्माण सेवाको सँग मिति २०७२।६।२८ संझौता भई प्रथम विल रु.१०,६०,२७७।-(भ्याट समेत) रहेकोमा २०७२/६/१८ वाट रु.६००,०००।- (भ्याट समेत) भूक्तानी भई रु.४६०,२२७।- वाकी रहेकोमा दोश्रो विलमा २०७३।९।२३ वाट प्रथम रनिङ्गको भुक्तानी वाकी भनी भ्याट समेत वाँकी रहेको रु.४६०,२२७।- मात्र भुक्तानी हुनु पर्नेमा पुन भ्याट जोडी रु.५२०११३।- भुक्तानी खर्च लेखेकोले वढी भुक्तानी रु.५९,८२९।-असुल हुनु पर्दछ । त्यस्तै पिप्ले मक्राचिली सडक निर्माण कार्यको लागि एक कन्ट्रक्सन प्रा.ली.संग मिति २०७३ आषाढ मसान्त सम्ममा कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्भौता भएको दोश्रो विल अध्ययन गर्दा कुल भएको कार्य रु.७,२६,१७८।-पहिलो विलवाट भूक्तानी रु.५८३,८६०।- कट्टा गर्दा वाँकी रकम रु.१४२,३१७।- र सो को मूल्य अभिवृद्धि कर रु.१८,५०१।- समेत रु.१६०,८१८।- भुक्तानी खर्च लेख्नु पर्नेमा रु.१,७९,५७६।- भूक्तानी खर्च लेखेकोले वढी भूक्तानी रु.१८,७५८/५० निर्माण व्यवसायीवाट असुल गर्नु पर्दछ । त्यसै गरी राजीया चोक वाटो निर्माण कार्यको लागि मिति २०७४।४।३२ भित्र कार्य सम्पन्न गर्ने गरी रु.२५,४२,२१७।- मा एक निर्माण व्यवसायीसंग सम्भौता भई प्रथम तथा अन्तिम विलवाट रु.२३,३९८६७।- भुक्तानी भएकोमा स्वायल मेटेरियल कम्प्यक्सन तथा लियरको कार्य २७४.८० घ.मी तथा गरी उक्त आइटमको कवुल दर रु.५० अनुसार भूक्तानी १३७४०।- हुनु पर्नेमारु.१४५ का दरले ३९८४६।- भएकोले वढी भुक्तानी २६१०६।- र सो को मु.अ. कर रु.३३९३।- समेत रु.२९४९९।- वढी भूक्तानी निर्माण व्यवसायीवाट असुल गर्नु पर्दछ ।

३०. **विस्तृत प्रतिवेदन**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन र प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले आयोजनाको विस्तृत प्रतिवेदन तयार गरी स्वीकृत गराएको पाइएन । दक्षिणकाली छैमले सडक योजनाका लागि आर्थिक वर्ष २०७१।७२ र २०७२।७३ मा क्रमश: रु.१ करोड र रु.३ करोड समेत रु.४ करोड बजेट विनियोजन भए अनुसार

लागत अनुमान स्वीकृत गरी दुई निर्माण व्यवसायीसँग कार्य गराई रु.२४१९१२४२।०० भुक्तानी गरेकोमा कार्यालयले उपरोक्त कार्यहरु चेनेज नम्बर अनुसार निर्माण कार्य नगरेकोले विगत वर्ष र यस वर्ष भएको खर्च र सोको उपलब्धी मूल्यांकन गर्ने आधार भएन ।

३१. **मोबिलाइजेशन पेश्की:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई पेश्की दिन सकिने व्यवस्था अनुसार ४४ निर्माण व्यवसायीलाई दिएको पेश्की रु.१८,७६,५४,०००।- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले नियमावलीको नियम ११३(५)बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

- कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (१) बमोजिम पेश्की दिंदा फिल्डमा काम शुरु भएको कागजातको आधारमा दिनु पर्नेमा काम शुरु भएको प्रमाण वेगर थप पेश्की दिने गरेको पाइयो । पेश्की लिएको रकम सम्झौताको सामान्य शर्त बमोजिमको काममा खर्च भएको सम्बन्धमा अनुगमन हुने गरेको पाइएन ।
- निर्माण व्यवसायीलाई दिइएको पेश्की सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) अनुसार प्रत्येक रनिङ्ग विल वा अन्य बिल वीजकबाट कट्टा गर्नु पर्ने व्यवस्था रहेको भएपनि कार्यालयले सम्झौताको विशेष शर्तमा कबोल अंकको ३० प्रतिशतभन्दा बढीको काम भएपछिका रनिङ विलबाट ४० प्रतिशतका दरले कटाउने शर्त राखी सोही अनुसार कटाउने गरेको छ जुन प्रणाली खरिद नियमावली विपरित छ । त्यस्तै कबोल अंकको ८० प्रतिशत काम भएपछि सबै पेश्की फछ्र्यौट गरी सक्नु पर्ने उल्लेख भएपनि सो अनुसारको अभिलेख राखेको पाइएन ।
- कार्यालयले निर्माण व्यवसायीसंग गरेको सम्झौताको सामान्य शर्तमा शर्तरहित बैंक जमानतका आधारमा पेश्की दिने व्यवस्था गरी यस्का लागि बैंक जमानतको ढाँचा समेत तोकेको भएपनि अधिकांश निर्माण व्यवसायीले तोकिएको ढाँचामा पेश गर्ने गरेको पाइएन । पेश्की लिएको रकम उपकरण, संयन्त्र, सामग्री र मोविलाइजेशनमा मात्र खर्च गर्न सक्ने व्यवस्था भएपनि सो को अनुगमन हुन सकेको छैन ।

३२. **चाडपर्व खर्च:** निजामती सेवा नियमावली, २०५० वमोजिम एक महिनाको तलव वरावर चाडपर्व खर्च पाउने व्यवस्था छ । यदि कुनै कर्मचारीले आफूले चाहेको चाडवाड परिवर्तन गर्न चाहेमा ३ महिना अगाडी नै निवेदन दिई मुख्य चाड परिवर्त गर्न सक्ने समेत व्यवस्था छ । लोक सेवावाट सिफारिस भै यस डिभिजन कार्यालयमा २०७२ मंसिरमा पहिलो दरवन्दी कायम भएका १० सव ईन्जिनियरहरुलाई माघे संग्रान्ती मुख्य चाड मानी चाडपर्व खर्च रु.१,८६,१२०/- भुक्तानी दिएकोमा पुनःवडा दशैं मुख्य चाड मानी चाडपर्व खर्च लेखेको देखियो । एक आर्थिक वर्षमा दुई पटक चाडपर्व खर्च भुक्तानी भएको पाइयो ।

३३. **जिम्मेवारी:** कार्यालयले आर्थिक विवरणमा गत वर्षको जिम्मेवारी सार्दा रु.२७९६२३०।- घटी जिम्मेवारी सारेको छ । गतवर्षको घटी जिम्मेवारी सार्नु पर्नाको कारण पेश भएन ।

३४. **भेरिएशन स्वीकृत:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ अनुसार खरिद सम्झैता वमोजिमको कार्य सुरु भई सकेपछि प्राविधिक कारणवाट त्यस्तो परिमाणमा थप,घट तथा नयाँ आइटम वा सट्टा गर्न अवश्यक देखिएमा ऐन को दफा ५४ को अधिनमा रही भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । चुरे रातमाटे हेटौडा सरस्वती खोला लोथार सडक खण्डको आवधिक मर्मत कार्य लागि लागत अनुमान रु.१४,०७,९९,९३२।-( भ्याट वाहेक) तयार भएकोमा मिति २०७४ फागुन मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग मिति २०७२।११।५ मा रु.६,४०,९९,८३९।- (भ्याट वाहेक) सम्झौता भएको छ । निर्माण व्यवसायीसँग भएको सम्झौतामा तीन खण्डमा कार्य गर्ने गरी सम्झौता भएकोमा सो अनुसार नगरी कुनै खण्डमा वढी र कुनै खण्डमा कम कार्य गरेको देखियो । संझौता अनुसार सम्वन्धित खण्डमा कार्य नभएको सम्बन्धमा

कार्यालयले भेरिएशन स्वीकृत नगराई कार्य गरेको छ । हालसम्म निर्माण व्यवसायीलाई रु.६,९५,६२,१२६।- भुक्तानी (९६ प्रतिशत) भए पनि विओक्यूको आइटम नं. ५ मा उल्लेख भएको विटुमिन ट्याक कोटको कार्य ७३५ प्रतिशत वढी काम गरेको देखियो भने अन्य विभिन्न कार्य नै भएको देखिएन । यसरी संझौता विपरित कार्य भएकोमा भेरिएशन स्वीकृत गरी कार्य सम्पन्न गर्नु पर्ने देखिन्छ ।

३५. **आर्थिक विवरणको ढाँचा :** आर्थिक कार्यविधि ऐन,२०५५ वमोजिम कार्यालयले अर्थ वजेटको आर्थिक विवरण चालु बजेटको आर्थिक विवरणमा एकीकृत गरी तयार पार्नु पर्ने व्यवस्था रहेकोमा डिभिजनले चालु वजेट तथा अर्थ वजेटको छुट्टा छुट्टै आर्थिक विरण तयार पारेको देखियो । उक्त कार्यमा सुधार गर्नु पर्ने देखिन्छ ।

३६. **समायोजन:** अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकेको अवस्थामा वाहेक सिलसिलेवार नम्वर सहितको विजक दिनु पनें व्यबस्था छ । तर डिभिजनबाट ७ व्यवसायीहरुलाई रकम रु.३१७१६७८५/- भुक्तानी गर्दा ७ व्यवसायीहरुले पेश गरेको विजक नम्वर केरमेट गरेको, विजक नम्वर नभएको, हातले विजक नंवर लेखी विजक जारी गरी गरी मूल्य अभिबृद्धि कर रकम समेत भुक्तानी लिएको देखिएकोले उक्त मूल्य अभिबृद्धि कर रु.३६६१५२४/- सम्बन्धित आन्तरिक राजश्व कार्लायबाट समायोजन भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

३७. **जिन्सी व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) बमोजिम जिन्सी माल सामान निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखि वा लिई ५०(३) अनुसार मर्मत सम्भार र लिलाम विक्रि गर्नु पर्ने उल्लेख छ । डिभिजनले उक्त नियमावलीमा उल्लेख भए अनुसारमिति २०७३।४।१४ को जिन्सी निरीक्षण प्रतिवेदन उपर काम कारवाही गरेको पाईएन भने प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनको कैफियत महल तथा जिन्सी सामानको अवस्थाको सम्बन्धमा देहाय बमोजिम उल्लेख भएकोमा उल्लेख अनुसार कार्यान्वयन हुनु पर्ने देखिएको छ ।

- डिभिजनबाट प्राप्त घर जग्गाको विवरणमा ५ स्थानको यस डिभिजनको नाममा रहेको घर जग्गाको जग्गा धनी पूर्जा प्राप्त भै नसकेको,कित्ता नम्बर उल्लेख नभएको र जग्गाको क्षेत्रफल अन्दाजी उल्लेख भएकोमा उक्त जग्गाहरुको कित्ता नं. तथा क्षेत्रफल एकिन गरी तत्कालै जग्गाधनी पूर्जा लिई आफ्नो स्वामित्वमा ल्याउनु पर्ने देखियो ।
- डिभिजनबाट प्राप्त सरकारी सवारी साधनको विवरणमा उल्लेखित देहायको सि.नं.मा उल्लेखित ४ मोटर साईकलल हराएको तथा लुटपाट भनी उल्लेख भएको छ । उक्त हराएको तथा लुटपाट भएको सवारी साधन मोटरसाईकल को कस्कोजिम्मामा थियो कसरी हराएको हो सो समेत खुलाई खोजविन गरी डिभिजनले प्राप्त गर्नु पर्ने देखियो ।
- डिभिजनमा प्राप्त सरकारी सवारी साधनको विवरणमा उल्लेखित २१ सवारी साधनहरु हाल सम्म पनि निजि नम्वरनै उल्लेख गरी प्रयोग हुने गरेको देखिएबाट ती सवारी साधनहरु सरकारीकाममा मात्र प्रयोग भएको छ होला भन्न सकिएन अत: ती सरकारी नम्बरमा ल्याउनेतर्फ काम कारवाही हुनु पर्ने देखियो ।
- अन्य सामानहरुको मौज्दात विवरण अनुसार चालू हालतमा नरहेका, टूटफूट भै विग्रीएका ल्यापटप, फ्रिज, मोटरसाईकल, थेडो लाईट, कम्प्यूटर प्रिण्टर, जेनरेटर, रिभल्वीड० चियर लगायत विभिन्न गरीका सामानहरु माथि उल्लेखित जिन्सी निरीक्षण अनुसार लिलाम तथा मिन्हा गरी जिन्सीलाई चुस्त र दुरुस्त बनाउनेतर्फ ध्यान दिनु पर्ने देखियो । त्यस्तै प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा मूल्य नखुलेका मोटर साईकल लगायतका विभिन्न सामानहरुको मूल्य खुलाई राख्नु पर्ने समेत देखियो ।

३८ **राजश्वः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५(ग) अनुसार तोकिएको ढाँचा अनुरुप लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले म.ले.प.फा. नं. ११८,१०८, १०८क, १०८ख, २३ राखेको देखिएन । कार्यालयवाट प्राप्त आर्थिक विवरण अनुसार आर्थिक वर्ष २०७२।०७३ मा राजश्व वापत रु.४४,६९,०३४।- आम्दानी तथा दाखिला देखाएको छ । तर उक्त आर्थिक कारोवार सँग सम्वन्धित अन्य खाता तथा विवरण प्राप्त हुन आएन ।

३९. **धरौटीः** आर्थिक कार्यविधि नियवाली, २०६४ को नियम ७८ अनुसार वजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटी खातामा रकम जम्मा गर्न नहुने व्यवस्था छ । डिभिजनले राप्ती नदीमा पुल निर्माण कार्यको लागि एक जे.भि.संग ठेक्का संझौता गरी वैंक जमानतको आधारमा रु.७४,००,०००।- पेश्की दिएको र समयमा कार्य नगरेको कारण जनाई वैंकवाट उक्त जमानत वापत रकम २०७१।१२।३० मा धरौटी खातामा जम्मा गरी पेश्की फछ्र्यौट गरेको देखिन्छ । यसरी राजश्व खातामा दाखिला गर्नु रकम धरौटी खातामा राखी धरौटी खातावाट चालु आर्थिक वर्षमा रु.६१,२९,०९३।- समेत उक्त पुरै रकम खर्च गरेको छ ।

- आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार धरौटी रकम अन्य प्रयोजनको निमित्त खर्च गर्न नहुने व्यवस्था छ । कार्यालयले एक प्रा.लि.लाई पछि विलको भूक्तानी दिदा हिसाव मिलान गर्ने गरी धरौटी खातावाट पसाहा खोलामा पुल निर्माणको लागि पेश्की सापटी भनी रु.२०,५०,०००।- भुक्तानी खर्च लेखेकोमा २०७३।४।६ मा सोध भर्ना प्राप्त भएको छ ।
- आन्तरिक राजश्व विभागको मिति २०६९।६।१० को पत्र अनुसार धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर सम्बन्धित निर्माण व्यवसायीले कर विवरणमा समायोजन गरे नगरेको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट एकीन गरी भुक्तानी दिने उल्लेख छ । डिभिजनले धरौटी रकम फिर्ता दिनु पूर्व सम्वन्धित निर्माण व्यवसायीले गरेको कार्यको त्रुटी सच्याउने अवधिसम्म उक्त कार्यको अवस्था कस्तो रहेको छ, मर्मत गर्नु पर्ने हो होइन सम्बन्धित प्राविधिकवाट मर्मत गर्नु पर्ने भनी सिफारिश तथा मू.अ. कर समायोजनको प्रमाण वेगर करचुक्ता प्रमाण प्रमाणको आधारमा ६७ निर्माण व्यवसायीलाई रु.१८५३३४०२/- धरौटी फिर्ता भएकोले मु.अ. कर समायोजनको प्रमाण पेश हुनु पर्दछ ।
- प्राप्त नामनामेसी विवरण अनुसार अन्य धरौटी वाँकी भनी रु.१४१०१४३।- देखाएकोले उक्त नामनामेसी नखुलेको धरौटी रकम आवश्यक प्रकृया पुरा गरी राजश्व खातामा दाखिला हुनु पर्दछ ।

४०. **विवरण प्राप्तीः** आषाढको अख्तियारी र खर्च, चौमासिक कार्यक्रम सञ्चालन/पूँजीगत खर्च विवरण, सम्भाव्यता अध्ययनसम्बन्धी विवरण, बोलपत्र बेगर काम टुक्रा पारी खरिद गरेको विवरण, बोलपत्रमा सहभागिता र लागत कबोल अङ्क तुलना विवरण, परामर्श खर्च सम्बन्धी विवरण, विदेशी परामर्श खर्च सम्बन्धी विवरण, स्वदेशी परामर्श खर्च सम्बन्धी विवरण, म्याद थप सम्बन्धी विवरण, वार्षिक लक्ष्य तथा प्रगति, अन्य प्रयोजनको खर्च, कोषसम्बन्धी विवरण, अनुदान सम्बन्धी विवरण, करारका कर्मचारी, औषधि उपचार खर्चको विवरण, विगत वर्षको प्रतिवेदनको अनुगमन विवरण, निर्माण ठेक्काको बी.ओ.क्यू.मा समावेश गरी खरिद गरेको सवारीसाधन/उपकरण, होटल रेष्टुराँमा तालिम खर्च विवरण, कानुन र मापदण्ड बेगरको सुविधा, भेरिएशन आदेशको विवरण, पूंजीगत खर्चको विवरण, यान्त्रिक उपकरणको अवस्था, आयोजनाको विवरण, पुलको विवरण, बेरुजू (पेश्की समेत) को विवरण, सार्वजनिक लेखासमितिको निर्णय कार्यान्वयनको अनुगमन प्रभावकारिता सम्बन्धी विवरणहरु प्राप्त नभएकाले सो को विश्लेषण गर्न सकिएन ।

## धरान–चतरा–गाईघाट–कटारी–सिन्धुली–हेटौंडा सडक योजना

१. **आयोजना स्वीकृतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन र प्रतिफलको समेत विचार गरी

आयोजना स्वीकृत गर्नु पर्ने व्यवस्था अनुसूची ३ मा उल्लेख भएकोमा सो अनुरुप स्वीकृत नगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ बमोजिम लागत अनुमान मात्र स्वीकृत गर्ने गरेको पाइयो । कार्यालयले योजना स्वीकृत गरांउदा सो अनुसार नगरी खरिद सम्झौता गरेकोले योजनाको लागत र समय बृद्धि हुने गरेको छ ।

- योजनाले उक्त आयोजना अन्तरगत समग्र रुपमा ठेक्का व्यवस्थापन नगरी ११ कामको ३ आर्थिक वर्षको रु.१०७५१९८९४३/- पटके रुपमा लागत अनुमान तयार गर्दा छुट्टा छुट्टै प्याकेज बनाई कार्य गराएको पाइयो ।
- योजनाको लागि रु.१ अर्ब ७ करोड ५१ लाख ९८ हजार ९४३ को लागत अनुमान स्वीकृत भएकोमा योजनाले विभिन्न १५ कामको विवरण अनुसारको चेनेज अनुसार खरिद सम्झौता गर्नु पर्नेमा लागत अनुमानमा भएका चेनेज नम्बर समेत परिवर्तन गरी कबोल अंक रु.६६७७८९९१२/- मा अद्यावधिक भुक्तानी रु.२०३३५८९०१/- को खरिद सम्झौता गरेको छ ।
- परामर्शदाताले पेश गरेको सर्वेक्षण प्रतिवेदन अनुसार धरान देखि हैटौंडासम्मको ३०० किमी सडकको निर्माण गर्न रु.८ अर्ब ७० करोड २५ लाख ७६ हजार लाग्ने गरी आयोजना प्रतिवेदनको मस्यौदा प्रतिवेदन पेश गरेकोमा उक्त प्रतिवेदन आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ बमोजिमको प्रकृया पुरा गरी स्वीकृत भएको पाइएन ।
- योजनाले विगत ३ वर्षमा रु.१,०७,५१,९८,९४३/- को लागत अनुमान स्वीकृत गरी विभिन्न खरिद सम्झौताबाट रु.६६,७७,८९,९१२/- का खरिद सम्झौता गरी २०७३ आषाढ मसान्त सम्ममा रु.२०,३३,५८,९०१/- भुक्तानी गरी सकेको छ । उक्त निर्माण कार्यलाई निरन्तरता नदिई २०१६ नोभेम्बर ६ मा एक जे भी संग उपरोक्त सडक निर्माण कार्य गर्न रु.७,१०,२४,८८,६४५।- को लागतमा ३६ महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएको जानकारी प्राप्त भएको छ । ठेक्का अवधि ३६ महिना सडक विभागको निर्माण कार्यमा समय निर्धारण सम्बन्धी निर्देशिका विपरित छ । सो योजनामा हालसम्म भएका कार्यको यथार्थ अवस्था मूल्यांकन नगरी कार्य दोहोरो पर्ने गरी नयां ठेक्का सम्झौता गरेको पाइयो । योजनाको नयां ठेक्कामा सम्पन्न भई रहेका कार्य हटाई दोहोरो नपर्ने गरी ठेक्का व्यवस्था हुनु पर्दछ । ठेक्का व्यवस्था भई कार्य चालु रहेको अवस्थामा यसरी निर्णय परिवर्तन भएका निर्णयका कागजात लेखापरीक्षणका लागि पेश गरेको छैन । यसबाट हालसम्म यस योजनाबाट भएको खर्च रु.२०,३३,५८,९०१।- को मुद्राको सार्थकता प्राप्त हुने अवस्था छैन ।

२. **कार्यक्रम स्वीकृत:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयमा यस वर्ष खर्च गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा आषाढ महिनामा प्राप्त अख्तियारी रु.१ करोड ३६ लाख रहेको छ ।

३. **चौमासिक तथा आषाढ महिनाको खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति तयार गर्नु पर्ने व्यवस्था रहेको छ। योजना कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम वा क्रियाकलाप सञ्चालन गरिनु पर्दछ। कार्यालयले कुल खर्चमध्ये तेस्रो चौमासिकमा ७५.६७ प्रतिशत तथा आषाढ महिनामा ४१.५० प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर अधिक खर्च गरेको देखियो ।

४. **ठेक्का व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यकम र कार्यान्वयन तालिका बनाउँदा प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने र नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही

शुरु गर्न नहुने व्यवस्था रहेको छ। व्यवस्थापिका संसद विकास समितिको २०७२।९।१६ को बैठक नम्बर ७३ बाट सडक विस्तारको कार्य वा नयाँ सडक विस्तार गर्दा सर्वप्रथम जग्गा प्राप्ति लगायत right of way एवं अन्य सम्पूर्ण स्थानीय समस्या एवं पूर्वाधारका कुराहरु सम्पन्न गरेर मात्र सडक निर्माणको ठेक्कापट्टा/टेन्डरको काम कारवाही गर्न निर्देश गरेको छ। कार्यालयको यस वर्षको ठेक्का व्यवस्थापन निम्न रहेको छः

(रु.हजारमा)

| चालू आ.व.को ठेक्का | | प्रथम चौमासिकमा सम्झौता | | द्रोश्रो चौमासिकमा सम्झौता | | त्रेश्रो चौमासिकमा सम्झौता | |
|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ८ | ३२६४८५ | २ | १८७१ | ५ | ३२३७७६ | १ | ८३८ |

- कार्यालयबाट यस वर्ष रु.३२ करोड ६४ लाख ८५ हजार सम्झौता रकम रहेका ८ वटा खरिद सम्झौता भएकोमा प्रथम चौमासिकमा २ वटा, दोस्रो चौमासिकमा ५ वटा र तेस्रो चौमासिकमा १ वटा सम्झौता भएको पाइयो। कार्यालयले लागत अनुमान तयार गरी कार्यान्वयनको क्रममा कानूनी व्यवस्था एवं संसदीय समितिको निर्देशन समेत विचार गरी निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गर्नाले समयमा कार्य सम्पन्न हुने गरेको देखिएन।

५. **कम कबोल अंकः** कार्यालयको यस वर्ष प्रदान गरेका खरिद सम्झौताको अवस्था हेर्दा ८ ठेक्काको लागत अनुमान रु.६१४६७६९४७/- रहेकोमा कबोल अंक रु.३२६४८५३००/- भई लागत अनुमानको तुलनामा कबोल प्रतिशत औसत ५५.०९ रहेको छ। लागत अनुमानको तुलनामा कबोल अंक कम रहेकाले लागत अनुमानमा उल्लेख भएको स्पेशिफिकेशन अनुसार काम सम्पन्न हुने अवस्था एकीन गर्न सकिएन।

६. **खरिद सम्झैताः** नेपाल सरकार (सचिवस्तरीय) को मिति २०७२।१।२ को निर्णय अनुसार ठेक्का समयावधि तोक्ने मापदण्ड स्वीकृत भई आर्थिक वर्ष २०७२।७३ को शुरुबाट लागु गरेको छ। सो अनुसार रु.३ करोडसम्मका ठेक्कामा १२ महिना, रु.५ करोड सम्मका ठेक्कामा १८ महिना, रु.९ करोडसम्मका ठेक्कामा २४ महिना, रु.१५ करोडसम्मका ठेक्कामा ३० महिना, २७ करोडसम्मका ठेक्कामा ३६ महिना म्याद दिनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले प्रदान गरेका २ ठेक्काको म्याद अध्ययन गर्दा खरिद सम्झौताको म्याद तोक्ने व्यवस्था पूर्ण रुपमा लागु गरेको देखिएन।

७. **भेरिएशन आदेशः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौताको परिमाणमा थप, घट गर्न वा नयां आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा त्यस्तो नयां आइटमको लागत अनुमान तयार गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ। सडक विभागको मिति २०७३।३।२६ को परिपत्र अनुसार अनिवार्य रुपमा भेरिएशन आदेश तथा संशोधित लागत स्वीकृत गराएर मात्र भुक्तानी गर्न निर्देशित गरेको छ। कार्यालयले खरिद कानून अनुसार भेरिएशन आदेश जारी गर्नु पर्नेमा निर्माण सम्पन्न भएपछि कबोल अंकको ५ प्रतिशतभन्दा बढी काम भएमा मात्र जारी गर्ने गरेको छ। अतः सम्झौताभन्दा बढी परिमाणको काम हुनासाथ तथा कार्य सम्पन्न भएपछि परिमाणमा थप वा घट भएमा भेरिएशन आदेश जारी हुनु पर्दछ।

- त्यस्तै सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमूना खरिद सम्झौता सम्बन्धी कागजातको ३७ मा आइटमको भेरिएशन आदेश जारी गर्ने व्यवस्था रहेको छ। कार्यालयले ३ खरिद सम्झौतामा विभिन्न १७ आइटममा सम्झौताभन्दा रु.६७३७७६२/- बढी परिमाणको काम भएकोमा भेरिएशन आदेश जारी भएको पाइएन।

८. **बीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनु पर्ने र नियम ९(२) मा वीमा समेतको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले आयोजनाको

लागत अनुमान तयार गर्दा वीमाको लागत अनुमान गर्दा कुनै आधार वेगर अनुमान गर्ने र लागत अनुमान तयार नगरी एकमुष्ट रकम उल्लेख गर्ने र निर्माण व्यवसायीले जतिसुकै रकमको विल पेश गरे पनि एकमुष्ट रकम भुक्तानी दिने गरेको पाइयो । अतः वीमाको लागत अनुमान तयार गर्दा लाग्ने प्रिमियम निर्माण व्यवसायीले वीमा कम्पनीलाई भुक्तानी गरेको रकम सोधभर्ना दिने गरी लागत अनुमान तयार गर्नु पर्ने देखिन्छ । कार्यालयले निर्माण कार्यको कार्य परिमाण सूचीमा विमा वापतको रकम लमसममा राखी विभिन्न निर्माण व्यवसायीले पेश गरेको वीमा वापत भुक्तान गरेको विल रकम रु.१९५०००/-.भन्दा रु.१६३४९९९/-बढी रकम भुक्तानी दिएको छ ।

९. **निर्माण कार्यको गुणस्तरः** सडक विभागको स्टाण्डर्ड स्पेसिफिकेसन सडक विभागले मिति २०६६।११।२५ मा जारी गरेको गुणस्तर आश्वस्तता योजना र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था भएतापनि यो वर्ष ठेक्का सम्झौता भएकोमा केही निर्माण व्यवसायीले उक्त योजना पेश गरेको पाइएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्थामा कार्यालयले लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको अलग आइटम बनाएको छैन भने निर्माण निर्माण व्यवसायीले पेश गरेका गुणस्तर परीक्षण प्रतिवेदन विभागबाट मान्यता प्राप्त प्रयोगशाला भए नभएको खुलाएको छैन ।

१०. **मूल्य समायोजनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ (२) मा खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा मूल्य समायोजन सूत्रको प्रयोगबाट देखिनु पर्ने न्यूनतम मूल्य वृद्धि र मूल्य समायोजन सम्बन्धी प्रावधान लागू हुन पूरा हुनु पर्ने अन्य शर्त तथा वन्देज उल्लेख गर्नु पर्दछ । यस प्रयोजनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले कार्यान्वयनमा ल्याएको नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) को सामान्य शर्तको ४५ मा सुत्र र विधि निर्धारण गरिएको छ भने सम्झौतामा मूल्य समायोजन तथ्याँक तालिका समेत उल्लेख गर्नु पर्ने व्यवस्था रहेको छ ।

- कार्यालयले खरिद सम्झौता गर्दा खरिद अनुगमन कार्यालयले सिफारिश गरेको सुत्रभन्दा अलग सुत्र प्रयोग गरेको छ भने सम्झौतामा मूल्य समायोजन तथ्याँक तालिका, वेसलाइन डेट, मूल्य समायोजनको अन्तराल उल्लेख नगरेको, श्रम, सामग्री र उपकरणको रकम नेपाल राष्ट्र बैंकको सूचकांक प्रयोग नगरी राष्ट्रिय उपभोक्ता मूल्य सूची मासिक सेरिज २०१५।१६ को प्रोविजनल तथ्याँकको आधारमा दिएको, विमा रकमको पनि दिएकोले १ निर्माण व्यवसायीलाई रु.१३३३००१/- भुक्तानी दिएको मूल्य समायोजन रकमको यर्थाथता परीक्षण गर्ने आधार नभएकोले उक्त सुत्र अनुसार गणना गरी रकम एकीन गर्नु पर्दछ ।

११. **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कुनै निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने र त्यस्तो प्रतिवेदन बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयमा यस वर्ष अन्तिम विल पेश भएका विवरणको अध्ययन गर्दा निर्माण कार्य सम्पन्न गरेका ८ खरिद सम्झौताको उक्त प्रावधान अनुरुप भुक्तानी रकम रु.८६४८८२३२/-को कार्य सम्पन्न प्रतिवेदन तयार भएको छैन ।

१२. **कन्टिन्जेन्सी खर्चः** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिति २०७३।३।२६ मा खर्च गर्ने कार्यविधि स्वीकृत गर्ने प्रतिबद्धता जनाएको भएपनि कार्यविधि स्वीकृत गरेको पाइएन ।

कार्यालयले यो वर्ष रु.५७,०९,५६२।- कन्टिन्जेन्सी खर्च गरेकोमा सो खर्चमा निम्नानुसारका व्यहोरा देखिएकोले उक्त खर्च सार्वजनिक निर्माण खर्चको वर्गीकरण अनुसार प्रत्यक्ष खर्च नदेखिएकाले नियमित देखिएन ।

- आर्थिक संकेत तथा बर्गीकरण २०६७ अनुसार विभिन्न खर्च संकेत नं.बाट खर्च लेखाकन गर्नुपर्ने रकमहरु जस्तै इन्धन खर्च, मर्मत, अनुगमन भ्रमण खर्च, कार्यालय सञ्चालन जस्ता कार्यमा खर्च गरेको रु.५७०९५६२/- समेत खर्च संकेत नं.२९६११ (सार्वजनिक निर्माण) शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको आर्थिक संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिँदैन । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि चालु खर्च शीर्षकमा बजेट व्यवस्था भएकोमा त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेख्नु उपयुक्त देखिएन ।
- कार्यालयले वार्षिक कार्यक्रम तयार गर्दा आयोजनाको कुल लागत, गत वर्षसम्म सम्पन्न र यसवर्षको वार्षिक कार्यलक्ष्यमा कन्टिन्जेन्सी खर्च वापत खर्च गर्न सकिने रकमलाई प्रशासनिक खर्चमा देखाएको छैन भने वार्षिक प्रगति तयार गर्दा हालसम्मको खर्चमा समेत कन्टिन्जेन्सी खर्चको रकम देखाएको छैन । त्यस्तै योजनाका नापी किताबमा यस्तो खर्च जनाउने गरेको पाइएन ।
- कन्टिन्जेन्सीबाट मष्टरोल मार्फत् रु.१०४५७२१।- सुपरभाइजर ज्याला खर्च लेखेको छ । निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइजरहरु काममा लगाई निजहरुलाई पारिश्रमिक वापत उक्त रकम खर्च लेखेको देखिन्छ । निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइरहरु नियुक्त गर्ने सम्बन्धमा आवश्यक मापदण्ड एवं नर्म्स तय नगरेकोले सडकको लम्बाई अनुसार आवश्यक संख्या, छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नुपर्ने कामको विवरण, सेवा करारका सम्बन्धमा एकीन गर्ने आधार भएन ।
- कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सार्वजनिक खरिद नियमावली बमोजिम सुचिकृत पार्टीबाट रु.६६८७६६।- को मालसामान सोझै खरिद गरी खर्च लेखेको देखिएको छ । उक्त खर्चलाई समेत वार्षिक खरिद योजनामा समावेश गरी नियमको व्यवस्था अनुसार खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११८ मा अधिकार प्राप्त गरेका अधिकारीको अधिकारमा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न नपाइने व्यवस्था रहेको छ । योजनाले सोही नियमावलीको नियम ३२ बमोजिम निकाशा भएको रकम नियम ३५ र ३६ बमोजिम खर्च गर्न पाउनेमा कन्टिन्जेन्सि वापत खर्च गर्न पाउने रकम मध्ये रु.२२ लाख अर्थ मन्त्रालयको सहमति बमोजिम सडक विभागले माग गरे बमोजिम योजनाले खर्च जनाएको छ । प्रचलित कानूनमा तल्लो तहलाई खर्च गर्न अख्तियारी दिएको रकम तालुक कार्यालयले खर्च गर्न पाउने एवं खर्च गर्न सहमति दिने व्यवस्था देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक संकेत तथा वर्गीकरण २०६७ अनुसार खर्च संकेत नं. २९७११ पूंजीगत अनुसन्धान तथा परामर्श खर्चमा कन्टीन्जेन्सी खर्च गर्न पाउने कानूनी व्यवस्था नभएपनि कार्यालयले पूंजीगत अनुसन्धान तथा परामर्श खर्चबाट रु.३९१६५।- खर्च गरेको देखिएको छ ।

१३. **अन्य कार्यालयको खर्च:** मध्यमाञ्चल क्षेत्रिय सडक निर्देशनालयले आयोजना गरेको क्षेत्रीय वार्षिक सडक सुधार योजना कार्यशालामा खर्च भएको रकम रु.५००३०।- योजनाले व्यहोरेको पाइयो ।

१४. **कर्मचारी दरवन्दी र पदपूर्तिः** कार्यालयमा विभिन्न श्रेणीका २० कर्मचारीको दरवन्दी रहेकोमा १६ जना मात्र कार्यरत रहेको पाइयो । कार्यालयलाई अति आवश्यक पर्ने सव इन्जिनियर ४ वटै पद रिक्त रहेको पाइयो ।

१५. **सार्वजनिक निर्माणको लेखाः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० र नियमावली, २०६४ को नियम ९२ मा कारोबारको लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । यस्का लागि विभिन्न म.ले.प.फा.नं.हरु स्वीकृत भई कार्यान्वयनमा रहेका छन तर कार्यालयले महालेखा परीक्षकबाट स्वीकृत भएका म.ले.प.फा.नं. १६६ देखि १७७ सम्म र १९० गरी १३ वटा फारामहरु प्रयोगमा ल्याएको पाइएन । त्यस्तै निर्माण कार्यको विस्तृत मापनका लागि स्वीकृत नापी किताबमा भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ। यसरी तयार गरिएको नापी किताब काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमावली, २०२७ मा उल्लेख छ। योजनाले नापी किताब लुज शीटमा प्रयोग गर्ने गरेको पाइयो । तसर्थ नापी कितावमा अभिलेख गर्नु पर्ने सबै तथ्यांक एवं सूचनाहरु खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी किताब नियन्त्रण खातामा समेत अभिलेख राखी हार्ड कपीमा अलग अभिलेख खडा गरी प्रयोगमा ल्याइनु पर्दछ ।

१६. **कार्य सम्पादन जमानतको अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा खरिद सम्झौता गर्न कार्य सम्पादन जमानत पेश गर्नु पर्ने तथा नियम ११३ मा पेश्की लिन जमानत पेश गर्नु पर्ने व्यवस्था रहेको छ। त्यस्तै नियम ११२ बमोजिम बीमा गराउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले उक्त प्रयोजनका लागि पेश गरेको जमानत एवं बीमाको अद्यावधिक अभिलेख खडा गरी राखेको पाइएन ।

१७. **एज विल्ट नक्शाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण सम्पन्न भएको तीस दिनभित्र (एज विल्ट) नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था समावेश गर्नु पर्ने खरिद रकम वा निर्माण कार्यको प्रकृतिको सीमा किटान गरिएको छैन । कार्यालयले खरिद सम्झौता गर्दा उक्त व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याएको पाइएन ।

१८. **बजेट विनियोजनः** यस वर्ष ७ पुल निर्माण गर्न शुरुमा रु.८७००००००।- बजेट विनियोजन भएकोमा २०७२।६।१२ मा रु १२ लाख, २०७२।६।२७ मा रु.८ लाख,२०७२।१०।११ मा रु.२० लाख, २०७३।२।२ मा रु.१ करोड थप गरी रु.१० करोड १० लाख बजेट कायम भएकोमा २०७३।२।३० मा रु.३ करोड ६० लाख एवं २०७३।३।१९ मा रु.१ करोड ५ लाख घटाई रु.५ करोड ४५ लाख बजेट कायम भएकोमा ५ पुलको निर्माण/मर्मतमा रु.३ करोड २८ लाख ८ हजार ६६९ मात्र खर्च भएको छ । यसबाट योजनाको लागि विनियोजित बजेट यर्थाथपरक रहेको पाइएन ।

१९. **निर्णय प्रक्रियाः** बरुवा खोलामा पुल निर्माण कार्य रु.६२२५६९४४।- (भेरिएशन आदेश समेत) को लागतमा ३ वर्षमा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग २०६९।२।२८ मा सम्झौता भएकोमा थपिएको म्यादभित्र कार्य सम्पन्न नभए क्षतिपूर्ति लिने गरी मिति २०७२।११।२७ सम्म म्याद थप स्वीकृत महानिर्देशकबाट भएकोमा मिति २०७३।२।२५ मा सम्पन्न भएको छ । पहिलोपटक २०७२।११।२७ मा सम्पन्न नभएमा क्षतिपूर्ति लिने गरी सम्झौता भएकोमा नाकाबन्दी, भुकम्पको कारण देखाई पुनः २०७३।२।२७ सम्म सम्पन्न नभएमा हर्जाना लिने गरी म्याद थप गरेको छ । पहिलो पटक हर्जाना लिने गरी म्याद थप भएको अवधिमा सम्पन्न नभएकोले निर्माण व्यवसायीसंग मिति २०७२।११।२७ देखि २०७३।२।२५ सम्म ८८ दिनको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम प्रतिदिन ०.०५ प्रतिशतका दरले हुने रु.२७३९३०५।-हर्जाना असुल गर्ने गरी म्याद थप गर्नु पर्नेमा २०७३।२।२७ मा सम्पन्न नभएमा हर्जाना लिने गरी म्याद थप भएको पाइयो । यसबाट महानिर्देशकको निर्णय प्रकृयामा एकरुपता रहेको देखिएन ।

- उक्त निर्माण कार्यको लागि रु.१३,०२,३८,८१२।- लागत अनुमान भएकोमा रु.६,२२,५६,९४५।- अर्थात लागत अनुमानभन्दा ५२.२० प्रतिशत कममा कबोल भएकोमा रु.६२२५०७०५।- मा सम्पन्न भएको उल्लेख भएकाले लागत अनुमानको ४७.८० प्रतिशतमा काम सम्पन्न भएको देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) अनुसार स्वीकृत ड्रईङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा जाँचबुझ हुनु पर्दछ ।

२०. **म्याद थप:** एक खरिद सम्झौताको काम रु.३७९०१८१८।- को लागतमा २०७२।२।३० मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग सम्झौता भएकोमा मिति २०७३।३।२६ सम्ममा रु.१८५११८४०।- को काम सम्पन्न भएको छ । उक्त खरिद सम्झौताको म्याद थप गर्दा थप भएको म्यादभित्र कार्य सम्पन्न नभए क्षतिपूर्ति लिने गरी मिति २०७३।२।३२ सम्म महानिर्देशकबाट म्याद थप स्वीकृत भएकोमा  उक्त ठेक्का सुविस्ताको आधारमा अन्त्य गर्ने गरी क्षतिपूर्ति नलिने गरी महानिर्देशकबाट पुन: २०७३।८।२७ सम्म म्याद थप भएको छ ।

- उक्त निर्माण कार्यको लागि रु.९३८६३६११।- लागत अनुमान भएकोमा रु.३७९०१८१९।- अर्थात लागत अनुमानभन्दा ५९.७३ प्रतिशत कममा कबोल भएकोमा रु.१८५११८४०।- मा सम्पन्न भएको उल्लेख भएकाले लागत अनुमानको १९.७२ प्रतिशत तथा कबोल अंकको ४८.८४ प्रतिशतमा काम सम्पन्न भएको देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) अनुसार स्वीकृत ड्रईङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा जाँचबुझ हुनु पर्दछ ।

२१. **मोबिलाइजेशन पेश्की:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने व्यवस्था अनुसार ५ निर्माण व्यवसायीलाई दिएको पेश्की रु.४५३१९०००/- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सोही नियमावलीको नियम ११३(५) बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

- निर्माण व्यवसायीलाई दिइएको पेश्की सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार प्रत्येक रनिङ्ग विल वा अन्य बिल वीजकबाट कट्टा गर्नु पर्ने व्यवस्था रहेको भएपनि कार्यालयले सम्झौताका सामान्य शर्तमा कबोल अंकको ३० प्रतिशतभन्दा बढीको काम भएपछिका रनिङ विलबाट ४० प्रतिशतका दरले कटाउने शर्त राखी सोही अनुसार कटाउने गरेको छ जुन प्रणाली खरिद नियमावली विपरित छ । त्यस्तै कबोल अंकको ८० प्रतिशत काम भएपछि सबै पेश्की फछ्र्यौट गरी सक्नु पर्ने उल्लेख भएपनि सो अनुसारको अभिलेख राखेको पाइएन ।
- कार्यालयले निर्माण व्यवसायीसंग गरेको सम्झौता सामान्य शर्तको ४९ मा शर्त रहितको बैंक जमानतका आधारमा पेश्की दिने व्यवस्था गरी ढाँचा समेत तोकेको भएपनि अधिकांश निर्माण व्यवसायीले तोकिएको ढाँचामा पेश गर्ने गरेको पाइएन । पेश्की लिएको रकम उपकरण, संयन्त्र, सामग्री र परिचालनमा मात्र खर्च गर्न सक्ने व्यवस्था भएपनि सो को अनुगमन हुन सकेको छैन ।

२२. **जिन्सी व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) बमोजिम जिन्सी माल सामानको प्रतिवेदन लिखित रुपमा लिई ५०(३) अनुसार मर्मत सम्भार गर्नु पर्ने भए ३ महिना र लिलाम विक्रि गर्नु पर्ने भएमा ६ महिना भित्र लिलाम गर्नु पर्ने उल्लेख छ । योजनाले उक्त नियमावलीमा उल्लेख भए अनुसार मिति २०७३।०४।०५ मा पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा मोटरसाईकल डिजिटल थियोडोलाईट मेशिन लगायत १८ प्रकारका चालु हालतमा नरहेका भनि उल्लेख भएकोले नियमावली अनुसारको काम कारवाही गरी जिन्सीलाई चुस्त र दुरुस्त बनाउनु पर्ने देखिएको छ ।

२३. **खाता व्यवस्थापन:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० मा कारोबारको लेखा प्रणाली नेपाल सरकारले तोकिदिए बमोजिम र प्रचलित लेखा प्रणाली अनुसार स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ। यस प्रयोजनका लागि विभिन्न म.ले.प.फा.नं. हरु तोकिएका छन ।

कार्यालयले आर्थिक कारोबारको लेखा राख्दा बजेट खर्च रकमलाई डेविट गरी कट्टा हुने रकम केडिट गरी भुक्तानी रकमलाई केडिट गर्नु पर्दछ । कार्यालयले कारोबारको लेखा राख्न गोश्वरा भौचर खडा गर्दा कट्टि गर्नु पर्ने रकमहरुलाई केडिट गर्नु पर्नेमा सो नगरी बजेट खर्च डेविट गरी एकल खाता कोष प्रणाली केडिट गर्ने गरेकोले आयकर कट्टि, धरौटी कट्टि आदि एकीन गर्ने आधार भएन ।

२४. **धरौटीः** यस वर्षको धरौटीको आर्थिक विवरण अनुसार रु.१,६६,२४,३११।- धरौटी बांकी देखाएकोमा व्यक्तिगत विवरण तयार गरेको पाईएन ।

## नयाँ सबुज गण

१. **पुनः निर्माणः** भिमफेदीमा भूकम्पबाट प्रभावित परिवाहरुलाई सामुहिक आवासको १६ कोठे भवन निर्माण गर्नको लागि आवश्यक पर्ने निर्माण समाग्री खरिद गर्न रु.३७,६४,५८२।- (मू.अ.कर बाहेक) को लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्र माग गरेकोमा एक सप्लायर्सको रु.४२,४२,६७०।- (मू.अ.कर सहित) को दरभाउ पत्र स्विकृत गरी २०७३।३।५ मा सम्झौता भएको छ । सम्झौता अनुसार २०७३।३।१० भित्र सबै सामान आपुर्ति गर्ने भन्ने उल्लेख भए अनुसार सो समय भित्र आपूर्ति भएको छ । यस नया सबुज गणले सो कार्य सम्पन्न गरी रु.६१,४८,५१७- को कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ । सो स्थानमा स्थलगत निरीक्षण गर्दा सो भवनमा कोही भूकम्प पिडित जनता बस्ने गरेको पाइएन र प्रयोग विहिन अवस्थामा रहेका देखिएको छ । सो भवनमा कोही नबसेको हुँदा अन्य काममा प्रयोग गर्न उपयुर्क्त देखिन्छ । हाल उक्त भवन गा.वि.स.को जिम्मामा रहेको छ ।

२. **सामान खरिदः** आ.व. २०७२।७३ मा गणले निर्माण कार्य को बिल अफ क्वान्टिटीमा समावेश गरी चेन्जेबल ड्रिल मेसिन, ५ के.भि.जेनेरेटर, भऱ्याङ, वाईल्डिङ मेसिन १४" कटिङ्ग ह्वाईल मेसिन जस्ता मूल्य रु.२,६६,६८०।- को सामानहरु खरिद गरेको छ ।

३. **बायोग्यास प्लान्टः** यस आर्थिक वर्षमा वायोग्यास प्लान्ट निर्माण कार्यको लागि ८०,०००।- बजेट व्यवस्था भएकोमा एक सप्लायर्ससँग उक्त वायोग्यास प्लान्ट निर्माणको लागि आवश्यक वालुवा, ढुङ्गा, गिट्टी, सिमेन्ट आदी खरिद गरेको भनि रु.७२,१३०।- मा १३ प्रतिशत मु.अ.कर समेत रु.८०,०००।- भुक्तानी गरेकोमा वायोग्यास प्लान्टको संरचनानै निर्माण नगरी निर्माण सामानहरु मात्र संकलन गरी राखेकोमा निर्माण कार्य सम्पन्न भएको छैन ।

४. **अमानतः** शौचालय निर्माण कार्य अमानतबाट गर्ने गरी इन्जिनियरिङ विभागको मिति २०७२।९।७ को पत्रबाट लेखि आए अनुसार रु.१५,३२,७१२।- को लगत अनुमान स्वीकृत गरी निर्माण सामाग्री खरिदको लागि सिलबन्दी दरभाउपत्र आव्हान गरी एक सप्लायर्सको कवोल अंक रु.१२,५३,१५१।- मिति २०७२।१२।१२ मा स्वीकृत गरी ३० दिन भित्र निर्माण सामग्री आपूर्ति गर्ने गरी सम्झौता भएकोमा समयमा नै सामान आपूर्ति भई निर्माण कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छ ।

## नं. ७ बाहिनी अड्डा

१. **वायोग्यास प्लान्टः** यस आर्थिक वर्षमा वायोग्यास प्लान्ट निर्माण कार्यको लागि १,००,०००।- बजेट व्यवस्था भएकोमा एक सप्लायर्ससँग वायोग्यास प्लान्ट निर्माणको लागि आवश्यक वालुवा, ढुङ्गा, गिट्टी, फलामे रड र सिमेन्ट खरिद गरेको रु.८८,५३०। मा १३ प्रतिशत मु.अ.कर समेत रु.१,००,०००।- भुक्तानी गरेकोमा वायोग्यास प्लान्टको संरचना नै निर्माण नगरी निर्माण सामानहरु मात्र संकलन गरी राखेकोले निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश हुनुपर्दछ ।

## वन विज्ञान अध्ययन संस्थान हेटौडा क्याम्पस

१. **आम्दानी रकमः** त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचय कोष सम्वन्धि नियम २०५० को नियम ४ (२) र ६ बमोजिम नियमित शुल्क वाहेक अतिरिक्त शुल्क वापत उठाएको आम्दानी रकमको ९० प्रतिशतसम्म खर्च गरी बाँकी रकम विश्व विद्यालय कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । क्याम्पसले पेश गरेको वासलातको अनुसुची ३ बमोजिमको आम्दानी विवरण अनुसार रु.२७,७४,५२०।- आम्दानी गरेकोमा नियमावलीमा व्यवस्था भए बमोजिम १० प्रतिशतले हुने रकम २,७७,४५२।- विश्व विद्यालय कोषमा दाखिला गर्नु पर्नेमा रु.२,७७,४५२।- दाखिला गरेको छैन ।

## भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र

१. **अख्तियारीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयमा यस वर्ष खर्च गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा आषाढ महिनामा प्राप्त अख्तियारी रु.२ करोड १२ लाख रहेको छ ।

२. **चौमासिक तथा आषाढ महिनाको खर्चः** कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम सञ्चालन गर्नु पर्दछ । कार्यालयको यस वर्षको चौमासिक खर्चको अवस्था हेर्दा कार्यालयले कुल खर्चमध्ये तेस्रो चौमासिकमा ८२.५३ प्रतिशत तथा आषाढ महिनामा ६०.९३ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्तातिर अधिक खर्च गरेको देखियो ।

३. **खरिद योजना** : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ र नियमावलीको नियम ७ र ८ बमोजिम खरिद गुरु योजना तथा बार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख भएकोमा खरिद गुरु योजना तथा बार्षिक खरिद योजना तयार गरेको पाईएन ।

४. **निर्णय प्रकृयाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम म्याद सकिनु कम्तीमा सात दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने र निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्ने व्यवस्था रहेको छ । कार्यालयमा निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन गरेकोमा कार्यालयले समयमा नै जाँचबुझ नगरी ६ महिनासम्म ढिला गरी निर्णय गरेको देखिएको छ ।

५. **कन्टिन्जेन्सी खर्चः** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । यो वर्ष यस ५ उपशीर्षकबाट रु.२२४५८८६।- कन्टीन्जेन्सी खर्च, सार्वजनिक निर्माण खर्च रु.४८१७४७६८/-र कुल खर्च रु.५०४७५३२०/- लेखेको छ जुन खर्चको औसत ४.७४ प्रतिशत हुन आउंछ ।

- आर्थिक संकेत तथा बर्गीकरण २०६७ अनुसार सम्बन्धित खर्च संकेत बाट व्यहोर्नु पर्ने रकम खर्च संकेत नं. २९६११ (सार्वजनिक निर्माण) शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिंदैन । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि चालु बजेट उपशीर्षकमा बजेट व्यवस्था भएकोमा त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

६. **बीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था रहेका छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमूना खरिद सम्झौताको दफा १३.१ मा खरिद सम्झौता

रकमको ११५ प्रतिशत जोखिम वहन हुने गरी विमा गर्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले खरिद सम्झौता गर्दा सो अनुसार नगरी न्युन रकमको विमा गरेको पाइयो । विमा वापतको रकम कम मात्र गर्नु पर्ने गरी खरिद सम्झौतामा उल्लेख गरेको पाइयो ।

७. **ठेक्कामा प्रतिष्पर्धा**: कार्यालयको यस वर्ष प्रदान गरेका खरिद सम्झौतामा प्रतिस्पर्धाको अवस्था ३ ठेक्कामा लागत अनुमान रु.६३४२१३९६/- बोलपत्र विक्री संख्या ३४, परेका वोलपत्र संख्या ८, कबोल अंक रु.५००८५५४०/- र लागत अनुमानको तुलनामा कबोल प्रतिशत औसत ३२.८४ रहेको छ ।

८. **जनता आवासः** कार्यालयले जनताको आवास व्यवस्था कार्यक्रम अन्तरगत चेपाङका लागि आर्थिक वर्ष २०७१।७२ का ७६ घर र आर्थिक वर्ष २०७२।७३ का ५० घर बनाउन रु.१६९१९१००।- बजेट विनियोजन भएकोमा विभागले कन्टीन्जेन्सी वापत कट्टा गरेका बाहेकको खर्च गर्ने अख्तियारी प्राप्त भएकोमा आर्थिक वर्ष २०७१।७२ मा निर्माण शुरु भएका ७६ घरको निर्माण सम्पन्न भएको र आर्थिक वर्ष २०७२।७३ अन्तरगतका ५० घरलाई ३० प्रतिशत मात्र र ३५ घरलाई ३५ प्रतिशत रकम किस्ता वापत भुक्तानी भएको छ ।

९. **मोबिलाइजेशन पेश्कीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की दिन सकिने व्यवस्था अनुसार  एक जे भीलाई दिएको पेश्की रु ३००००००/- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सोही नियमावलीको नियम ११३(५) बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

१०. **कार्य सम्पन्न प्रतिवेदनः** शहिद स्मारकको विभिन्न निर्माण कार्य गर्ने गरी केन्द्रबाट शहिद स्मारक विकास समिति हेटौंडाको रु.४९,५०,२७६।- को लागत अनुमान तयार गरी कार्यालय र उक्त समिति वीच मिति २०७२।१२।११ देखि काम शुरु गर्ने गरी कार्यालयबाट (कन्टिन्जेन्सी वाहेक) रु.३८,००,०००।- र उपभोक्ता समतिबाट रु.७,५०,२७६।- व्यहोर्ने गरी उक्त काम मिति २०७३।०२।१५ मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । उक्त कार्य समयमा सम्पन्न हुन नसकि म्याद थप गरी मिति २०७३।३।२० मा काम सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन समेत पेश हुन आएको छ ।

११ **भुक्तानीमा कर कट्टीः** समितिले सम्झौताको शर्तहरुको वूंदा नं.(झ) बमोजिम पेश गरेको फांटवारी साथ आयकर ऐन, २०५८ अनुसार कट्टि गर्नुपर्ने अग्रिम आयकर तथा सामाजिक सुरक्षा कर कट्टी भएको प्रमाण संलग्न भएको देखिएन । अतः विभिन्न विलहरुबाट निर्माणको लागि आवश्यक निर्माण सामाग्रीहरु खरीद तथा मष्टरोल विवरणहरु पेश हुन आएकोमा सोही ऐन अनुसार लाग्ने अग्रिम कर कट्टी गरेको नदेखिएकोले उक्त कर रकम असूल हुनु पर्दछ ।

१२. **रोड निर्माण**: कुलेखानीमा कल्भर्ट तथा स्लाव रोड निर्माण कार्यको लागि एक निर्माण सेवासंग मिति २०७३।३।२५ मा सम्पन्न गर्ने गरी रु.२४,९६,१४०।- (मु.अ.कर बाहेक) मा ठेक्का मा मिति २०७३।१।८ मा उक्त कार्य रु.२८,२५,८८१।- मा सम्पन्न भएको मिति २०७३।३।२० को कार्य सम्पन्न प्रतिवेदन पेश हुन आएको छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्न अनुसार छ ।

- निर्माण व्यवसायीले मिति २०७३।१।८ को सम्झौताको विल अफ क्वाण्टीटिमा माथि उल्लेखित दररेटबाट ०.५ प्रतिशत घटीमा काम गर्न मन्जुर भनि उल्लेख भएकोमा निर्माण व्यवसायीलाई रनिङ्ग विलमा सो विओक्यूमा उल्लेख अनुसार कट्टा नगरी भुक्तानी दिएकोले सम्झौता भन्दा बढी भुक्तानी हुन गएको रकम निर्माण व्यवसायिबाट असूल गरी राजश्व खातामा दाखिला हुनु पर्ने देखिएको रु.१२,५०३।- मा मूल्य अभिबृद्धि कर रकम रु.१६२५।- समेत रु.१४,१२९।- असूल हुनु पर्दछ ।
- निर्माण व्यवसायीलाई कार्य सम्पन्न रु.२५,००,७८०।- मा मू.अ.कर रकम रु.३,२५,१०१।- समेत रु.२८,२५,८८१।- खर्च लेखेकोमा निर्माण व्यवसायि कोष कट्टी गरेको नदेखिएबाट निर्माण व्यवसायी कर कट्टी गरी भुक्तानी दिनु पर्दछ ।

१३. **छाना मर्मतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ८५ को १ (ख) अनुसार एक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकम वा एउटै निर्माण व्यवसायी वाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने व्यबस्था छ । कार्यालयले एक कन्स्ट्रक्सन संग एक मन्दीर निर्माण कार्य गराई रु.३,२०,६६९।- र सिप विकास तालिम केन्द्र भवन छाना मर्मत कार्य गराई रु.१,४२,०५७।- समेत रु.४६२७२६।०० भुक्तानी खर्च लेखेको छ ।

१४. **चालु खर्चः** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७० खर्च शिर्षकको वर्गीकरण र व्याख्या अनुसार २२५२२ कार्यक्रम खर्चबाट स्वास्थ्य, शिक्षा, कृषि महिला पर्यटन लगायतका विभिन्न क्षेत्रमा संचालन हुने उत्पादन तथा सेवा प्रावाह सम्बन्धि कार्यक्रमहरु पर्ने उल्लेख छ । तर राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको खर्च गर्ने कार्यक्रम तथा अख्तियारीमा कार्यक्रम खर्चबाट चालु खर्च तर्फका फिल्ड भत्ता पानी विजुली, संचार, घरभाडा, इन्धन, मर्मत, कार्यालय संचालन, सेवापरामर्शको र विविध खर्चमा रु.८१,२२,०००।- बजेट अख्तियारी पठाएको र सोही आधारमा कार्यालयले रु.५४,७७,४८३।- निकासा खर्च गरेको देखिन्छ । बजेट व्यबस्था तथा खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्नेतर्फ सम्बन्धीत निकायको ध्यान जानु पर्ने देखिन्छ ।

१५. **कार्यक्रम संशोधनः** मकवानपुर जिल्लामा ५ वटा सामुदायिक आवास भवन निर्माण गर्न रु.१ करोड १२ लाख बजेट विनियोजन भएकोमा २०७३।३।२७ मा रु.२८ लाख बजेट थप भएकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० बमोजिम वार्षिक कार्यक्रम संशोधन भएको पाइएन ।

- कार्यालयले भुकम्पबाट प्रभावित संरचनाको पुनर्निमाण सम्बन्धी सार्वजनिक खरिद कार्यविधि, २०७२ को नियम ४ बमोजिम खरिद योजना तयार गरेको पाइएन ।
- कार्यालयले ५ वटा भवन बनाउन रु.४२,६४,४०१।६६ को लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्रको माध्यामबाट ६ निर्माण व्यवसायीसंग सम्झौता गरी रु.६९३०९४१/-गरेको छ ।
- कार्यालयले विभिन्न ५ स्थान आवास भवन तयार गर्न एउटै लागत अनुमान तयार गरेकोले उक्त लागत अनुमान यथार्थपरक रहेको पाइएन ।
- निर्माण कार्य तोकिएको मितिमा सम्पन्न भएको पाइएन । कार्यविधिमा खरिद सम्झौताको म्याद थप गर्न पाउने व्यवस्था नभएपनि सार्वजनिक खरिद नियमावली बमोजिम म्याद थप गरेको छ । नेपाल सरकारको निर्णय बमोजिमको कार्य सम्पन्न हुन सकेको पाइएन ।

१६. **फारामको प्रयोगः** आर्थिक कार्यविधि नियमावली, २०६४ को ९२ (२) मा विनियोजन राजश्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा स्वीकृत ढांचामा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले नगदी रसिद अनुसार उठाएको राजश्व रकम रु.६८०००।- र बैंक स्टेटमेण्टको आधारमा आम्दानी जनाएको रु.२४,०००।- समेत रु.९२,०००।- राजश्व आम्दानी तथा दाखिला देखाएकोमा नियमानुसार राख्नु पर्ने म.ले.प.फा.नं. १०८क, १०८ख, २३ राखेको पाइएन ।

१७. **धरौटी सम्बन्धमाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को ९२ (२) मा विनियोजन राजश्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा स्वीकृत ढांचामा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न निर्माण व्यवसायीलाई भुक्तानी गर्दा कट्टा गरीएको धरौटी रकम रु.२७७७५५।- धरौटीको आर्थिक विवरणमा समावेश नगरी खातामा जम्मा गरेकोले धरौटी रकमको यथार्थ चित्रण गरेको पाईएन । साथै आन्तरिक राजश्व विभागको मिति २०६९।६।१० को पत्रमा धरौटी फिर्ता दिंदा मूल्य अभिवृद्धि कर विवरणमा समायोजन गरे नगरेको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट एकीन गरी भुक्तानी दिने पत्र जारी गरे पछि मात्र भुक्तानी गर्ने उल्लेख छ । डिभिजनले धरौटी रकम फिर्ता दिनु पूर्व मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण वेगर ३ निर्माण व्यवसायीको रु.९७६२९/- करचुक्ता प्रमाण प्रमाणको आधारमा धरौटी फिर्ता भएकोले मु.अ. कर समायोजनको प्रमाण पेश हुनु पर्दछ ।

१८. **हेटौडा नगर विकास समिति**: नगर विकास समितिले यो वर्ष देहाय अनुसारको कार्य गरेको छैन ।

- समितिले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण नगराएको ।
- श्रमिक आवास क्षेत्रमा अतिक्रमण भएको जग्गाबाट अतिक्रमणकारीलाई हटाउन नसकेको ।
- बिक्री योग्य खडेरीहरु कानूनी प्रकृया पुरा गरी बिक्री गर्न नसकेको ।
- आय प्राप्त भएको रकम कानूनमा तोकिएको अवधिभित्र बैंक दाखिला गर्नु पर्नेमा नगदमा राखी खर्च समेत नगदमा गर्ने गरेको देखिएकाले उल्लेखित कार्यमा सुधार गरिनु पर्दछ ।

## मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालय

१. **पेश्की**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की दिने व्यवस्था छ । निर्देशनालयले विभिन्न कार्यक्रम संचालन गर्न कर्मचारीहरुलाई एक कार्यक्रम संचालनको पेश्की फछ्र्यौट नगरी अर्को पेश्की दिएको देखियो । यसरी पेश्की माथि पेश्की दिनु उचित देखिएन । तेश्रो चौमासिक समिक्षा गोष्ठी सञ्चालन गर्न एक कर्मचारीलाई मिति २०७३।०३।२० रु.७९,३५०।- पेश्की दिएकोमा रु.४८,१४०।- फछ्र्यौट भई २०७३।४।३ वाट रु.३१,२१०।- दाखिला भएको छ त्यस्तै २०७३।०३।०८ मा सफल कृयाकलापको अवलोकनको लागि लिएको पेश्की मध्ये रु.२६,९६३।- मिति २०७३।४।०३ वाट राजश्व खातामा जम्मा गरी फछ्र्यौट गरिएको छ ।

२. **लेखापरीक्षण**: ख ६ खाताको रु.३००,०००।- को श्रेष्ता सम्वन्धित कार्यालयमा पठाएको भनी लेखापरीक्षणको लागि पेश भएन ।

३. **जिन्सी**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०.३ अनुसार जिन्सी प्रतिवेदन प्राप्त भएपछि लिलाम गर्नु पर्ने माल समान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए ३ महिनाभित्र गरी सक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालय जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नु पर्ने तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएको सामान सो अनुसार गरेको पाइएन ।

## मध्यपृतना स्थपति सेवा

१. **जिन्सी**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा जिन्सी मालसामान के कस्तो अवस्थामा छन् त्यसको निरीक्षण प्रतिवेदन प्राप्त भएपछि विवरण खुलाई आम्दानी बाध्न लगाउनु पर्ने, मर्मत संभार गर्नु पर्ने भए तीन महिना भित्र र मर्मत गर्न नसक्ने सामान भएमा ६ महिना भित्र लिलाम विक्री गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले सो अनुसारको प्रकृया पुरा गरी निरीक्षण प्रतिवेदन तयार भएको पाइएन । साथै पुराना कतिपय मालसामानहरुको मूल्य खुलाई राखेको नपाइएकोले मूल्य खुलाई राख्नु पर्दछ ।

## मध्यपृतना हेडक्वाटर

१. **अख्तियारी**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) मा आर्थिक बर्ष शुरु भएको १५ दिन भित्र मातहत विभागीय तथा कार्यालय प्रमुखलाई स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी पठाउनु पर्नेछ भनि उल्लेख भएकोमा सैनिक आर्थिक प्रशासन विभाग जंगी अड्डाले यस कार्यालयको ब.उ.शी.नं.६०२८०१४ तर्फ भवन निर्माणमा रु.८५,००,००।- मिति २०७३।१।२४ मा र थप रु.४८,४६,४१५।- मिति २०७३।३।१ मा गरी जम्मा रु.१,३३,४६,४१५।- र ब.उ.शी.नं. ३४५०१३४ तर्फ सार्वजनिक निर्माण मा रु.६०,०००।- मिति २०७३।३।७ मा पठाएको छ । नियमावलीमा भएको व्यवस्था अनुसार समयमा अख्तियारी तथा कार्यक्रम सम्बन्धित निकायमा पठाउनु पर्दछ ।

२. **बायोग्याँस प्लान्ट**: यो वर्ष वायोग्यास प्लान्ट निर्माण कार्यको लागि रु.६०,०००।- बजेट व्यवस्था भएकोमा एक सप्लायर्ससंग उक्त वायोग्यास प्लान्ट निर्माणको लागि आवश्यक वालुवा, ढुङ्गा, गिट्टी र रड आदी खरिद गरेको भनि रु.६०,०००।- भुक्तानी गरी खर्च गरेकोमा वायोग्यास प्लान्टको

संरचनानै निर्माण नगरी निर्माण सामानहरु मात्र खरीद गरी राखेकोले निर्माण कार्य सम्पन्न भएको छैन ।

## मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय

१. **बढि भुक्तानी** : एक अधिकृत कर्मचारीले खोप सम्बन्धी कार्यक्रम संचालन गरी पेश गरेको फाँटवारी परीक्षण गर्दा अपत्यारिलो हुने गरी रु ४०००। बस भाडा खर्च लेखेको पाइयो । स्थानीय यातायात व्यवसायी समितिले निर्धारण गरेको भाडा दर लिई बढि भुक्तानी भएको रकम रु.१९२००।- असुल गर्नुपर्दछ ।

२. **भाडा निर्धारण:** एक अधिकृत कर्मचारीले पेश्की फछ्र्यौटको लागि पेश गरेको फाँटवारी परीक्षण गर्दा शारदानगरमा खोप कार्यक्रम संचालन गरी ११ जना कर्मचारीको यातायात खर्च रु.१८२००।- भुक्तानी गरेकोमा लाग्ने भाडा भन्दा बढि अपत्यारिलो रु.१४००। देखि रु.२०००। सम्म बस भाडा खर्च लेखेको पाइयो । स्थानीय यातायात व्यवसायी समितिले निर्धारण गरेको भाडा दर लिई बढि भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

३. **तालिम संचालन:** एक अधिकृत कर्मचारीले भक्तपुर जिल्लाको ३ वटा नगरपालिकामा विभिन्न मितिमा खोप सम्बन्धी तालिमको संचालन गर्दाको फाँटवारी परीक्षण गर्दा १६ जना पदाधिकारीहरुलाई नपाउने यातायात खर्च रु.१९०००।- लेखेकोले असुल गर्नुपर्दछ ।

४. **इन्धन खर्च:** तीन पदाधिकारीले २०७३।२।१९ गते पथलैयामा परिवार नियोजन सुदृढिकरण गोष्ठीमा भागलिन आउँदा नपाउने इन्धन खर्च रु.३०८०।- लेखेको रकम असुल गर्नुपर्दछ ।

५. **सोझै खरिद:** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ३१ मा रु.दशलाख भन्दा बढिको खरिद गर्दा वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भन्ने उल्लेख भएकोले औषधीको लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट औषधी खरिद गर्नुपर्नेमा पटक पटक गरी रु.३५,१७,२६८/- मूल्यको विभिन्न सप्लायर्ससंग सोझै खरीद गरेको हुँदा अनियमित देखिएको छ ।

६. **म्याद नाघेको औषधी:** यस क्षेत्रीय स्वास्थ्य निर्देशनालयको औषधीको भण्डारणमा १५ औषधीहरुको परीक्षण गर्दा औषधी प्रयोग गर्न योग्य अवधि १८ महिना भन्दा कम देखिएकोले समयमा नै स्वास्थ्य संस्थामा पठाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७. **औषधीको अभिलेख:** यस क्षेत्रीय स्वास्थ्य निर्देशनालयको क्षेत्र भित्र १९ जिल्ला रहेको र ति जिल्लाका स्वास्थ्य कार्यालयमा औषधी पठाएकोमा दाखिला गरेको प्रमाण केबल ४ जिल्लाबाट मात्र प्राप्त गरेको पाइयो । बाँकी जिल्लाहरुबाट पनि यस निर्देशनालयले पठाएको औषधीको दाखिला गरेको प्रतिवेदन समयमा नै प्राप्त गरी औषधीको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा सो गरेको पाइएन ।

## मध्यमान्चल क्षेत्रीय मेडिकल स्टोर

१. **अग्रिम भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने र नियम ७८ मा आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेस्की दिन हुदैन भनि उल्लेख भएकोमा कार्यालयले यो वर्ष विद्युत तथा टेलिफोन उपयोग गरेका बिल भरपाई बेगर आगामी वर्षमा हिसाव मिलान गर्ने गरी निम्नानुसार रु.१४८२२०।- अग्रिम भुक्तानी दिइ खर्च लेखेको छ । बजेट फ्रिज नगर्ने उद्देश्यले खर्चको विल भर्पाइ बेगर अग्रिम भुक्तानी गरेको नियम सम्मत देखिँदैन ।

२. **औषधी आपूर्ति:** यस मेडिकल स्टोरमा विभिन्न सप्लायर्सबाट प्रयोग गर्न योग्य अवधि २० महिना मात्र बाँकी भएका औषधी आपूर्ति गरेको देखिन्छ । मेडिकल स्टोरबाट आफ्नो क्षेत्रभित्रका १९ जिल्लामा वितरण गर्नुपर्ने हुन्छ । समयमा औषधी आपूर्ति गराउनेतर्फ ध्यान दिनु पर्दछ ।

## महिला तथा बालबालिका कार्यालय

१. **अनुगमन खर्चः** यस कार्यालय अन्तर्गत संचालित कार्यक्रमको अनुगमन तथा मूल्यांकनको लागि रु.३,४७,०००।– रकम खर्च भएको छ । कार्यालयबाट वार्षिक कार्यक्रम अनुगमनको लागि प्राप्त रकम खर्च गर्दा अनुगमन प्रतिवेदनहरु फांटवारीसाथ संलग्न गरेर मात्र अनुगमन खर्च लेख्नु पर्दछ ।

२. **अनुदान रकमः** कार्यविधि निर्देशिका २.२.२५ अनुसार लैंगिक हिंसा निवारण कार्यक्रम लगायतका विभिन्न कार्यक्रमको लागि विभिन्न महिला वहु उद्देश्य सहकारी संस्थाहरुलाई चालु अनुदान दिएको छ । संस्था तथा व्यक्तिलाई चालु अनुदान (स:शर्त) भुक्तानी गर्दा प्राविधिक मूल्यांकन, विल भरपाई लगायत खर्च प्रमाणित गर्ने अन्य कागजात पेश गर्नु पर्ने उल्लेख छ । कार्यालयले अनुदान रकम संस्थाको खातामा जम्मा गरेको आधारमा मात्र कार्यक्रम अनुसारको उद्देश्य पूरा भयो होला भनि विश्वस्त हुने आधार भएन ।

३. **करमा दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार ५ हजार भन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्वर र मु.अ.करमा दर्ता भएको फर्मबाट कारोवार गर्नु पर्ने उल्लेख छ । तर कार्यालयले ५ हजार ननघाई पटक पटक मसलन्द लगायतका सामानहरु खरिद गर्ने गरेको छ । अत: सो नियमको पालना गरी खरीद कार्य गर्नु पर्दछ ।

४. **एकल महिला सुरक्षा कोषः** यस कार्यक्रमको लागि महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयको मिति २०७२।२।२८ को पत्रानुसार रु.१,५०,०००।- को ड्राफ्ट प्राप्त भई मिति २०७२।३।२० मा बसेको जिल्लास्तरीय समितिको बुंदा नं.४ अनुसार एकल महिला सुरक्षा कोष नियमावली २०७० अनुसार एकल महिलाहरुको प्राप्त निवेदन माथि महिला तथा वालवालिका कार्यालयले छनौट गरी प्रकृया पुरा भएका निवेदकहरुलाई सो कोषबाट रकम उपलब्ध गराउने निर्णय भए अनुसार जिल्लाका १० जना एकल महिलाहरुलाई निजहरुको निवेदन, नागरिकता, गा.वि.स., न.पा. तथा संस्थाको सिफारिस बमोजिम प्रति एकल महिला रु.१५०००।- का दरले रकम प्रदान गरेको फांटवारी पेश हुन आएको छ । उक्त सुरक्षा कोषको आन्तरिक लेखापरीक्षण भएको छैन भने वितरित रकम बाट नियमावलीमा उल्लेख अनुसारको काम कारवाही भएको छ छैन अनुगमन निरीक्षण भएको प्रतिवेदन पेश हुन आएन ।

## मालपोत कार्यालय

१. **कम मूल्यांकनः** यस कार्यालयको लेखापरीक्षणको क्रममा श्रेस्ता परीक्षण गर्दा रजिष्ट्रेसन पारीत गर्नको लागि चलन चल्तीको मूल्य भन्दा ५ गुणासम्म कम मूल्यांकन गरेको पाइयो । न्यूनतम मूल्यांकन निर्धारण गर्दा सकेसम्म यथार्थको नजिक हुनेतर्फ मूल्यांकन समितिले ध्यान दिनुपर्ने देखियो ।

## संचार केन्द्र

१. **कार्यक्रम स्वीकृतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा नियम २२ अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयमा यस वर्ष खर्च गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा १ ब.उ.शी.न मा आषाढ महिनामा प्राप्त अख्तियारी रु.४२ लाख रहेको छ ।

२. **भवन निर्माणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५(क) तथा नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण २०६७ अनुसार भवन निर्माण कार्य खर्च संकेत नम्बर २९२२१ बाट व्यहोर्नु पर्नेमा विभागले खर्च संकेत नं. २९६११ मा बजेट उपलब्ध गराए बमोजिम भवन निर्माणको खर्च रु.२२४३५५।- लाई सार्वजनिक निर्माणबाट खर्च लेखेको आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३८ बमोजिम नियमित गराउनु पर्दछ ।

३. **बढी भुक्तानी:** केन्द्रको कार्यक्षेत्र भित्र रहेका १३६ सञ्चार माध्यामहरुले प्रकाशन गर्ने लोक कल्याणकारी विज्ञापन वापतको रकम भुक्तानी गर्न शुरुमा रु.२,५०,००,०००।- र २०७३।३।२८ मा थप रु.४१८७०००।- समेत रु.२९१८७०००।- को खर्च गर्ने अख्तियारी प्राप्त भएकोमा रु. २६८११९४४।- खर्च भएको छ । एक खबर पत्रिकाले २०७३ आषाढ १३, २० र २७ मा एउटै विज्ञापन छापेकोमा एउटाको रु.१३१२५।- मात्र भुक्तानी दिनु पर्नेमा रु.२६२५०।- बढी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ ।

४. **खर्च शीर्षक:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५(क) तथा नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण २०६७ अनुसार तोकिएको खर्च संकेत नम्बरबाट व्यहोर्नु पर्नेमा कार्यालयले खर्च संकेत नं. २२४११ बाट खर्च लेख्नु पर्नेमा करार कर्मचारी तलब खर्च रु.३१९००।- खर्च संकेत नं. २२५१२ बाट खर्च लेखेको आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३८ बमोजिम नियमित गराउनु पर्दछ ।

५. **राजस्व खाता:** केन्द्रले यस वर्ष राजश्व वापत रु.५८००।- प्राप्त गरेकोमा दैनिक आम्दानी खाता, राजश्व असुली तथा दाखिला खाता राखेको पाइएन ।

६. **कर समायोजन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम धरौटी रकम फिर्ता गर्दा कर विवरण पेश गरेको कागजातका आधारमा फिर्ता दिनु पर्ने व्यवस्था रहेको छ । केन्द्रले एक निर्माण सेवालाई भवन निर्माण वापतको धरौटी फिर्ता गरेकोमा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण नलिएकोले सो प्रमाण पेश गर्नु पर्दछ ।

७. **जिन्सी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार जिन्सी प्रतिवेदन प्राप्त भएपछि लिलाम गर्नु पर्ने माल समान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए ३ महिनाभित्र गरी सक्नु पर्ने व्यवस्था रहेको छ । केन्द्रले जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम वा मर्मत संभार गर्नु पर्ने देखिन्छ ।

## सिंचाई विकास डिभिजन

१. **कार्यक्रम स्वीकृत:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा बमोजिम वार्षिक कार्यकम र अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयमा यस वर्ष खर्च गर्ने अख्तियारी प्राप्तीको अवस्था हेर्दा आषाढ महिनामा प्राप्त अख्तियारी रु.१ करोड ३ लाख रहेको छ । कार्यालयले आषाढ महिनाको आर्थिक कारोबार बन्द गरि सकेपछि २०७३।३।३० मा रु.२१ लाख खर्च गर्ने अख्तियारी प्राप्त भए पनि सो रकम निकाशा र खर्च गरेको पाइएन ।

२. **चौमासिक तथा आषाढ महिनाको खर्च:** कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम सञ्चालन गर्नु पर्दछ। कार्यालयको यस वर्षको चौमासिक अनुसारको खर्चको अवस्था हेर्दा कार्यालयले कुल खर्चमध्ये तेस्रो चौमासिकमा ८७.५६ प्रतिशत तथा आषाढ महिनामा ३५.६४ प्रतिशत खर्च गरेको पाइयो । आर्थिक वर्षको अन्ततिर अधिक खर्च गरेको देखियो ।

३. **लक्ष्य प्रगति स्थिति:** कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७२।७३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्पादित समग्र भौतिक प्रगति औसत ९४.३३ प्रतिशत र वित्तिय प्रगति प्रतिशत औसत ८९.९१ देखिएको छ ।

४. **थप बजेट:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन र प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत गर्नु पर्ने व्यवस्था अनुसूची ३ मा उल्लेख गरिएको छ । कार्यालयले उपरोक्त प्रावधान अनुरुप सबै आयोजनाहरुको विस्तृत सर्वेक्षण गरी आयोजना स्वीकृत गराई वार्षिक कार्यकम तयार गरी स्वीकृत कार्यकम अनुसार आयोजना निर्माण कार्य गर्नु पर्नेमा सो बमोजिम भए गरेको पाइएन

५. **सिंचाई उपभोक्ता समिति दर्ता**: सिचाई नियमावली, २०५६ को नियम ३(१) मा सिचाई प्रणालीका उपभोक्ता समितिहरु दर्ता हुनु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत सिचाई प्रणालीहरु सञ्चालमा रहेकोमा सबै उपभोक्ता समितिहरु दर्ता भएको पाइएन ।

६. **सिचाई सेवा शुल्क**: सिचाई नियमावली, २०५६ को नियम २६ र नियम २९ मा उपभोक्ताहरु बाट उठाएको रकम अनुसुची ३ को तालिका अनुसार बाँडफाँड गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विगत वर्षमा सञ्चालित तथा विकास गरेका सिचाई संरचनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको अध्यावधिक विवरण खडा गरेको देखिएन । साथै नियममा भएको व्यवस्था अनुसार दर निर्धारण गरी कुनै पनि उपभोक्ता समितिले उपभोक्ताहरुबाट सेवा शुल्क उठाउने गरेको देखिएन ।

७. **खर्चका विल भरपाई**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(६) मा उपभोक्ता समितिले कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको भएपनि उपभोक्ता समिति मार्फत रु.९२२८३९०।०० को कार्य गराई भुक्तानी भएकोमा उक्त खर्चका विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात कार्यालयमा पेश गरेको पाइएन ।

८. **भुक्तानीमा कर कट्टि**: कार्यालय र उपभोक्ता समिति विच भएको सम्झौतामा उपभोक्ता समितिले लाग्ने सबै कर, अन्तःशुल्क, भन्सार उपभोक्ता समितिले व्यहोर्ने र रकम भुक्तानी गर्दा लाग्ने कर कट्टि गर्नु पर्ने व्यवस्था भएपनि समितिले भुक्तानीमा कर कट्टि गरेको कागजात पेश गरेको पाइएन ।

९. **जनश्रमदान**: कार्यालयले सिंचाई योजना अन्तरगतका काम मध्ये उपभोक्ता समितिबाट र निर्माण व्यवसायीबाट निर्माण गर्ने अंश किटान गरेको पाइएन । योजनाहरुको मर्मत सम्भार तथा निर्माण कार्य गराउंदा जनश्रमदानबाट गर्ने कार्य खुलाई सम्झौता ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताव तयार गर्नु पर्नेमा एकमुष्ट विल तथा नापी किताव तयार गरी जनश्रमदान वापत एकमुष्ट घटाउने गरेको छ ।

१०. **फरक लागत**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था भएको र निर्माण व्यवसायीलाई ओभरहेड, मूल्य अभिबृद्धि कर समेत भुक्तानी गर्नु पर्दाको अवस्थामा समेत उपभोक्ता समितिबाट भन्दा निर्माण व्यवसायीबाट काम गराउदा कम लागत लागेको देखिएकोले लागत, निर्माण समय र निर्माणको गुणस्तरका सम्बन्धमा विश्लेषण हुनु पर्ने देखियो ।

११. **कन्टिन्जेन्सी खर्च**: निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७)को अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । यस वर्षको ८ खर्च शीर्षकको कन्टीन्जेन्सी खर्च रु.२२६१३५९/- रहेको छ ।

- आर्थिक संकेत तथा बर्गीकरण २०६७ अनुसार विभिन्न खर्च संकेत नं.बाट खर्च लेखाकन गर्नुपर्ने रकमहरु जस्तै इन्धन खर्च, मर्मत, अनुगमन भ्रमण खर्च, कार्यालय सञ्चालन जस्ता कार्यमा खर्च गरेको रु.२२६१३५९/- समेत खर्च संकेत नं. २९६११ (सार्वजनिक निर्माण) शीर्षकबाट खर्च लेखेको देखिएको छ । उक्त कार्य खर्चको आर्थिक संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिंदैन । कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि चालु खर्च शीर्षकमा बजेट व्यवस्था भएकोमा त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेख्नु उपयुक्त देखिएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक संकेत तथा वर्गीकरण २०६७ अनुसार खर्च संकेत नं. २९७११ पूंजीगत अनुसन्धान तथा परामर्श खर्चमा कन्टीन्जेन्सी खर्च गर्न पाउने कानूनी व्यवस्था नभएपनि कार्यालयले विस्तृत सर्वेक्षणबाट रु.७२९४१।- खर्च गरेको देखियो ।

१२. **कर्मचारी दरवन्दी र पदपूर्तिः** कार्यालयमा विभिन्न श्रेणीका १३ कर्मचारीको दरवन्दी रहेकोमा ८ जना मात्र कार्यरत रहेको पाइयो । कार्यालयलाई अति आवश्यक पर्ने सव इन्जिनियर ३ पद रिक्त रहेको पाइयो ।

१३. **कार्य सम्पन्न प्रतिवेदन र त्रुटि सच्याउने अवधि**ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्यको स्वीकृत ड्रइङ, डिजाइन वा स्पेशीफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने र त्यस्तो प्रतिवेदन बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले राखेको ठेक्कासम्बन्धी विवरणको अध्ययन गर्दा निर्माण कार्य सम्पन्न गरेका खरिद सम्झौताको उक्त प्रावधान अनुरुप कार्य सम्पन्न प्रतिवेदन तयार भएको छैन ।

१४. **मर्मत सम्भार कोषः** कार्यविधि तथा कार्यक्रम कार्यन्वयन प्रक्रिया, २०६२ खण्ड (ख) को सिचाई आयोजनाहरुको कार्यन्वयन प्रक्रिया को बुदा न. ८ मा परियोजनाको डिजाइन र इष्टिमेट स्वीकृत भएपछि योजनाको निर्माण कार्यक्रम उपभोक्ताहरु संग समेत छलफल गरी तयार गर्नु पर्ने र उपभोक्ता समितिले कूल लागत अनुमान रकमको ०.५ प्रतिशतले हुने रकम वैक खातामा जम्मा गर्नु पर्ने र कार्य सम्पन्न भए पश्चात मर्मत सम्भार एवं सञ्चालनको लागि प्रयोग गर्न उपभोक्ता समितिलाई नै फिर्ता दिइने व्यवस्था छ । यो वर्ष कार्यालयका १० योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालनमा रहेकोमा उल्लेखित व्यवस्था बमोजिमको रकम उपभोक्ता समितिले लागत अनुमान रु. २०३१२३४५/- को ०.५ प्रतिशतले हुने रकम रु.१०१५६१/- बैक खातामा दाखिला गरेको देखिएन ।उल्लेखित व्यवस्था बमोजिम तोकिए बमोजिमको रकम उपभोक्ता समितिबाट उठाइ वैक दाखिला गराई मर्मत कोषको व्यवस्था गर्नु पर्दछ ।

१५. **भुक्तानीमा कर कट्टिः** कार्यालय र उपभोक्ता समिति विच भएको सम्झौतामा काम गर्दा लाग्ने सवै किसिमको कर, अन्तःशुल्क, भन्सार आदि उपभोक्ता समितिले नै व्यहोर्नु पर्ने व्यवस्था रहेकोले उपभोक्ता समितिले ज्याला तथा अन्य रकम भुक्तानी गर्दा लाग्ने कर कट्टा गरी दाखिला गरेको प्रमाण संलग्न गराउनु पर्ने देखिन्छ ।

१६. **सम्झौताभन्दा बढी** : गैरीगाउं कृषि सिंचाई योजना उपभोक्ता समितिसंग २०७३।२।३० भित्र सिंचाई योजना सम्पन्न गर्ने गरी मिति २०७२।११।२ मा रु.१७,८३,०८७।- नेपाल सरकारले र रु. १७८३०८।- उपभोक्ता समितिले व्यहोर्ने गरी ९० तथा १० प्रतिशतको आधारमा सम्झौता भई तेस्रो विल सम्म रु.५३०६६५।- को कार्य सम्पन्न भएको कूल भएको कार्य रु.५३०६६५।- मा १० प्रतिशत उपभोक्ताको अंश रु.५३०६६।- कट्टा गरी रु.४७७५९९।- मात्र कार्यालयबाट भुक्तानी दिनु पर्नेमा रु.५०४१३१।– भुक्तानी दिएको छ । उक्त कार्य गर्न भएको सम्झौतामा उल्लेख नभएका ३ आइटम थप गरी रु.६६६००।- को काम गराएको छ । त्यस्तै ९ आइटमको रु.१४२१२८९।- काम शुरु गरेको छैन भने २ आइटममा सम्झौताभन्दा बढी रु.१३६६४७।- को काम गराएको देखिन्छ । उक्त कार्य समयमा सम्पन्न गरी सम्झौता अनुसारको रकम भुक्तानी हुनु पर्दछ ।

१७. **मोबिलाइजेशन पेश्कीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की दिन सकिने व्यवस्था अनुसार दुई निर्माण व्यवसायीहरुलाई दिएको पेश्की रकम १०२०८००/- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले सोही नियमावलीको नियम ११३(५) बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

१८. **जिन्सी व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) बमोजिम जिन्सी माल सामान के कस्तो अवस्थामा छन् त्यसको प्रतिवेदन लिई ५०(३) अनुसार मर्मत सम्भार गर्नु पर्ने भए ३ महिना र लिलाम विक्रि गर्नु पर्ने भएमा ६ महिना भित्र लिलाम गर्नु पर्ने उल्लेख छ । कार्यालयले उक्त नियमावलीमा उल्लेख भए अनुसार मिति २०७३।०४।११ मा पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा मोटरसाईकल, क्यामरा कम्प्युटर प्रिण्टर लगायत ५७ प्रकारका चालु हालतमा नरहेकाले लिलाम गर्नु पर्ने भनि भनि उल्लेख भएका उल्लेखित नियमावली अनुसारको काम कारवाही गरी जिन्सीलाई चुस्त र दुरुस्त बनाउनु पर्ने देखिएको छ । त्यस्तै जिन्सी विवरणमा कार्यालयको परिसर भित्र ४०० एमएम साईजका १९ थान एचडिपि पाईप मौज्दातमा रहेको देखियो । उक्त मौज्दात पाईपको उपयोग हुनु पर्दछ ।

## हेभि इंक्वीप्मेण्ट डिभिजन

१. **अख्तियारी कार्यक्रम**: आर्थिक कार्याविधि निमावली २०६४ को नियम २३ (३) मा आर्थिक बर्ष शुरु भएको १५ दिन भित्र सम्वन्धित कार्यालयमा अख्तियारी पठाउनु पर्ने प्रावधान रहेकोमा कार्यालयलाई सम्वन्धित निकायले २ कार्यक्रममा आषाढ महिनामा रु.२८ लाख ढिलो गरी पठाएको देखियो । समयमा कार्यक्रम तथा अख्तियारी पठाउने तर्फ सम्बन्धित तालुक निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

२. **खरिद योजना:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । डिभिजनले यस वर्ष मर्मत सम्भार तथा उपकरणको स्पेयर पार्टस खरिद वापत पुजिगत खर्च रु १ करोड १० लाख २० हजार खर्च गरेको देखिन्छ । डिभिजनले नियमानुसार वार्षिक खरिद योजना बनाई कार्यक्रम बमोजिमको खरिद कार्यलाई व्यवस्थित बनाउनु पर्दछ ।

३. **जिन्सी व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि लिलाम बिक्री गर्नुपर्ने मालसामानहरु ६ महिना भित्र तथा मर्मत गर्नुपर्ने ३ महिना भित्र मर्मत गरिसक्नुपर्ने र नियम ४७(४) मा पूरानो मालसामानको मूल्य कायम गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनमा मुल्य नखुलेका मालसामानहरुको मूल्य खुलाई अद्यावधिक राख्नु पर्ने र चालु हालतमा नरहेका, लिलाम गर्नुपर्ने भनि उल्लेख भएका तथा यान्त्रिक उपकरण मर्मत पश्चात काम नलाग्ने स्पेयर पार्टसहरु नियमानुसार लिलाम गरी जिन्सीलाई चुस्त दुरुस्त गराई राख्नु पर्दछ ।

४. **मर्मत अभिलेख:** डिभिजनले यान्त्रिक उपकरणको मर्मत अभिलेख म.ले.प.फा.नं.२ राखी हालसम्म के कति कुन सामान फेरी मर्मत गरीयो सोको यान्त्रिक उपकरणवाईज मर्मत अभिलेख राख्नु पर्नेमा सो अनुसार नराखी वार्षिक रुपमा म.ले.प.फा.नं. २ राख्ने गरेको छ । अत: डिभिजनले प्राप्त यान्त्रिक उपकरणहरुको मर्मत अभिलेख राख्नेतर्फ ध्यान जानु पर्ने देखियो ।

५. **यान्त्रिक भाडा:** डिभिजनले यो वर्ष विभिन्न प्रकारका यान्त्रिक उपकरणहरु निजी क्षेत्रलाई भाडामा सेवा उपलव्ध गराए बापत वहाल रु.७२,१८,५७७।– राजस्व असुल गरेको छ । गतवर्ष यान्त्रिक उपकरण भाडामा लगाई रु.३५,३३,८४९।– असूल गरेकोमा यस वष रु.७२,१८,५७७।– असूल गरी गत वर्षको तुलनामा बढी भाडा असुल भएको छ । उपकरण भाडामा प्रयोग भएको सिफ्ट तथा घण्टाको आधारमा भाडा शूल्क तोकिएको देखियो । मिति २०६५।०५।२३ मा सडक विभागबाट स्वीकृत गरेको उक्त भाडा दर हाल सम्म पनि संसोधन भएको देखिएन । वार्षिक मूल्य वृद्धि संग समयानुकुल हुने गरी भाडा दर स्वत कायम हुनु पर्नेमा सडक विभागबाट ७ वर्ष पहिले तोकिएको भाडा दरमा नै निजी क्षेत्रलाई उपकरण उपलव्ध गराउने कार्य स्वभाभिक देखिदैन ।न्युन दरको

भाडामा उपकरण उपलव्ध गराउने डिभिजनको प्रमुख उद्देश्य नभएको अवस्थामा पुरानै दरमा भाडामा उपकरण उपलव्ध गराउने कार्यमा सुधार गरी भाडा दर समयानुकुल बनाउनु पर्दछ ।

## हेटौंडा अस्पताल

१. **भौतिक परीक्षण**: प्रसुति महिला र बच्चाको लागि २६२० न्यानो झोला प्रदान गर्न २३,५८,०००।- बजेट विनियोजन भएको र मिति २०७३।१।१५ मा सिलबन्दी बोलपत्र आव्हान गरी एक आपूर्ति कर्ताको प्रति थान ७९३।५० (मू.अ.क.बाहेक) को बोलपत्र स्विकृत गरी २०७३।२।१ मा संझौता भएको छ । संझौता अनुसार २०७३।३।२५ सम्म सामान आपूर्ति गरि सक्नुपर्ने उल्लेख भएको र समयमा सामान प्राप्त गरी सामान टेष्ट गर्न नापतौल विभाग काठमाडौं पठाएको र सो विभागले शतप्रतिशत कटन रहेको र तौल १२०.२० ग्राम रहेको जनाएको छ । सो न्यानो झोलाको जिन्सी निरीक्षण गर्दा प्राप्त २६२० थान मध्ये २०७३।१०।१२ सम्म २५४७ थान वितरण भै १०९१ थान मौज्दान रहेको पाइयो ।

२. **उपकरणहरुको संचालन:** हेटौडा अस्पतालको भौतिक परिक्षण गर्दा १५० बेड अस्पताल संचालन गर्न स्वीकृत प्राप्त भएकोमा यस अस्पतालले स्थान, भवन र उपकरणको अभावको कारण ८५ बेड मात्र संचालनमा ल्याएको छ । इमर्जेन्सी बेड ८ वटा रहेका छन् ।अस्पतालमा इण्डोस्कोपी, सि.टि स्क्यान र यम.आर.आई. जस्ता महत्वपूर्ण उपकरणहरु संचालनमा छैन ।

३. **जिन्सी**: आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४७ मा कार्यालयले खरिद गरी प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मुल्यसमेत खुलाई जिन्सी किताबमा आम्दानी बांधी स्रेस्ता खडा गरी अद्यावधिक राख्नुपर्ने उल्लेख छ । अस्पातालले २ सप्लार्यसहरुबाट क्यासेट प्लेट २ र टेलिभिजन १ सामान खरिद गरेको भनि सप्लायर्सलाई रु.३००,०००।- भुक्तानी गरेकोमा खरिद सामान नियमानुसार जिन्सी किताबमा आम्दानी गरेको पाइएन ।

४. **लागत अनुमान:** सार्वजनिक खरिद ऐन, २०६३ दफा ५ (१) मा सार्वजनिक निकायले पच्चिस हजार रुपैया भन्दा माथिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ । अस्पतालले फार्निचर खरिदमा २ उद्योगसँग मिति २०७३।३।२४ मा जम्मा रु.५,९३,८३५।- को खरिद गरेकोमा नियममा भए बमोजिमको लागत अनुमान बनाएको देखिएन । लागत अनुमान तयार गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५. **विल भरपाई:** आर्थिक कार्यविधि नियमावली,२०६४ नियम ३६ को उप नियम ३ बमोजिम खर्च गर्दा खर्चको विल भरपाइसहित लेखा राख्नुपर्नेछ उल्लेख छ ।अस्पतालले एक कर्मचारी को रु.२५०००।- पेश्की फछ्र्यौट गर्दा खर्चको विल भरपाई बेगर पेश्की फछ्र्यौट गरेको देखियो ।

६. **बढी फछ्र्यौट:** अस्पतालको यस शिर्षकको वैंक नगदी किताबको पेश्की महलमा पेश्की पाएको जम्मा रु.३०४३३९०।- देखिन्छ भने फछ्र्यौट महलमा रु.३०९५४९०।- उल्लेख गरेको छ । एक अधिकृतलाई मिति २०७२।१०।११ मा रु.६,००,०००।- पेश्की दिएकोमा ०७२।२।३ बाट रु.६,५२,०००।- पेश्की फछ्र्यौट गरेकोले खुद पेश्की रकम भन्दा रु.५२०००।- बढी फछ्र्यौटमा फरक पर्न गएकोले कारण सहित हिसाव मिलान गर्नु पर्ने देखिन्छ ।

७. **सोधभर्ना**: आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ३५ मा रकम स्विकृती वजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा पर्दछ र खर्च गर्न वाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न र खर्च गर्ने निकासा दिनुपर्ने व्यवस्था छ । अस्पतालले पाटन अस्पताल ललितपुरले लिएको घरको रेखदेख गर्ने एक कर्मचारीलाई ०७२ फागुनदेखि ०७३ आषाढसम्मको रु.४०,०००।- पछि सोधभर्ना लिने गरी तलब भुक्तानी दिएकोमा आर्थिक वर्षको अन्त्य सम्म पनि पाटन अस्पतालबाट सोधभर्ना प्राप्त भएको छैन ।

८. **भुक्तानीमा कर कट्टा:** अस्पताल विकास समितिको मिति २०७२ चैत्र १८ गतेको निर्णय अनुसार अस्पतालको प्रशासनिक विनियमावली पुनर्लेखन कार्य गरे वापत रु.२००००।- पारिश्रमिक भुक्तानी दिने उल्लेख भएकोमा सो कार्य गरेवापत एक अधिवक्तालाई रु.२३५३०।- मा १५ प्रतिशत कर कट्टा गरी रु.२००००।- भुक्तानी गरेको छ । विकास समितिको निर्णय अनुसार रु.२००००।- मा १५ प्रतिशत पारिश्रमिक कर कट्टा गरेर मात्र भुक्तानी गनुपर्नेमा कर रकम रु.३०००।- थप गरी भुक्तानी भएकोले भुक्तानी रकममा रु.३०००।- कर कट्टा गर्नु पर्दछ ।

९. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा सरकारी कामकाजको निमित्त पेश्की लिनुपर्दा कामको विवरण पेश गर्नुपर्ने र आवश्यक पर्ने रकमभन्दा बढी नहने गरी पेश्की दिनुपर्ने उल्लेख छ । कर्मचारीहरुले पेश्कीको लागि दिएको निवेदनको आधारमा कार्यालयले पेश्की उपलब्ध गराएकोमा निजहरुले अस्पतालको लागि औषधी, सर्जिकलका सामान,प्रयोगशालाको सामान,कार्यालय सामान तथा विभिन्न मर्मत कार्यको ज्याला भुक्तानी गरेको विल राखी पेश्की फछ्र्यौट गरेको छ । कार्यालयले कुन कामको लागि कति रकमको आवश्यकता परेको छ भनि विचार नगरी दुई कर्मचारीलाई निवेदनको आधारमा पेश्की उपलब्ध गराएको देखियो । तसर्थ पेश्की दिदां नियमानुसार दिने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखियो । साथै एक कर्मचारीले मिति ७०२।११।२७ मा तालिम संचालन गर्न भनि लिएको पेश्की रु.५५७७२५।- आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नगरेकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

१०. **कर दाखिला:** आयकर ऐन,२०५८ को दफा ९० (४) मा दफा ८७, ८८, वा ८९ बमोजिम कुनै कर कट्टी गरिएको रकम कर कट्टी गर्ने व्यक्तिले पच्चिस दिनभित्र दाखिला गर्नुपर्ने उल्लेख भएको छ ।अस्पतालले विकास समिति तर्फ विभिन्न व्यक्ति ,फर्मबाट कट्टा गरिएको विभिन्न कर रु.११,४५,८९८।- एकमुष्ट रुपमा आर्थिक वर्षको अन्त्यमा मात्र दाखिला गरेको छ । अस्पतालले कट्टा गरिएको कर रकम नियमानुसारको अवधि भित्र नै दाखिला गर्ने गर्नुपर्दछ ।

११. **घरभाडा तथा विद्युत महशुल:** यस हेटौंडा अस्पतालको क्षेत्र भित्र बनेका ३२ वटा सटरकबलहरु भाडामा लगाएवापतको आम्दानी रकम गत विगत देखि नै बक्यौता रहेको र यस वर्षको पनि आम्दानी उठ्न बाँकी देखिएको रकम रु.६८५११५/- असुल गर्नुपर्दछ ।

१२. **नगद मौज्दात फरक** : हेटौंडा अस्पतालको आम्दानी तर्फको श्रेस्ता परिक्षण गर्दा देखिएको प्राप्त भएको आम्दानी मध्ये रु.११,६८,८३८।- नगद आम्दनी गरी रु.१०,८९,४९०।- बैंक दाखिला भई रु.७९,३४७।- नगद मौज्दात आय व्यय विवरणमा देखिनुपर्नेमा अस्पताल विकास समितिले आ.व.२०७२।७३ को अन्तमा आय व्यय विवरणमा नगद मौज्दात भनि रु.५९,७३८।- मात्र देखाएको हुँदा फरक परेको रकम रु.१९६०९।- समेत आम्दानी वांध्नु पर्दछ ।

## क्षेत्रिय कारागार कार्यालय

१. **कारागारको क्षमता:** कारागारको क्षमता २०० रहेकोमा हाल (क) व्लक र (ख) व्लकमा गरी कारागारको क्षमता भन्दा दोव्वर बढी कैदी रहेको पाईयो अत: कारागारको क्षमता भन्दा बढी कैदि राख्नु उपयूक्त देखिंदैन । यस कारागार कार्यालयको ध्यान जानु पर्ने देखियो ।

२. **खरिद योजना:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । कारागारले यस वर्ष सामाजिक सुरक्षा सशर्त खर्चमा रु.२ करोड खर्च गरेको छ । वार्षिक खरिद योजना बनाई कार्यक्रम बमोजिमको खरिद कार्यलाई व्यवस्थित बनाउनु पर्दछ ।

३. **चाडपर्व खर्च:** बजेट खर्च संकेत नं.२७११ सामाजिक सुरक्षा सशर्तबाट ५८८ जना कैदीलाई चाडवार्ड खर्च भनि दशैं खर्च वापत प्रति व्यक्ति रु.३००।– का दरले रु.१,७६,४००।– भुक्तानी दिई खर्च लेखेकोले उक्त खर्च नेपाल सरकार आर्थिक संकेत तथा वर्गीकरण २०६७ अनुकुल देखिएन ।

४. **विल भरपाई:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने उल्लेख छ । पानी विजुली वापतको रु.१ लाख खर्च लेखेकोमा फांटवारी साथ विद्युत महसूलको विल भरपाई बेगर खर्च लेखेको रकमको विद्युत महसूलको विल भरपाई पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्दछ ।

५. **समायोजन:** अभिवृद्धि कर ऐन, २०५२ को दफा १४.१ अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकेको अवस्थामा वाहेक सिलसिलेवार नम्वर सहितको विजक दिनु पर्ने व्यबस्था छ । तर कारागार कार्यालयबाट दुइ सप्लायर्सलाई कपडा खरिद वापतको रु.५६१०००।- भुक्तानी गर्दा व्यवसायीले पेश गरेको विजक नम्वर केरमेट विजक जारी गरी गरी मूल्य अभिबृद्धि कर रु.७२९२९।- समेत भुक्तानी दिएकोले सम्बन्धित आन्तरिक राजश्व कार्यलयबाट समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

६. **रासन खरीद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यबस्था छ । सोही नियमावलीको दफा ९० मा रासन बन्दोवस्तको लागि खरिद सम्झौता हुन नसकेमा तालुक कार्यालयबाट निर्देशन भए बमोजिम गर्ने भन्ने उल्लेख छ । तर कार्यालयले नेपाल खाद्य संस्थान, विरगन्ज पर्साबाट प्रति के.जि. ४३।– मा खरिद गर्ने गरेको चामल एक खाद्य भण्डारबाट २०७२।६।२० मा रु.४५।– मा र २०७२।०७।१० भन्दा पछि रु.५०।– का दरले एक पटकमा रु.३ लाख ननघाई पटक पटक खरिद गरी रु.१७,०८,९५०।– खर्च लेखेको पाईयो ।

७. **जिन्सी व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) मा लिलाम बिक्री गर्नुपर्ने मालसामानहरु ६ महिना भित्र तथा मर्मत गर्नुपर्ने मालसामानहरु ३ महिना भित्र मर्मत गरिसक्नुपर्ने र नियम ४७(४) मा पूरानो मालसामानको मूल्य कायम गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयको २०७२।७३ को जिन्सी मौज्दातको वार्षिक विवरणमा मर्मत हुन नसक्ने भनि उल्लेख भएका सामानहरु लिलाम गरी जिन्सीलाई चुस्त दुरुस्त गराई राख्नु पर्दछ ।

## क्षेत्रीय शिक्षा निर्देशनालय

१. **बिल भरपाई:** कार्यालयले यो वर्ष विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत प्रर्वद्धनात्मक क्रियाकलापका लागि जिल्ला शिक्षा कार्यालय, सिन्धुपाल्चोकलाई मिति २०७३।३।१२ को निर्णयअनसार अनुदान रकम रु.२०१०००।- उपलब्ध गराएकोमा सो खर्च को विल भरपाई पेश भएको छैन ।

२. **पारिश्रमिक कर:** आयकर ऐन, २०५८ को दफा ८ मा कुल कर योग्य आय बाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकि करयोग्य आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नु पर्ने व्यबस्था छ । कार्यालयले यो बर्ष ९ जना पदाधिकारी तथा कर्मचारीलाइ भुक्तानि गरेको पारिश्रमिकमा कर कट्टी नगरेको तथा घटी कर कट्टा गरेको देखियो । घटि दाखिला रकम वा छुट भएको पारिश्रमिक कर रु.३१४०२।- असुल गरी राजस्वमा जम्मा गर्नु पर्ने छ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ८१ कार्यालयहरुको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट, २ कार्यालयहरुको जिल्ला विकास समितिबाट र ३ कार्यालयहरुको सम्बन्धित कार्यालयको तालुक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखा परीक्षण प्रतिवेदन अनुसार ७६ कार्यालयको बेरुजु नदेखिएको जनाएको छ। यस वर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ३० कार्यालय मध्ये निम्न ३ कार्यालयको रु.३५६४९१० बेरुजु बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजु अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नु पर्नेमा बाँबी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नु पर्दछ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | जिल्ला भू-संरक्षण कार्यालय | विभिन्न | खर्च शीर्षक फरक पारी मोटर साइकल खरिद गरेको | सैद्धान्तिक |
| २ | मत्स्य विकास केन्द्र | विभिन्न | दैनिक भत्ताको भरपाई नभएको | ३००० |
| ३ | क्षेत्रिय विउ विजन प्रयोगशाला | विभिन्न | तलबबाट बहाल कर भुक्तानी गरेको | १०८२६० |
| | | | मोविलाइजेशन पेश्की फछ्र्यौट नभएको | ३४२०००० |
| | | | धरौटी नकटाएको | ३३६५० |
| | | | **जम्मा** | **३५६४९१०** |

विश्वनाथ रेग्मी
**नायब महालेखारीक्षक**

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु.लाखमा)

| सि.न. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | सञ्चार केन्द्र | २९२ | १ | १ | ० | २९४ |
| २ | खानेपानी तथा सरसफाई कार्यालय | १६२२ | २ | ७७ | ० | १७०१ |
| ३ | भवन प्रविधि अनुसन्धान तथा तालीम केन्द्र | ५८४ | २ | ३७ | ४६ | ६६९ |
| ४ | हेभी इक्वीपमेन्ट डिभिजन | ३३४ | ११३ | १२८ | ० | ५७५ |
| ५ | यातायात व्यवस्था सेवा कार्यालय | २९ | १३१० | ० | ० | १३३९ |
| ६ | रिजरभ्वायर मत्स्य विकास केन्द्र | ४७ | १ | १ | ० | ४९ |
| ७ | जिल्ला वन कार्यालय | ८३१ | १३४ | ३८ | ४६७ | १४७० |
| ८ | जिल्ला कृषि विकास कार्यालय | ६२७ | ३ | ३ | ४८ | ६८१ |
| ९ | मध्यमाञ्चन क्षेत्रिय वन निर्देशनालय | १७५ | १ | १ | ३ | १८० |
| १० | बाख्रा विकास फार्म | १२४ | २ | ३ | ० | १२९ |
| ११ | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं. ९ | ९९६ | १ | १९ | ० | १०१६ |
| १२ | मध्यमाञ्चल सिचाई विकास डिभिजन | ५५६ | १ | १२ | ० | ५६९ |
| १३ | जिल्ला आयोजना कार्यान्वयन इकाइ | १३५ | १ | ३ | ० | १३९ |
| १४ | क्षेत्रिय कारागार कार्यालय | २३४ | ३ | १ | ० | २३८ |
| १५ | जिल्ला प्रशासन कार्यालय | १७० | ४५५ | ३१ | ३९९८ | ४६५४ |
| १६ | दंगा नियन्त्रण प्रहरीगण | १६४६ | १ | १३ | ० | १६६० |
| १७ | धरान–चतरा–गाईघाट–कटारी–हेटौंडा सडक योजना | १७६४ | ६ | १७७ | ० | १९४७ |
| १८ | जिल्ला प्रहरी कार्यालय | १५३५ | १५७ | १९ | ५० | १७६१ |
| १९ | डिभिजन सडक कार्यालय | ७०४५ | ४५ | ७८८१ | १७८६ | १६७५७ |
| २० | इलाका प्रहरी कार्यालय, भिमफेदी | १२३ | ० | ० | ० | १२३ |
| २१ | इलाका प्रहरी कार्यालय, मनहरी | १५४ | ० | ० | ० | १५४५ |
| २२ | मध्य क्षेत्रीय प्रहरी कार्यालय | ९४३ | ३ | ९ | ४ | ९५९ |
| २३ | मध्य क्षेत्रीय सशस्त्र प्रहरी गण नं. ३ | १५८७ | ० | ४ | ० | १५९१ |
| २४ | महिला तथा बालबालिका कार्यालय | ३६ | १ | २ | ६ | ४५ |
| २५ | राष्ट्रिय अनुसन्धान क्षेत्रिय कार्यालय | ९७ | ४ | ६ | ० | १०७ |
| २६ | घरेलु तथा साना उद्योग कार्यालय | १५४ | ९४ | ८ | ० | २५६ |
| २७ | जिल्ला शिक्षा कार्यालय | १०२८३ | १२७ | १ | १६ | १०४२७ |
| २८ | क्षेत्रीय शिक्षा निर्देशनालय | २७२ | १६० | १ | ० | ४३३ |
| २९ | राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय | ० | ० | ० | १५१५ | १५१५ |
| ३० | बन विज्ञान अध्ययन संस्थान हेटौडा क्या | ० | ० | ० | १०५९ | १०५९ |
| ३१ | बन संकाय, डीनको कार्यालय | ० | ० | ० | ९२४ | ९२४ |
| ३२ | जिल्ला निर्वाचन कार्यालय | ६९ | १ | ७ | ० | ७७ |
| ३३ | मालपोत कार्यालय, | १३१ | ३२६६ | १ | १ | ३३९९ |
| ३४ | जिल्ला सरकारी वकील कार्यालय | ३९ | ० | ० | ० | ३९ |
| ३५ | पुनरावेदन सरकारी वकील कार्यालय | १४१ | १ | ४ | ० | १४६ |
| ३६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, | ५१२ | १ | १८ | ० | ५३१ |
| ३७ | मकवानपुर जिल्ला अदालत | ३११ | ४७८ | ५२७ | ३ | १३१९ |
| ३८ | पुनरावेदन अदालत हेटौडा | ५५९ | १७ | २२१ | ० | ७९७ |
| ३९ | जिल्ला प्राविधिक कार्यालय | ८४ | १ | ६ | ० | ९१ |
| ४० | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | २२३६८ | २२३६८ |
| ४१ | स्थानिय विकास कोषको सचिवालय | ० | ० | ० | ० | ० |
| ४२ | मध्यमान्चल क्षेत्रीय मेडिकल स्टोर | ६८ | ० | १ | ० | ६९ |
| ४३ | किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द | १६७ | १ | १ | ११ | १८० |
| ४४ | मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय | ३३९ | २६ | २ | १९ | ३८६ |
| ४५ | जिल्ला जनस्वास्थ्य कार्यालय | ११५६ | ६ | ६ | ० | ११६८ |
| ४६ | हेटौडा अस्पताल | ४५९ | २४ | १ | ३९९ | ८८३ |
| ४७ | तथ्याङ्क कार्यालय | १०३ | ० | ७ | ० | ११० |
| ४८ | आन्तरिक राजश्व कार्यालय | १६३ | १९२५१ | ५७ | ६६ | १९५३७ |
| ४९ | मध्यपृतना हेडक्वाटर, सुपारेटार व्यारेक | ८५७ | ६ | २८ | ० | ८९१ |

| सि.न. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| ५० | नं ७ बाहनी अड्डा चनवन व्यारेक | ११४८ | १ | २३ | ० | ११७२ |
| ५१ | नयां सबुज गण सुपारेटार | २१३८ | १ | २८ | ० | २१६७ |
| ५२ | अजयदल गुल्म, सुपारेटार व्यारेक | ६७९ | ० | ७ | ० | ६८६ |
| ५३ | नं. ७ फिल्ड एम्बुलेन्स गुल्म, सुपारेटार | १९० | १ | १ | ० | १९२ |
| ५४ | मध्यपृतना कारखाना | १८९ | १ | १ | ० | १९१ |
| ५५ | मध्यपृतना स्थपति सेवा, सुपारेटार व्यारेक | २३६ | १ | १ | ० | २३८ |
| ५६ | कालीशक्ति गण (ई) ,भैंस | २०१८ | १ | १७ | ० | २०३६ |
| | जम्मा | ४४१५१ | २५७१३ | ९४४१ | ३२७८९ | ११३४८५ |

**लेखापरीक्षण विधिः आन्तरिक लेखापरीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु.लाखमा)

| सि.न. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला पशु सेवा कार्यालय | ३६८ | १ | २ | १७ | ३८८ |
| २. | मत्स्य विकास केन्द्र | १८९ | ३६ | ७ | ४ | २३६ |
| ३. | क्षेत्रिय विउ विजन प्रयोगशाला | ११७ | १३ | १ | १ | १३२ |
| ४. | क्षेत्रिय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय | १४८ | १३ | १ | ० | १६२ |
| ५. | शितोष्ण वागवानी नर्सरी केन्द्र | ११९ | ८ | ४ | ० | १३१ |
| ६. | क्षेत्रिय माटो परीक्षण प्रयोगशाला | १०० | २ | १ | ० | १०३ |
| ७. | ईलाका प्रहरी कार्यालय पालुङ | २५६ | ० | ० | ० | २५६ |
| ८. | ईलाका प्रहरी कार्यालय फापरबारी | १९१ | ० | ० | ० | १९१ |
| ९. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५८ | १ | ० | ० | ५९ |
| १०. | ईलाका प्रहरी कार्यालय ठिंगन | ९६ | १ | ० | ० | ९७ |
| ११. | राष्ट्रिय अनुसन्धान विभाग तालिम केन्द्र | ६५ | १ | १ | ० | ६७ |
| १२. | जिल्ल भु संरक्षण कार्यालय | ५८९ | ० | १ | १४ | ६०४ |
| १३. | जिल्ला वनस्पति कार्यालय | १७५ | १ | ४ | ० | १८० |
| १४. | डिभीजन सहकारी कार्यालय | ६४ | १ | ० | ० | ६५ |
| १५. | जिल्ला हुलाक कार्यालय | ३१८ | ३२ | २ | १ | ३५३ |
| १६. | श्रम कार्यालय | ३९ | १४३ | ० | १ | १८३ |
| १७. | नारायणी अंचल आयुर्वेदीक औषधालय | ६७ | ० | १ | ३ | ७१ |
| १८. | मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय | १५६ | २०० | २ | १८ | ३७६ |
| १९. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ९९ | १ | १ | २३ | १२४ |
| २०. | राष्ट्रिय ग्रामिण यातायात सुदृढिकरण कार्यक्रम आयोजना | १७० | ० | १ | ० | १७१ |
| २१. | व्यवसायिक प्रशिक्षण तथा सीप विकास तालिम केन्द्र | १५५ | १ | २ | २ | १६० |
| २२. | मध्यपृतना तालिम शिक्षालय | ३९९ | १ | ५ | ० | ४०५ |
| २३. | नेपाल भारत मैत्री बहु प्राविधिक संस्था | ० | ० | ० | ३० | ३० |
| २४. | प्रतिविद्रोह तथा जंगलवारफेयर शिक्षालय | ६०५ | १ | १३ | ० | ६१९ |
| २५. | बहुउद्देश्य प्लाष्टिक उद्योग कार्यालय | ४९५ | १ | ८ | ० | ५०४ |
| २६. | क्युबेक व्याट्री (नं. १ राजदल गण) | २४२ | १ | ३ | ० | २४६ |
| २७. | नं. १ जगदल गण सुनाचुरी | २७ | ० | १ | ० | २७ |
| २८. | सुनाचुरी इंमल्सन प्लाण्ट | ९९ | ० | ० | ० | ९९ |
| २९. | लोक सेवा आयोग हेटौंडा | १३१ | ९२ | १ | ० | २२४ |
| ३०. | नापी कार्यालय | १६० | ४८ | ५ | ३ | २१६ |
| | जम्मा | ५६९५ | ५९५ | ६८ | ११४ | ६४७२ |
| | कुल जम्मा | ४९८४६ | २६३०८ | ९५०९ | ३२९०३ | ११९९५७ |

अनुसूची २

# बेरुजुको स्थिति

(रु.हजारमा)

| सि.न | कार्यालयको नाम | सुरु बेरुजु | | प्रतिकृयाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| १ | पुनरावेदन अदालत हेटौडा | ९ | ३७९ | २ | १० | ७ | ५३ | ३१६ | ० | ३६९ | ० | ० | ० |
| २ | मकवानपुर जिल्ला अदालत | ६ | ६९ | ४ | ० | २ | ६९ | ० | ० | ६९ | ० | ० | ० |
| ३ | पुनरावेदन सरकारी वकील कार्यालय | ६ | ० | ४ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | जिल्ला सरकारी वकील कार्यालय | २ | ३१८ | १ | ० | १ | १६४ | १५४ | ० | ३१८ | ० | ० | ० |
| ५ | जिल्ला निर्वाचन कार्यालय | ३ | ० | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | अजयदल गुल्म, सुपारेटार व्यारेक | २ | ४० | १ | ० | १ | ० | ४० | ० | ४० | ० | ० | ० |
| ७ | आन्तरिक राजश्व कार्यालय | १०० | ४५९५७ | ८१ | १२८४ | १९ | ४२४०८ | २२६५ | ० | ४४६७३ | ० | ० | ० |
| ८ | कालीशक्ति गण (ई) ,भैंस | ३ | ८० | १ | ० | २ | ० | ८० | ० | ८० | ० | ० | ० |
| ९ | किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द | १४ | ५७ | ९ | २७ | ५ | ० | ३० | ० | ३० | ६ | ० | ६ |
| १० | बन संकाय, डीनको कार्यालय | १५ | ९८० | ९ | ० | ६ | ४ | ९७६ | ० | ९८० | ० | ० | ० |
| ११ | खानेपानी तथा सरसफाई कार्यालय | ३९ | १२१२२ | ८ | ० | ३१ | ९ | १८२८ | १०२८४ | १२१२२ | ० | ० | ० |
| १२ | घरेलु तथा साना उद्योग कार्यालय | ४ | ३१ | ३ | ३१ | १ | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | २४ | २६९४ | ३ | ० | २१ | १५८६ | ११०८ | ० | २६९४ | ० | ० | ० |
| १४ | जिल्ला प्रशासन कार्यालय | ६ | ७४०३ | ० | ० | ६ | ३ | ७४०० | ० | ७४०३ | ० | ० | ० |
| १५ | जिल्ला प्रहरी कार्यालय | ९ | ४८३८ | ३ | ० | ६ | ० | ० | ४८३८ | ४८३८ | ० | ० | ० |
| १६ | जिल्ला कृषि विकास कार्यालय | ३४ | ५०७ | ७ | ० | २७ | ३१२ | १९५ | ० | ५०७ | ० | ० | ० |
| १७ | जिल्ला वन कार्यालय | ५३ | ३३४५ | ६ | ० | ४७ | ७२१ | २५९२ | ३२ | ३३४५ | ० | ० | ० |
| १८ | जिल्ला जनस्वास्थ्य कार्यालय | १६ | ३ | १२ | ० | ४ | ३ | ० | ० | ३ | ६ | ० | ६ |
| १९ | जिल्ला विकास समितिको कार्यालय | ८१ | ४४९९० | ३७ | ० | ४४ | ८१८ | २०१०७ | २४०६५ | ४४९९० | २६६६ | ० | २६६६ |
| २० | जिल्ला शिक्षा कार्यालय | १० | ४३००७ | ३ | ० | ७ | २९५ | ४२७१२ | ० | ४३००७ | १२३२ | ० | १२३२ |
| २१ | तथ्याङ्क कार्यालय | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २२ | डिभिजन सडक कार्यालय | ७२ | ३२६५४७ | ३२ | ० | ४० | १७१ | १३८७२२ | १८७६५४ | ३२६५४७ | ० | ० | ० |
| २३ | धरान–चतरा–गाईघाट–कटारी–हेटौंडा सडक योजना | ५२ | ५२३६२ | २८ | ० | २४ | ० | ७०४३ | ४५३१९ | ५२३६२ | ० | ० | ० |
| २४ | नयां सबुज गण सुपारेटार | ७ | ८० | ३ | ० | ४ | ० | ८० | ० | ८० | ० | ० | ० |
| २५ | नं ७ बाहिनी अड्डा चनवन व्यारेक | ६ | १०० | ५ | ० | १ | ० | १०० | ० | १०० | ० | ० | ० |
| २६ | बन विज्ञान अध्ययन संस्थान हेटौडा क्या | ९ | २५८८ | ८ | ० | १ | ० | २५८८ | ० | २५८८ | ० | ० | ० |
| २७ | भवन प्रविधि अनुसन्धान तथा तालीम केन्द्र | २७ | ३१४९ | ९ | ० | १८ | ५१ | ९८ | ३००० | ३१४९ | २३ | ० | २३ |
| २८ | मध्यमाञ्चन क्षेत्रिय वन निर्देशनालय | ४ | ० | १ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| २९ | मध्यपृतना स्थपति सेवा, सुपारेटार व्यारेक | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |

| सि.न | कार्यालयको नाम | सुरु बेरुजु | | प्रतिकृयाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| ३० | मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय | १३ | ७० | ६ | ० | ७ | ७० | ० | ० | ७० | ० | ० | ० |
| ३१ | मध्यपृतना हेडक्वाटर, सुपारेटार व्यारेक | ४ | ६० | २ | ० | २ | ० | ६० | ० | ६० | ० | ० | ० |
| ३२ | मध्यमान्चल क्षेत्रीय मेडिकल स्टोर | ७ | १४८ | ५ | १४८ | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ३३ | महिला तथा बालबालिका कार्यालय | ५ | ० | १ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| ३४ | मालपोत कार्यालय, | २ | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ३५ | सञ्चार केन्द्र | ८ | २९१ | १ | ० | ७ | १३ | २७८ | ० | २९१ | ० | ० | ० |
| ३६ | सिचाई विकास डिभिजन | २४ | १०२१ | ६ | ० | १८ | ० | ० | २०२१ | १०२१ | ० | ० | ० |
| ३७ | हेभी इक्वीपमेन्ट डिभिजन | ६ | ० | १ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| ३८ | हेटौडा अस्पताल | १७ | १६४२ | ५ | ८८३ | १२ | ६९९ | ६० | ० | ७५९ | ५७ | ० | ५७ |
| ३९ | क्षेत्रिय कारागार कार्यालय | ७ | ३४९ | ० | ० | ७ | ० | ३४९ | ० | ३४९ | ० | ० | ० |
| ४० | क्षेत्रीय शिक्षा निर्देशनालय | ६ | २३२ | ४ | २५ | २ | ६ | २०१ | ० | २०७ | ० | ० | ० |
| ४१ | जिल्ला भु संरक्षण कार्यालय | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ४२ | मत्स्य विकास केन्द्र | ३ | ६८८ | २ | ६८५ | १ | ० | ३ | ० | ३ | ० | ० | ० |
| ४३ | क्षेत्रिय विउ विजन प्रयोगशाला | ३ | ३५२८ | ० | ० | ३ | ० | ३५२८ | ० | ३५२८ | ० | ० | ० |
| ४४ | जिल्ला प्राविधिक कार्यालय | ४ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४५ | नं. ७ फिल्ड एम्बुलेन्स गुल्म, सुपारेटार | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **७२६** | **५५९२९६** | **३२१** | **३०९३** | **४०५** | **४७४५५** | **२३२९१३** | **२७७२१३** | **५५६५८२** | **३९९०** | **०** | **३९९०** |

द्रष्टव्य:

- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकिकृत आय व्यय विवरण

| आय | रकम रु | व्यय | रकम रु |
|---|---|---|---|
| **१. गत सालको जिम्मेवारी** | १३८८५६२४३ | | |
| **२. नेपाल सरकार अनुदान** | ५७१५५९८२० | **१. बजेट खर्च नेपाल सरकार अनुदान** | ५७१५५९८२० |
| **३. आन्तरिक श्रोत** | १४०६९२५०३ | **२.बजेट खर्च आन्तरिक** | १७६४५५६६१ |
| **४. अन्य श्रोत**<br>क.कन्टीन्जेन्सी रु ५२८९२९५<br>ख. सडक बोर्ड नेपाल रु ३०७९२०१<br>ग.ऊर्जा तथा बातावरण रु ५३०३६४३<br>३. भारतीय सहयोग रु १२४३००८<br>ङ.कर्मचारी कल्याण कोष रु २२१८६४७<br>च.प्रकोप ब्यवस्थापन रु ९८४९००००<br>५.भुकम्प राहत सा.सु.युनिसेफ रु ६८४३००००<br>ज.भुकम्प प्र.आ.लगत सङ्कलन रु ७४९५१००<br>झ.भुकम्प वालबालिका भत्ता रु १५९०४८४१५<br>ञ.दलित समुदाय शौचालय रु ३०००००<br>६.नेपाल पर्यटन बोर्ड रु १०००००० | ३५१८९७३०९ | **३.अन्य श्रोत**<br>क.कन्टीन्जेन्सी रु ४४२९२३३<br>ख.सडक बोर्ड नेपाल रु २८६६९१६<br>ग. ऊर्जा तथा बातावरण रु ३५५७५३३<br>घ.भारतीय सहयोग रु २३६३७३२<br>ङ.कर्मचारी कल्याण कोष रु ७३६६००<br>च.प्रकोप ब्यवस्थापन रु ९८५३७३५०<br>५.भुकम्प राहत सा.सु.युनिसेफ रु ६८४३००००<br>ज.भुकम्प प्र.आ.लगत सङ्कलन रु ७१५२७२४<br>झ.भुकम्प वालबालिका भत्ता रु १५८०३६०६२<br>ञ.दलित समुदाय शौचालय रु ३०००००<br>६.नेपाल पर्यटन बोर्ड रु ९९९५३०<br>७.खुल्ला दिशामुक्त र सरसफाई प्लान रु १३८४६७ | ३४७५४८१४८ |
| | | **५. धरौटी खर्च** | ९३०९४२.०७ |
| **५. धरौटी** | ७६११७५८२ | **६.मौज्दात** | १८२६२८८८७ |
| जम्मा | १२७९१२३४५८ | जम्मा | १२७९१२३४५८ |

अनुसूची ४

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं | कार्यालयको नाम | कार्यालय प्रमुख | आर्थिक प्रशासन प्रमुख |
|---|---|---|---|
| १ | घरेलु तथा साना उद्योग कार्यालय | श्री पुष्कर भट्टराई | श्री अमला अर्याल |
| २ | जिल्ला शिक्षा कार्यालय | श्री अम्बिकाप्रसाद आचाय | श्री महेन्द्र बहादुर खड्का |
| ३ | क्षेत्रीय शिक्षा निर्देशनालय | श्री दिनेश कुमार श्रेष्ठ | श्री राधाकृष्ण श्रेष्ठ |
| ४ | राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय | श्री जनार्दन बास्तोला | श्री सीता सिवाकोटी |
| ५ | बन विज्ञान अध्ययन संस्थान हेटौडा क्या | श्री मोहमद युसुव अन्सारी | श्री महेश्वर मान श्रेष्ठ |
| ६ | बन संकाय, डीनको कार्यालय | श्री रमेशकुमार पाण्डेय | श्री रविन्द्र कुमार तिवारी |
| ७ | जिल्ला निर्वाचन कार्यालय | श्री गोबिन्द प्रसाद पौडेल | श्री गोबिन्द प्रसाद पौडेल |
| ८ | मालपोत कार्यालय, | श्री पुरन गिरी | श्री नरबहादुर पाखिन |
| ९ | जिल्ला सरकारी वकील कार्यालय | श्री यामबहादुर बानिया | श्री यादव भण्डारी |
| १० | पुनरावेदन सरकारी वकील कार्यालय | डा.श्री गोपीचन्द्र भट्टराइ | श्री शैली श्रेष्ठ |
| ११ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, | श्रीडुल्लु राज बस्नेत | श्री चिन्तामणि न्यौपाने |
| १२ | मकवानपुर जिल्ला अदालत | श्री अनन्तराज मरासिनी | श्री बद्री गुरागाई |
| १३ | पुनरावेदन अदालत हेटौडा | श्री रोशककुमार भट्टराई | श्री टंकप्रसाद नेपाल |
| १४ | जिल्ला प्राविधिक  कार्यालय | श्री निर्मलकुमार प्याकुर्‍याल | श्री सुनिल ढकाल |
| १५ | जिल्ला विकास समितिको कार्यालय | श्री लक्ष्मण विक्रम थापा | श्री शम्भु प्रसाद बर्तौला |
| १६ | स्थानिय विकास कोष | श्री लक्ष्मण विक्रम थापा | श्री शम्भु प्रसाद बर्तौला |
| १७ | मध्यमान्चल क्षेत्रीय मेडिकल स्टोर | श्री रमण झा | श्री लक्ष्मण कर्माचार्य |
| १८ | किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द | डा.श्री विश्वराज खनाल | श्री हेमन्तराज कोइराला |
| १९ | मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय | डा.श्री रमेशविक्रम सिंह | श्री नेत्रनरसिंह काकी |
| २० | जिल्ला जनस्वास्थ्य कार्यालय | श्री दिपकप्रसाद तिवारी | श्री सूर्यमणि सूवेदी |
| २१ | हेटौडा अस्पताल | डा. श्री सर्वेश शर्मा | श्री मधुकुमार ढुंगाना |
| २२ | तथ्याङ्क कार्यालय | श्री नवराज पौडेल | श्री गोकर्णप्रसाद बर्तौला |
| २३ | आन्तरिक राजश्व कार्यालय | श्री जीवनकुमार घिमिरे | श्री गुणराज ढकाल |
| २४ | मध्यपृतना हेडक्वाटर, सुपारेटार व्यारेक | श्री देवकुमार सुवेदी | श्री दीपेन्द्र बिष्ट |
| २५ | नं ७ बाहनी अड्डा चनवन व्यारेक | श्री गणेश बहादुर काकी | श्री एकराज दाहाल |
| २६ | नयां सबुज गण सुपारेटार | श्री अमर सिंह थापा | श्री ऋषुदेव बुढाथोकी |
| २७ | अजयदल गुल्म, सुपारेटार व्यारेक | श्री भाईकाजी थापा | श्री लुकेश्वर ठाकुर |
| २८ | नं. ७ फिल्ड एम्बुलेन्स गुल्म, सुपारेटार | डा.श्री साक्षात्कार विष्ट | श्रीकल्पना खरेल |
| २९ | मध्यपृतना कारखाना | श्री मोहनसिंह रानामगर | श्री रोशन कार्की |
| ३० | मध्यपृतना स्थपति सेवा, सुपारेटार व्यारेक | श्री तुलसीप्रसाद लामिछाने | श्री खेमराज लुइटेल |
| ३१ | कालीशक्ति गण (ई) ,भैंस | श्री सुशिलकुमार सिंह | श्री न्हुछेकुमार सैजु |
| ३२ | जिल्ला वन कार्यालय, मकवानपुर | श्री राजेन्द्र न्यौपाने | श्री सरोज ढकाल |
| ३३ | भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द | श्री सुदिप आचार्य | श्री रामचन्द्र खनाल |
| ३४ | जिल्ला प्रशासन कार्यालय | श्री  डा. मान बहादुर वि. के. | श्री राम पुडासैनी |
| ३५ | क्षेत्रिय कारागार कार्यालय | श्री महेन्द्रसिं खड्का | श्री अर्जुन दाहाल |
| ३६ | बाखा विकास फम | श्री मेघराज ढकाल | श्री रामचन्द्र श्रेष्ठ |
| ३७ | दंगा नियन्त्रण प्रहरीगण | श्री नवराज भट्ट | श्री उमेश कु.थापा |
| ३८ | धरान–चतरा–गाईघाट–सिन्धुली–हेटौंडा सडक योजना | श्री जितेन्द्र शाक्य | श्री मोहदत्त सापकोटा |
| ३९ | जिल्ला प्रहरी कार्यालय | श्री मीरा चौधरी | श्री नुमबहादुर पुन |
| ४० | डिभिजन सडक कार्यालय | श्री कमलेश कुमार कर्ण | श्री रमेश घिमिरे |
| ४१ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री सुरेश महाजु | श्री अर्जुन प्रसाद ढकाल |
| ४२ | हेभि ईक्वीप्मेण्ट डिभिजन | श्री जयमंल राय | श्री सोभा पोखरेल |
| ४३ | इलाका प्रहरी कार्यालय, भिमफेदी | श्री बासुदेव थापा | श्री नन्द कुमार महर्जन |
| ४४ | इलाका प्रहरी कार्यालय, मनहरी | श्री मनोजित कुँवर | श्री दिपेन्द्र भट्ट |
| ४५ | सिंचाई विकास डिभिजन | श्री विष्णुदेव यादव | श्री देवराज ढकाल |

| सि.नं | कार्यालयको नाम | कार्यालय प्रमुख | आर्थिक प्रशासन प्रमुख |
|---|---|---|---|
| ४६ | जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं. ९, | श्री आनन्द प्रकाश धामी | श्रीराम पुडासैनी |
| ४७ | जिल्ला कृषि विकास कार्यालय | श्री निर्मल गदाल | श्री समिर दाहाल |
| ४८ | मध्यामाञ्चल क्षेत्रीय वन निर्देशनालय | श्री अखिलेश्वरलाल कर्ण | श्री तारानाथ गौतम |
| ४९ | मध्य क्षेत्रीय प्रहरी कार्यालय | श्री पशुपति उपाध्याय | श्री सन्तोष पाठक |
| ५० | मध्य क्षेत्रीय सशस्त्र प्रहरी गण नं.३ | श्री सुदिप राजभण्डारी | श्री जनक बहादुर बस्नेत |
| ५१ | महिला तथा बालबालिका कार्यालय | श्री शोभा शाह | श्री केशव कुमार अधिकारी |
| ५२ | राष्ट्रिय अनुसन्धान क्षेत्रिय कार्यालय | श्री अली असगर हुसैन | श्री भास्कर आचार्य |
| ५२ | रिजरभ्वायर मत्स्य विकास केन्द | श्री विष्णु बहादुर सिलवाल | श्री रामचन्द्र श्रेष्ठ |
| ५४ | र्सचार केन्द्र | श्री दिलिप श्रेष्ठ | श्री भारती अधिकारी |
| ५५ | वडा प्रहरी कार्यालय, सानो पोखरा, | श्री हरि ओभ्रा | श्री लक्ष्मण रिजाल |
| ५६ | यातायात व्यवस्था सेवा केन्द | श्री वासुदेव खतिवडा | श्री डोर वहादुर खड्का |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np